# प्राचीन नेपाल

पुरातत्त्व विभागको द्वैमासिक मुखपत्र

# ANCIENT NEPAL

## Journal of the Department of Archaeology

संख्या ७८
कार्तिक—मंसीर २०४०

Number 78
October-November 1983

सम्पादक
जनकलाल शर्मा

Edited by
**Janak Lal Sharma**

प्रकाशक
श्री ५ को सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्त्व विभाग
काठमाडौं, नेपाल

**Published by**
The Department of Archaeology
His Majesty's Government
Kathmandu, Nepal

प्राप्ति स्थान:–
साझा प्रकाशन
पुलचोक, ललितपुर
नेपाल ।

To be had of:-
Sajha Prakashan
Pulchok, Lalitpur
Nepal.

मूल्य रु. १०।–

Price Rs. 10/-

Printed at Matribhoomi Press, Ghantaghar

# प्राचीन नेपाल

संख्या ७८

कार्तिक–मंसीर २०४०

# Ancient Nepal

Number 78

October–November 1983


सम्पादक

**जनकलाल शर्मा**

Editor

**Janak Lal Sharma**

# विषय-सूची
# Contents


| | | Page |
|---|---|---|
| A Report On Preliminary Investigating Of The Structural...... | – *John Sanday* | *1* |
| Nepal | – *Sylvain Levi* | 5 |
| **नेपाली खण्ड** | | **पृष्ठ** |
| वली-अह्द त्रैलोक्य वीर विक्रमका महारानीहरू र रणोद्दीपसिंहको तीर्थयात्रा | – ज्ञानमणि नेपाल | १ |
| आगामी आकर्षण | | १२ |
| डोटी र डँडेलधुराको ऐतिहासिक सर्वेक्षण-प्रतिवेदन | – शङ्करमान राजवंशी<br>– बच्चुराम शर्मा दाहाल<br>– गंगाप्रसाद चालिसे<br>– धर्मरत्न बज्राचार्य | १७ |
| कठजोर तिल्पुंगका ऐतिहासिक रसिद र तमसुक | – भूपहरि पौडेल | ३६ |
| वास्तुलक्षण | – शङ्करमान राजवंशी | ३८ |
| ऐतिहासिक पत्रस्तम्भ | | ४८ |

# A Report On Preliminary Investigating Of The Structural Condition Of The Chandeshwari Temple–Banepa–Nepal

(July 1983)

— John Sanday

## Introduction

At the request of the Department of Archaeology of His Majesty's Government of Nepal, I was asked to assist in the preparation of the cost estimate for the structural repair and rehabilitation of the Chandeshwari temple in Banepa.

This report outlines a brief historical background of the Chandeshwari temple followed by its description and some recommendations. The drawings which go along with this report have been prepared after several site visits during the months April and May 1983, but are still uncompleted due to the complexity of the temple.

## Historical Background

Although no references have been found on the origin or history of the temple precinct, it is supposed that the temple of Chandeshwari was founded during the 17th century A. D. but since then has undergone several alternations and repairs, especially during the last century. According to a legend, the temple was built in thanks givings to the goddess *Chagdhonubika Bhagvati*. At one time the gods were being harassed by the demon *Chand*, because *Vishnu*, their protector, had journeyed to the Doladri Hills to obtain salvation from a curse. The gods asked *Bhrama* for advice and they were told to go to the *Ratna Chandan Forest* near Banepa where *Chagdhonubika Bhagvati* lived under a huge tree. They asked for her help and she killed the demon with her trident on the day of *Baisakh-Purnima*. After this, the location became known as *Chandeshwari*, the site where the demon Chand was slayed. As an offering of thanks the temple was dedicated to her and every year a festival is held on Baisakh-Purnima in memory of this event. On that day a chariot procession with the

implements from the *Chandeshwari Dvochhen* processes along the pathway from the temple to Banepa and back.

## Situation

Chandeshwari is a temple precinct with some adjacent buildings which, together, form a monument of considerable charm. The group is approached from Banepa town along a stone paved pathway that runs roughly North-east along through farm land and rice fields. There is a fine view of the whole monument zone from a considerable distance around. The site is located on the right bank of a steeply sloping gorge, the opposite bank is well wooded. A stream, cascading down the gorge forms small pools between the rocks at the foot of the temple precinct proper. Below the temple are three ghats, a spring and various small sanctuaries including on dedicated to Hanuman. From these loosely but sensitively placed buildings and sculptures there are fine views up-towards the temple area which is accessible through a small gate at the top of a steeply ascending path.

The main entrance, guarded by lions is at the end of the paved path which comes from the South-west through the little hamlet of Chandeshwari. In front of the gate is an open area with a *pathi* on the left side, a recently restored pond and several other features which mark it as an zone of protection. There are a number of buildings located on either side of the pathway however they are mostly settled on the Northern side. A structure of interest is the *Chandeshwari Dyochhen* which is important because it houses the ceremonial implements used during the annual procession of the Chandeshwari divinity to nearby Banepa and back. This God-house has recently been preserved against further dilapidation by the local people from Banepa and Chandeshwari.

The temple precinct proper is an irregular rectangle which is enclosed on all sides. Adjoining it on the West is a walled garden that stretches down the hill towards the ghats. The North and East boundaries are formed by a brick building which was recently completed with open rooms on the ground floor, serving as a pathi - some of which are used for meetings and pujas - and with open terraces on the upper floor. From the North-east corner of the courtyard there is access to this roof terrace and the path from here leads to the stream down the hill. In the South-east corner is a rather dilapidated two storeyed brick house. A ruined brick wall completes the enclosure on the Southern side.

## General Description

Within the temple precinct, in front of the main entrance, a brick *granthakut* dedicated to *Chandeshwari Mahadev* was erected in the 18th A. D. This temple which houses the image of *Chandeshwari* - in reality *Shiva*, the master of the slayer *Chand* - can be recognised by the image of *Shivas's* vehicle, *Nandi* the bull who faces the entrance. A wooden *torana* over the entrance contains the image of *Nriteshwar* and inside the temple a *Shiva-linga* is worshipped daily.

The Chandeshwari temple itself stands further more to the South of the brickpaved courtyard. It is a three tiered temple with a lion and a peacock on a column in front of the main entrance. The *torana* over the doorway is richly carved and contains several gilded sculptures. On each side of the entrance there is a small niche housing a protective divinity.

All the walls on the ground floor have been recently covered with white glazed tiles. Encircling the temple, except for the Southern side and part of the Eastern side, are rows of votive oil-lamps set on a wooden frame at about 90cm above plinth level. On the Western wall is a multi-coloured fresco of *Bhairab* which is repainted each year for the festival.

Within the sanctum of the temple is a free standing image of the Goddess *Parvati* wearing rich silver ornaments. On the other remaining walls several other clay statues are also worshipped.

Most of the windows are finely carved and contain carved heads of different divinities. The carved struts are of special quality and represent the images of the *Ashtamatrikas* and the *Ashtabhairabs*. The two lower roofs are covered with the original rooftiles (*Jhingati*), while the upper roof is probably gilded copper with bells hanging from the eaves. This roof is capped with a gilded *Gajur*.

## Repair Recommendations

Since the architectural quality of the main temple within its confined compound is greatly enhanced by the natural beauty of the setting, both are to be protected. The protection area is thus to include the small hamlet, the ghatside along the nearby river and the ceremonial path from Banepa as essential elements.

Before any repair on the temple of Chandeshwari is started, a more detailed analysis of the structure is required. The inner structure has to be opened up and a foundation research is to be carried out in order to check the real cause of the settlement. The roof structure has to be renewed and lightened. The traditional rooftiles (Jinghati) will be laid in the traditional manner in a bed of clay, but following the special techniques set out in the conservation handbook from Mr. John Sanday.

The one storeyed addition, which enlarges the sanctum to the East needs another roof in order to match with the adjacent wall of the temple. The woodcarving of both windows and struts will be cleaned of paint and grime, repaired where necessary and treated against fungal and beetle attack. The facing brickwork needs to be cleaned and repaired and any defective bricks will be replaced with new matching bricks.

The multi-coloured fresco needs careful repair. The clay on which the fresco is painted is being pushed away from the wall and needs to be repaired. A damp-proof course at the bottom of the fresco will prevent further rising damp.

## Present Condition

The Chandeshwari temple is undoubtably a temple of considerable distinction not only because of its religious importance, but also for its historical and architectural value. However, in its present state of disrepair and neglect, it is hard to visualise the quality of workmanship and its former grandeur. Most of the finely carved windows and struts as well as the brickwork are hidden under layers of paint and dust which has accumulated over the several decades.

However a problem that is far more serious is the severe distoration in the structure which was probably due to earthquake disturbance and subsequent movement along the Southern wall and lateral thrust caused by the heavy roofs. Although the temple was

probably built on solid rock foundations - the sub stata is very rocky strewn - it is possible that the gorge may also have contributed to the movement of the temple.

It is fairly certain that the Eastern single storeyed addition was added after the completion of the temple, probably to enlarge the sanctum. This addition however, takes part of the inner structure without any recognizable alternation in order to hold up the upper structure.


Inside the temple, the two upper roofs are supported off all very complex but weak timber structure, that has been propped in an apparently temporary manner - by two thin long posts.

Later this century the fine traditional glazed bricks on the outer walls of the ground-floor were covered with white glazed tiles.

On the South side, the roof structure is in a very bad state of repair, due to structural movement and several leaks in the roof.

The multi-coloured fresco which is painted on a layer of plaster, is been pushed off the wall at the top while at the bottom due to rising damp and the leak of a plinth, the paint is been washed away.


On the Southern side of the temple, the ground is slowly sliding down hill due to the ruined condition of the retaining wall.




*View from the South showing the single storied addition*




*Entrance to the Chandeshwari Temple*



*Giant mural of Bhairab on the Eastern wall*



*Main entrance to the temple precinct — 1975 A. D.*



***New entrance and surrounding building***

# NEPAL

(Continued)

— Sylvain Levi

This letter dated in the last days of Prithi Narayan exposes well to the light an essential aspect of his character; the hatred and distrust of the European: he carried his suspicion even to the very goods from Europe which he refused to pass through his territory. He feared to see the merchant following the merchandise from close. Prithi Narayan died at Mohan Tirtha, on the Gandaki, in the fisrt day of 1775; three of his wives and two of his concubines ascended the pyre.[1]

His successor was his son, Simha Pratap Sah who reigned three years[2] (1775-1778). Simha Pratap showed himself more generous towards the gods as his father, who during the whole of his life made only one gift to Pashupati. He engaged himself to offer in sacrifice to Guhyecvari, patroness of Nepal, 1,25.000 animals. He also honoured the goddess Tulaja; lastly he had conveyed to the darbar; the linga of Nayakot. He loved to dwell in the Tarai in the winter season and preoccupied himself to ameliorate this very neglected portion of his domains.[3] At his death he left as heir a child in the cradle, Rana Bahadur Sah. The disastrous administration of long minorities and regencies fought for at the dagger's point began with the grand-son of Prithi Narayan to continue henceforth uninterruptedly. Father Ginseppe, who wrote his memorandum on Nepel at the moment when the first rivalries of the court broke out after the death of Pratap Simha and who would not forgive the Gurkhas for the expulsion of the Franciscan missionaries, saw with a badly contained joy peep already the divine vengeance. 'Perhaps, the vow Prithi Narayan did not fear to violate (the vow made to the nobles of Patan and that punished, in case of perjury, the king and five generations behind him, to the fires of hell) will have its effect with time." If his life had been prolonged by a miracle, Father Ginseppe could have congratulated providence on its punctuality in the retribution of faults.

The younger brother of Pratap Simha Sah, Bahadur Sah, who was then living at Bettia, on the British territory, on the boundary of Nepal with his uncle Dala Mardana Sah, the ancient king of Patan, hastened to reach Kathmandu to take

possession of his regercy. He was an active and enterprising prince, but he found in opposition to him an adversary of his calibre, queen Rajendra Laxmi, mother of the young king, who claimed to exercise the power in the name of her son. From this moment until the death of the queen in 1795 the two rivals fought stubbornly interrupted with short reconciliations and marked in each fresh outburst by a series of massacres. The victor struck pitilessely on the partisans of the vanquished. A secret marriage, concluded so they say, between the queen and the regent and the inspired on both sides by the same ambition, did not bring any respite to the hostilities.

However, the impetus given to the Gurkhas by Prithi Narayan had not yet slowed down. The new administration did not lack in forces or men; the conquest was pursued with successes beyond expectations in the West, Palpa retained its independence, defended by a belt of tributary principalities. Bahadur Sah asked and obtained in marrige a daughter of Maha datta, king of Palpa; under covert of this matrimonial alliance, the regent proposed to his father-in-law a political alliance, directed against the last chiefs who remained independent. The booty would have to be equally divided. Maha datta fell in the trap, the Nepalese troops arrived led by a Khas officer as brave as he was cunning, Damodar Panre (Damodara Pande). Betrayed by the king of Palpa the only chief who was powerful enough to protect them the princes of the twenty four kingdoms, in the domain of the Seven-Gandakis and the princes of the Twenty-Two kingdoms in the basin of the Kali were in greater portion despoiled. The Gurkhas reserved themselves the lions share; Maha datta received three small states, taken away from his ancient allies and which he was not destined to retain long. Pursueing his victorious march Damodar went beyond the traditional limits of the Nepalese Empire and penetrated in the Kumaon which he subjugated.

In the East the expansion of the Gurkhas also progressed beyond the old frontiers. Already the Kiratas were subjugated; in September 1788, a force of 6000 men penetrated into Sikkim. A month later, the capital was occupied. Bhutan was threatened; Tibet saw her frontiers violated; the Tibetan province of Kuti was invaded. A skilful movement of the Tibetans recalled the Gurkhas in the rear but the movement stopped too soon. The Gurkhas certain about their communications, retook their offensive march on Sikkim, occupied her a second time and declared her annexed (1789).

Tibet with her enriched monasteries due to the pietv of Asia, seemed to offer an easy prey. Under insignificant pretexts, the Gurkhas scrambled to the assualt of the lamaseries, crossed the defiles pillaged Shikar Jong (Digarchi) (1790); but they allowed themselves to be duped by the superb promises of the Chinese and Tibetans. Soon after being exasperated by the duplicity of the lamas and the mandarins, they appeared again in Tibet, impatient of vengeance and plunder (1791). The emperor of China K'ien long vainly addressed them a message of threats; the Chinese envoy was insulted, Tibet was in peril. K'ien long without delay assembled important forces which he placed under general Fou K'ang, In face of such number the Gurkhas were obliged to fall back; the victorious Chinese followed them on their traces and reached the very heart of Nepal, at one day journey from Kathmandu (1792). The terror stricken darbar sued for peace, recognized the suzerainty of China and bound himself to pay a regular tribute.

At the height of his terrors, the darbar, unfaithful to the lessons of Prithi Narayan had solicited the help of the English. Lord Cornwallis decided too late. The Gurkhas had thought better of it; they had wisely preferred a distant sovereign to close a protector. However, Lord Cornwallis insisted sending to Nepal a mission entrusted to settle there and then the usual difficulties and especially to reclaim the (enforcement of) a commercial aggrement signed in March 1792, at Benares, between Nepal and the Company. This agreement stipulated fixed duties on imports and exports (2.5% ad valorem) on goods carried from one territory to another but Nepal had always known to evade it by substituting to the frontier customs, partial collectings portioned out at successive stages of penetration. Colonel Kirkpatrick penetrated Nepal (in March-April 1793), if he did not bring away political advantage from this very short sojourn he at least gathered the materials of an excellent work (I, 133 sq.).

The Chinese war had interrupted only for a short while the operations in the West. Jagaj Jit Pande continued the conquests began by his brother Damodar. After Kumaon, Gharwal in her turn became a Nepalese province (1794). Nepal stretched at present from Bhutan to Kasmere.

Suddenly a (drama) tragedy of the palace abruptly terminates the regency. Rana Bahadur had grown as a minor king under the protectorship of ambitious regents, cloistered in his palace,given up to precocious debauchery which sapped all his vitality. In 1795, he suddenly wishes to reign, by caprice. He arrests his uncle Bahadur Sah, whom he retains in prison for two years until his death. From now there begins an era of violences, furies and disorders such as Nepal had never known. Rana Bahadur is impulsive of nature a Nero of small stature; he loves music; he arranges the tune to be played in the large temples, at Guhyecvari, at Changu Narayan, at Vajra Yogini, at Daksina Kali, at Tulaja. When well disposed he gives unthinkingly, on days of great events he distributes one thousand cows in alms, he feeds the Brahman and faqueer troops, but on the first annoyance, he blasphemes the gods, and despoils the Brahmans. The Nepalese recognise in him the king of Kathmandu, Jaya Prakaca who was to return to the world in the posterity of Prithi Narayan.

His first act, is to confiscate the principality of Yumila, free so far by the prestige of her ancient precedence. Rana Bahadur espoused the daughter of the rejah of Gulmi, Lalita Tripura Sundary, intelligent and devoted princess of her husband but she gave him no son. He at first abandoned her and took to an ordinary slave from whom was born an illegitimate son. He then took the daughter of a Brahman who became the mother of king Girvana Yuddha Vikramah Sah. This prince was therefore of illegitimate birth because the king prohibited the marriage between a Ksatriya and a woman of Brahmanic blood. The Brahmans were shocked by this union which appeared to them as incestuous. In order to put a quick stop to the abomination, the Brahmans published a deep prophecy on astrology and that announced in the near future the sickness of the favourite and the death of the king. Indeed, the favourite soon fell seriously ill. The king anxious through love and worried by the prophecy that concerned him, consulted the Brahmans on precautions to take. They indicated costly ceremonies, that would

in spite of the rites; the young woman died in a few days. Furious to have been wounded in his heart and to have lost his money, the king summoned the Brahmans to return the money under threats of terrible persecutions; he oders to be handed over to him the idol of Tulaja which they have worshipped, breaks it to pieces has the fragments conveyed to the cementery of Karavira, with the funeral cortege of Acaryas in tears, to the sound of trumpets; the remains are burnt on the pyre and the ashes thrown into the river.

This was too much the terror-stricken people dazes at the cacrilege commited benefit them by a lakh of rupees. Rana Bahadur was induced into the affair; but feared to pay the consequences. Rana Bahadur understood that an opportune sacrifice could save the dynasty and personally contrives to offer him chances of return. He gave out as an excuse that his mourning had severed him from the world, entered into the orders took the name of Nirgunananda Svami and announced his intention of going to die a holy death at Benares. He nominated for his son Girvana Yuddha Vikram, in spite of his irregular birth; and in order to dissipate all preventions he requested of the king of Palpa, Prithivi Pala to come in the name of the most authentic of Nepalese Rajputs and place on the child's forehead the royal mark. The army and people took the oath of allegiance to their new king. At the time of departing the Svami felt his vocation already shaken, he went and settled in Patan,fortified himself thither, recruited partisans. But the opposition of the Brahmans condemned him to fail; he became aware of it and decided on a scheme. Queen Tripura Sundary had refused the regency in order to follow her husband; he nominated for regent the slave he had loved. Damodar Panre, the victor of the West was elected to exercise the functions of prime minister (1800).

# FOOT NOTES

1. Bogle; ib., 159 – The date of 1775 is also given by the Vamcavali yet the date of 1771 is currently given. M. Markham the editor of Bogle repeats himself, this error, p. 107 of his work. On page 159 in which Bogle mentions the arrival in Lhasa in March 1775 of a message annuncing the death of Prithi Narayan and the accession of his successor of Simha Pratap (Sing Perterb); he died in 1775.- The date of 1775 for the death of Prithi Narayan is also confirmed by two other passages of the same book, p. 197 and p. 205.
2. Father Ginseppe says : two 'years at most'.
3. Hamilton, p. 196.

# वली-अहद त्रैलोक्य वीर विक्रमका महारानीहरू र रणोद्दीपसिंहको तीर्थयात्रा

— ज्ञानमणि नेपाल

वि. सं. १९३४ को हिउंदमा वली-अहद त्रैलोक्य वीर विक्रम शाहको साधारण व्यथाले अकस्मात् मृत्यु भयो। मृत्युको समय उनी भर्खरका ३० वर्षका जवान थिए। श्री ५ सुरेन्द्र सिंहासनमा थिए। बूढा राजा राजेन्द्र पनि बाँचिरहेकै थिए, तर उनी १९०४ देखिनै नजरबन्दमा राखिएका थिए। वली-अहदले जङ्गबहादुरका तीनवटी छोरीहरू विहे गरेका थिए। तिनमा माहिली रानीपट्टिबाट जन्मेका युवराज पृथ्वी वीर विक्रम पनि २ वर्षका साना बालक थिए।

वली-अहद त्रैलोक्य वीर विक्रम निकै महत्वाकांक्षी थिए। आफ्ना बाबु–बाजेले गुमाएको राज्यशक्ति राणावंश–बाट फिर्ता गराउने उद्योगमा उनी लागेका थिए। उनको यो महत्वाकांक्षा उमेरसंगै बढिरहेको थियो। वली-अहदको यो अभिलाषा पूर्ण गर्ने उद्योगमा सहायता गर्नेमा जङ्ग–बहादुरले कोतपर्व, भण्डारखालपर्व, अलौपर्वमा मारिएका नेपालका भारदारका भाइछोरा नै प्रमुख थिए। परन्तु जङ्गबहादुरको जीवनकालमा यो उनीहरूको अभिलाषा पूर्ण हुन संभव थिएन। जङ्गबहादुरले गृहनीति-विदेशनीतिमा संतुलन मिलाएरै राजकाज चलाएका थिए।

वि. सं. १९०३ मा कोतपर्वमा नेपालका प्रमुख भारदारलाई मार्न र सो नरसंहारपछि नेपालको राज्यशक्ति हात पार्न जङ्गबहादुरलाई श्री ५ राजेन्द्रकी कान्छी महारानीको आज्ञा प्राप्त थियो। महारानी राज्यलक्ष्मीकै अनुमति लिएर जङ्गबहादुरले ती सयौं भारदारलाई स्वाहा पारेका थिए। उनकै आज्ञाले उनी सर्वेसर्वा बनेका थिए। आफूमा पूरा शक्ति आइसकेपछि कान्छी महारानीको आफ्ना छोरालाई युवराज बनाउने अभिलाषा पूरा गर्ने काम जङ्गबहादुरले गरेनन् र वैधानिक युवराज सुरेन्द्रको पक्ष लिएर उल्टै महारानीलाई निस्तेज गर्न लागे। यसबाट क्रुद्ध भएकी महारानीले जङ्गबहादुरकै नाश गर्ने चेष्टा के गर्न लागेकी थिइन्। यसको परिणाम भण्डारखाल पर्व पऱ्यो जसमा कोतपर्वबाट बाँकी रहेका भारदारको अवसान भयो, स्वयं कान्छी महारानीले काशी निर्वासित हुनुपऱ्यो। निर्वासित महारानीका पछि लागेर काशीमा गएका राजा राजेन्द्रले सुरेन्द्रको पक्ष लिएर अडिग भएका जङ्गबहादुरको उच्छित्तो गर्न अनेक उद्योग गर्न लागे। युवराज सुरेन्द्रको वैधानिक राजसिंहासनको अधिकार हरेर कान्छी महारानीका छोरालाई राजगद्दी दिने राजा राजेन्द्र-को प्रयास हो भन्ने कुरा प्रकाश पारेर जङ्गबहादुर राजेन्द्र-का सबै प्रयास विफल पारी सुरेन्द्रलाई सिंहासनमा राखी उनबाट सबै किसिमका मान, मर्यादा र अधिकार आफू र आफ्ना भाइछोरामा सीमित पार्न पनि समर्थ बनेका थिए। जङ्गबहादुरले कोतपर्व, भण्डारखालपर्व र अलौपर्वद्वारा सबै विभिन्न थरि पुराना भाइभारदारलाई

पन्छाएर राणावंशको एकाधिकार कायम गरेका थिए। बूढा राजा राजेन्द्रलाई दरबारमै नजरबन्द राखेर कान्छी महारानी र उनका छोरालाई भारतमा निर्वासित गरेर सिंहासनमा राखिएका राजा सुरेन्द्र विक्रमसंग जंगबहादुर जे जस्तो अधिकार लिन पनि समर्थ भए । श्री ५ सुरेन्द्र पनि जंगबहादुरसंग परिस्थितिवश विवश थिए । एक किसिमले अनुगृहीत पनि, जंगबहादुरले पनि श्री ५ लाई ढाल बनाएर शासन गर्नु नै श्रेय छ, श्री ५ लाई पन्छाएर राणा शासनको शक्ति मजबूत बन्दैन भन्ने पनि बुझेका थिए । जंगबहादुरका पालासम्म यो सन्तुलन मिलेको पनि थियो । उनले अंग्रेजसंग सकेसम्म दोस्ती कायम राखेर श्री ५ लाई मान्यता राखेर चल्नू भन्ने अर्ती आफ्ना भाइछोरालाई दिएका थिए।

जंगबहादुरले आफूले लिएको प्रधानमन्त्रीको रोलक्रम पनि आफ्ना शेखपछि आफ्ना भाइमा, त्यसपछि आफ्ना छोरा नातिमा, त्यसपछि भाइका छोरामा जाने पारेका थिए। परन्तु उनको यो रोलक्रमबाट उनका भाइ त अनुगृहीत थिए, तर भाइका छोरा सन्तुष्ट थिएनन्। बाहिर पुराना भारदारका सन्तानको संगठन पनि जम्दै गएको भित्र युवराजको उमेर र आकांक्षा पनि बढ्दै गएको-ले जंगबहादुर गृहकलहदेखि सशंकित थिए । यसकारण श्री ५ संग आफ्ना सन्तानको रक्तसम्बन्ध कायम गरिदिन पाए आफ्ना शेषपछि पनि आफ्ना छोराहरू आफूजस्तै श्री ५ बाट निश्चिन्त भई पाएको राज्याधिकार अकण्टक भोग गर्लान् भनेर उनले आफ्ना छोरीहरूको बिहे युवराज त्रैलोक्य वीर विक्रमसंग गरिदिएका थिए । आफ्ना छोरा जगत्जङ्ग, जीतजङ्गको विवाह पनि श्री ५ का शाहज्यादीसंग गरिदिएका थिए । यसरी दुवै तर्फबाट लगन गाँठो बलियो बाँधिदिएर आफ्ना छोराहरूको अधिकार बलियो बनिरहोस् भन्ने उनको भित्री अभिलाषा थियो। परन्तु उनको यो चाहिं अभिलाषा सर्वथा पूर्ण भएन। जंगबहादुरको मृत्यु भएको वर्षदिन भित्रै राणामा गएको अधिकार पुनः फिर्ता गर्न खोज्ने वली-अहद त्रैलोक्य-को पनि मृत्यु भै गयो । युवराज त्रैलोक्यको मृत्यु हुनामा जंगबहादुरका भाइ धीर शमशेरको गुह्य षडयन्त्र थियो भन्ने कुरा पनि केही इतिहासकारहरू गर्छन् । जंगबहादुरपछि प्रधानमन्त्रीको पद रणोद्दीपसिंहमा गए पनि सत्र भाइछोरा-का बाबु धीर शमशेरको नेपालमा ठूलो हाइहुहाई थियो। यसै मोकामा वली-अहदको अवसानले राणाकालमा राज-संस्थाबाट प्राप्त अधिकार खोसिने आशंका समाप्त भयो। तत्काललाई उनको अधिकारमा अब घुनपुत्ली लाग्ने डर रहेन।

परन्तु राजपरिवारमा भने अत्यन्त ठूलो विषाद छायो। अब सुरेन्द्रका शेषपछि पनि उत्तराधिकारी हुने युवराज पृथ्वी वीर विक्रम साना बालक थिए। जेठी राजमाताकी एक छोरी मात्र थिइन्। उनी जंगबहादुरका छोरा आफ्ना दाजुका पक्षमा थिइन् भने माहिली राजमाता धीर शमशेरका छोरा वीर शमशेर, खड्ग शमशेरहरूका पक्षपातिनी भइन्। वली-अहदको अभिलाषाको प्रतिनिधित्व गर्दै कान्छा युवराज नरेन्द्र विक्रम शाह विरोधी दलको नेतृत्व गर्न लागे। यसरी जंगबहादुरको शेषपछि नेपालमा शक्ति हात लाउनामा परस्परमा ठूलो प्रतिस्पर्धा चल्न शुरू भएको थियो। एकातिर पुराना भारदारका वंशजहरू-को संगठनद्वारा आफ्नो गुमेको अधिकार फिर्ता लिने सुर श्री ५ को परिवारमा ओगटिँ हुँदै थियो, अर्कोतिर आफ्ना बाबुले आर्जेको मान, मर्यादा र अधिकार आफैंमा सीमित गराउन जंगबहादुरका सन्तान चाहन्थे भने जंगबहादुरका कान्छा भाइ धीर शमशेरका खलक पनि यो अधिकार हात लाउन लालायित थिए। त्यसबेलाका श्री ३ महाराज रणोद्दीपसिंह सोझा धार्मिक प्रकृतिका थिए । उनी सबैतिर प्रायः प्रेम राख्तथे। उनलाई भविष्यमा हुने अनिष्ट र ठूला विपत्तिको कुनै आशंकै थिएन । उनी धर्मकर्म तीर्थव्रतमा धेरैजसो संलग्न रहन्थे।

वि. सं. १९३७ को हिउँदमा श्री ३ रणोद्दीपसिंह वायसरायसंग भेट मुलाकात गर्न कलकत्ता जाने भएका थिए। यस मौकामा आफ्ना विधुवा बुहारीलाई तीर्थ गराएर ल्याउन श्री ५ सुरेन्द्रले उनलाई आज्ञा दिएका हुँदा राजपरिवारका साथै आफ्नी महारानीलाई पनि लिएर तीर्थ गर्न जान रणोद्दीपले योजना बनाएका थिए। पहिले कलकत्ता गएर वायसरायसंग भेट गर्ने त्यसपछि तीनधाम गर्ने उनको विचार थियो। यो योजना नेपालमा रहेका अंग्रेज राजदूत मार्फत ब्रिटिश सरकारमा पठाइयो । रणोद्दीपसिंहको विचार मंसीर ८।९ गते यहाँबाट प्रस्थान गरेर पहिले कलकत्ता गई वायसरायसंग भेट मुलाकात गरी

त्यसपछि तीर्थ गर्न जाने थियो । परन्तु अंग्रेज राजदूतले पुस नलागी वायसरायसंग मुलाकात हुन नसक्ने भनी दश–बाह्र दिनपछि जाने सल्लाह दिए । परन्तु ढीलो गर्दा तीनधाम गरेर पछि फर्कदा गर्मीको याम आउने र औलोको भय पनि हुने हुँदा रणोद्दीपले आफ्नो साइत पर सार्न मन्जुर गरेनन्, वरू पहिले वैजनाथ धाम हुँदै कलकत्ता गएर पुरीमा पुगी जगन्नाथको दर्शन गरी फेरि फर्केर आएर वायसरायसंग भेट गर्ने र अरू तीर्थ गर्ने योजना बताए । यसरी पहिले जान राजदूतलाई अनुकूल नपरे अरू कोही अगुवा खटाइ दिए हुने कुरा पनि गरे ।

त्यसबेला कलकत्ता जानलाई रेल चढ्न मुजफ्फरपुरमा पुग्नु पर्दथ्यो । तर मुजफ्फरपुरमा रेल चढ्दा रेल बदलिरहनु पर्ने, गङ्गामा तर्न जहाजमा ओर्लन चढ्न गाह्रो पर्ने हुँदा रणोद्दीपसिंहले पटना पुगेरै रेल चढ्ने र बीचमा वैजनाथधामको दर्शन गरेर कलकत्ता जाने निश्चय गरे ।

नेपालबाट रणोद्दीपसंग दलबलसाथ जाने यो तीर्थयात्रीको जमात ज्यादै ठूलो थियो । श्री ५ का राज–दरबारका वल-अहदका विधवा महारानीहरू, श्री ३ का रानी समेत १४ जना महिला थिए । ४ जना जनरल, २९ जना अफिसर खालका पगरी,७५२ जनाको एक पल्टन, ५० जना व्याण्डवाजा जवान, ४१ वटी स्वास्नीमान्छे नोकर्नी, २०० जति डोले भरियाहरू गरी जम्मा २६०० जतिको दल थियो । यस अतिरिक्त सवारी वाहनमा अन्दाजी ३० हात्ती, ८० गाडा, ८० घोडा र नौवटा पालकी जाने भए । गाडा जस्ता वाहन मधेश तराई लागेपछि मात्र सामेल हुने थिए । यो सवारी साधन र सुरक्षाको व्यवस्था पनि ब्रिटिश भारत लागेपछि भारतको अंग्रेज सरकारले गर्नुपर्ने थियो तापनि रणोद्दीप आफ्नो सुविधाको लागि रेल नचढुन्जेल अर्थात् पटना नपुगुन्जेल आफ्नै सवारी साधनमा आफ्नै वन्दोबस्तमा जाने भएका थिए । केही खनखाँचोमा मात्र ब्रिटिश सरकारलाई गुहार्ने निधो गरिनले लिए तापनि आफ्ना तर्फबाट पनि बाहिरी सुरक्षाको प्रबन्ध अंग्रेज सरकारले गर्नुपर्ने हुँदा जाने ठाउँ तीर्थक्षेत्रको र नेपाल भारत सीमानासम्मका र त्यसदेखि उताका वासको पनि ठेगाना समेतको सूचना नेपालबाट पहिले दिइसकेको थियो । नेपाल सरहददेखि ब्रिटिश भारतमा पसेर पटना पुग्नलाई मोतीहारी, कल्याणपुर, साहेबगन्ज, खुटाही, लालगन्ज, हरिहरक्षेत्र (हाजीपुर) र पटना गरी जम्मा ७ बास बस्नु पर्दथ्यो । पटनामा पुगेपछि सुरक्षामा गएको पल्टन ७५२ जवानमा १०१ साथ गए, अरू फर्के । जनरल र अफिसर जवान तेत्तीस गए । अरू आठपहरिया, सुबेदार, हुद्दा, सिपाही गरी ५१ जना साथै थिए । ४१ वटी नोकर्नी, सयजना भरिया नोकर डोले थिए । बाह्रवटा घोडा, नौवटा पालकी, दुइटा वग्गी साथै रहे । कलकत्ता पुगेर ४।५ दिन बसी जगन्नाथ पुगेर आएपछि फेरि ८।९ दिन बसेर वायसरायसंग भेटी अरू तीर्थमा जाने भए । तीर्थमा काशी, प्रयागद्वारका, सुदामापुरी, नासिक, पूना, तिरूपति–बालाज्यू रामेश्वर मुख्य थिए ।

यो तीनधाम गर्ने यात्रामा अन्दाजी ४ लाख रूपैयाँ खर्च लाग्ने हिसाबकिताब थियो । त्यसबेला नेपालमा नोट-को प्रचलन नहुँदा रूपैयाँ बोकाएर लगेर मोतीहारीमा कंपनी नोट साटेका थिए ।

माथि नै भनियो रणोद्दीप सोझा सबैमा बराबरीको भावना राख्ने धार्मिक प्रकृतिका थिए । तर अरू उनका साथमा गएका अर्जेल कर्णेल कहलाएका राणाहरू उच्छृङ्खल भएर ठूलठूला शहरमा तीर्थमा बसेका बेला अनेकौं होहल्ला मच्चाउने अशान्तिका उद्दण्डताका काम गरेर श्री ३ महाराजलाई आपत्ति पार्दथे । अदप गर्न नसक्ता र ब्रिटिश सरकारले यसमा हस्तक्षेप गर्न पनि अप्ठ्यारो हुँदा पछिसम्म पनि यसको चर्चा भइरह्यो । यसैकारण भारत जाँदा श्री ३ को सवारी दल धेरै ठूलो नहोस् भन्ने अंग्रेजको आग्रह पछि–पछि पनि भइरहन्थ्यो ।

यो तीर्थयात्राबाट राजपरिवारमा केही आश्वासन मिल्यो होला । धार्मिक महाराज रणोद्दीपलाई पनि आफ्नो कर्तव्य पूरा पारेको भान भयो होला । परन्तु श्री ५ को परिवार आश्वस्त हुन पाएन । एकदेखि अर्को गर्दै विपत्ति–का पहाड खनिन लागे । पहिलो त श्री ५ सुरेन्द्र स्वर्गे भए । त्यसपछि बूढा राजा राजेन्द्रको स्वर्गवास भयो । यही मौकामा ३८ साल पर्व घटेको हुनाले नरेन्द्र विक्रम शाहका नेतृत्वमा संगठित दलको संहार भयो । नरेन्द्रविक्रम शाह भारतमा लगेर कैद गरिए । यसै अवसरमा जंगबहादुर-

का छोराहरूलाई पनि पन्छाउने विचार धीर शमशेरले गरेका भए तापनि उनीहरू यस कार्यमा सक्रिय नदेखिएका-ले यो योजना पूरा नभए पनि उनीहरूको तेजोवध केही मात्रामा मात्र भयो । उता राजदरबारमा पनि महाराजाधिराज पृथ्वी वीर विक्रम शाह नाबालक भएकाले उनीबाट अब केही बाधा रहेन । झन् राजमाता उनकै छोराका पक्षमा हुँदा ती धीरको दल बलवान् बन्यो । यसबेला आफ्ना केही परिवारका साथ जगत्जंग तीर्थयात्रा गर्न भारतमै गएका थिए । यहाँ ३८ साल पर्वमा परेका वाग्यानीका मुखबाट बलजफ्ती गरेर जगत्जंगलाई पोलाइयो । नेपाल सीमाना टेक्नासाथ उनलाई पकडेर ल्याउने आदेश दिएर मानिस खटाइए । यता उनकै अंश सर्वस्व गरियो । परन्तु आफ्नो मानिसद्वारा यो सूचना पाएका जगत्जंग उतै अडिए । यताबाट सफाइ लिन तुरून्त आउनू भन्ने खबर तारैतार पठाइयो । तर उनी आएन । ठूलो खर्चका मान्छे उहाँ पनि उनलाई अड्न गाह्रो थियो ; यताउता ठक्कर खाँदै चन्दा मागेर भू० पू० श्री ३ को छोरा जगत्जंग दुःखले जीवन धानेर रहन लागे । उतै रहँदा पनि उनलाई करणीको अभियोगमा बात लाएर तेजोवध गर्ने पतीत पार्ने प्रयास भइरहे । पछि राजमाताको र रणोद्दीपको समेत अनुग्रहले जगत्जंग आफ्ना देशमा प्रवेश पाए । परन्तु जंग सन्ततिलाई पूरा पन्छाएर आफ्नो छोरा-मा अधिकार स्थिर गराउन नपाउँदै पहिल्यै धीर शमशेरको मृत्यु भइगयो ।

बाबु धीर शमशेरको मृत्यु हुनासाथ उनका छोरा वीर शम्शेरहरू एकदमै अत्तालिए । जंगबहादुरले बाँधेको रोलक्रमबाट यिनीहरूको शक्तिमा आउने बाटो मृगतृष्ण का बराबर थियो । यसकारण बाबु धीर शम्शेर शक्तिमा आउने बित्तिकै आफ्नो-आफ्नो बाटो सोझ्याउने उनीहरूले लक्ष्य राखेका थिए । तर अकस्मात् धीर शमशेरको मृत्यु हुँदा उनीहरू अब जस्तोसुकै अपराध गरेर भए पनि शक्ति हत्याउने दाउमा लागे । बाबुको आशौच बार्ने पनि उनीहरू-लाई धौ-धौ पऱ्यो । उनीहरूले आफ्ना बडाबाबुले कोतपर्व गरेर ऐश्वर्य अधिकार आर्जेको, आफ्ना बाबुले ३८ साल पर्व गरेको झल्झल्ती सम्झेका र देखेका थिए । यसैले उनीहरूले बडाबा रणोद्दीपसिंह र रोलवाला जंगबहादुरका छोरालाई एकैसाथ सखाप पारेर अधिकार लिन सुरु कसे ।

यसैको फल ४२ साल पर्व घट्यो । जंगबहादुरका छोरा पनि आफ्ना बाबुको अधिकार पाउनामा लालायितै थिए । तर उनीहरू बालककालदेखिनै ठूलो शोख-शयलमा हुर्केका, सारा सुविधा भोग्दै आएका र धनसम्पत्तिले भरिपूर्ण हुँदा जोखिमी काम गर्ने मर्न-मार्नमा हत्तपत्त हिम्मत कस्तैनथे । परन्तु यस्तहिम्मत धर्मभीरू मानिसका हातबाट यस्तो भयंकर काम हुन सक्तैनथ्यो पनि । फेरि उनीहरूमा रणोद्दीपपछि सजिलै शान्तिसंग रोलक्रमबाट पनि आफूमा अधिकार आइहाल्छ भन्ने भित्री आशांकुर पनि पलाइरहेको थियो । धीर शमशेरका छोरा दुःखसुख भोगेका कूटनीति चालबाजीमा पछि नहट्ने चलाक केही पढे-लेखेका पनि थिए । सोझो धर्मप्राण कूटनीति खेल्न नजान्ने निःसन्तान श्री ३ महाराज रणोद्दीपसिंहबाट मौका पाउनासाथ यिनीहरूले दाउ छोप्न बेर लाएनन् । यसैले जंगबहादुरको निधनपछि ३३ साल-देखि अनेकौं योजना कस्तै आएका अरू सबै दल अस्ताउनु धीरका पुत्रको एक्कासी उदय हुनु सम्भव भएको थियो । नभए जगत्जङ्ग बनबास लागेपनि जीतजंग सर्वोच्च सैनिक पदमा विराजमान छँदै थिए । उनलाई विपत्तिको आशङ्का पनि भइसकेको थियो । उनले सोझा काकाको बाटो किन हेरिराख्नु पर्दथ्यो ; मर्न मार्नमा पसेका भए आफ्ना दाजु-भाइको बढिबढाउमा कस्सिएका भए कि धीरका सन्तानलाई लाखापाखा लाउँथे कि आफू लाग्थे । परन्तु पहिलै आफै कानको औषधि गर्ने निहुँले भारत किन पस्नु पर्दथ्यो । यसले पनि धीर सन्ततिको बाटाको काँढा आफै पन्छियो । यहाँ अर्को कुरा पनि स्मरणीय छ — जंगबहादुरका छोरा अंग्रेजसंग बाबुकै नीति अनुसरण गर्न खोज्दथे । धीरका छोरा अधिकारका लागि अंग्रेजसंग धेरै दब्न सक्तथे । यिनको अधिकारमा नेपाल राज्यको शासनसत्ता गयो भने आफ्नो प्रभाव फैलाउन धेरै सजिलो पर्ने भएकाले अंग्रेज सरकारको समर्थन यिनमा पर्न आयो । वीर शमशेर पछिका नेपालका प्रत्येक प्रधानमन्त्रीलाई अंग्रेजहरूले अनेक कुरामा अचेटेका उदाहरण पाइन्छन् । (वीर शमशेर कलकत्ता जाँदा स्वतन्त्र राष्ट्रलाई सुहाउने खालको स्वागत सत्कार नपाउँदा उनका मनमा विर्सिनसक्नु चोट लागेको थियो ।) फेरि वीर शमशेरले यता राजमाताको आड पनि प्राप्त गर्न समर्थ भएकाले सबै शत्रुलाई परास्त पार्न सके । जंगबहादुर-का छोरा अर्थात् आफ्ना दाजुभाइपट्टि नै सहानुभूति राख्ने जेठी राजमाताले निर्वासित हुनुपऱ्यो । उनी पहिले अंग्रेजी दूतावास लैनमा शरण लिन पुगिन् ।

राजपरिवारले देश छाडी बाहिर जानु हुँदैन भनी वीर शमशेरले जेठी राजमातालाई लिन खड्ग शमशेरहरूलाई लैनमा पठाए। उनले म फर्कन्न आफ्नै दाजु जीतजंग कहाँ काशीमा गएर बस्छु भनिन्। वीर शमशेरले पनि जीतजंगलाई सोधेर मात्र यिनलाई यहाँबाट जान दिए। तर उनी २।३ महीना जति उहाँ बसेर जंगबहादुरका भाइ बद्रीनरसिंहका छोरा ध्वजनरसिंह कहाँ कलकत्तामा गएर बसिन्। भारतमा निर्वासित जंगबहादुरका अर्का भाइ जगत्शमशेरका छोरा अमरजंग हर्षजंगहरूसंग मिली आफ्नो अधिकार र सम्पत्ति फिर्ता पाउनालाई ब्रिटिश सरकारमा उजुर पनि गरिन्। यसमा अंग्रेज राजदूतमार्फत वीर शमशेरसंग सोधी पठाइयो। अब वीर शमशेर किन टेर्थे र। यिनले सारा भागेर गएका जंगबहादुरका छोरा भतिजाको सम्पत्ति जायजेथाको लेखोलाई दिए। करीब साठी लाख रूपैयाँ निजहरूको सम्पत्ति साथमा छ भन्ने कुरा पनि उनले स्पष्ट गरे। राणा खानदानमा जंगबहादुर एक आदर्श मानिन्थे। राणा शासक कसैले राम्रो काम गर्‍यो भने पनि जंगबहादुरले यति गरेका थिए मैले यत्रो गरें भनी धाक रवाफ छाँट्तथे। खराबै काम गरे भने पनि जंगबहादुरले पनि त यसै गरेका थिए भनी उनैलाई ठोस लाउन पुग्दथे। न्याय नीतिका र व्यवहारका कुरामा पनि उनैको सखेडा राख्तथे। यतिबेला वीर शमशेरले पनि यस्तै कुरा गरे। उनले जंगबहादुरले राज्याधिकार लिनलाई कोतपर्व र भण्डारखालपर्व गरेर तीनसय भारदार मारेका थिए, कतिको सर्वस्व गरे, कतिलाई सर्वस्व गरी निर्वासित गरे। तिनीहरू तवाहा भएर भारत डुल्दथे। पछि केही नलागेर जंगबहादुरको शरणमा परेपछि उनीहरूको केही प्रवस्ती गरिदिएका थिए भन्ने कुरा गरे। (जंगबहादुरले मारेका मानिसको संख्या वीर शमशेरले बढाएर भनेका हुन्। उनले आफूले ४२ साल पर्वमा त्यति मानिस नमारेको संकेत गर्न यो अतिशयोक्ति गरेका हुन्)।

वि. सं. १९४४ मा जंगबहादुरका छोरा रणवीरजंगले विद्रोह गरी तराईतर्फ आक्रमण गर्दा त्यस विद्रोहमा सामेल भए वापत अमरजंग, हर्षजंग समेतको अंश भत्ता रोक्का भएको थियो।

जंगबहादुरले आफ्ना छोरी वली-अहदलाई बिहे गरिदिएर वर्षको दश–दश हजार भत्ता दिएका थिए। जेठी राजमाताको सो भत्ता खोसियो। उनी लैनमा गएपछि चार हजार कम्ती गरी ६ हजार दिने उनी आएर बस्छिन् भने भन्ने कुरा वीर शमशेरले पहिलै गरेका थिए। सो मञ्जुर नगरी उनी भारत पसेकी थिइन्। पछि अंग्रेज सरकारमा उजुर गरेपछि उनले फेरि जंगबहादुरद्वारा निर्वासित भएकी राजेन्द्र वीर विक्रमकी कान्छी महारानीको उदाहरण निकाले गद्दीनसीन राजाकी महारानीलाई पनि जंगबहादुरले काशीमा निर्वासित गर्दा महीनाका एकसय दरले वर्षको बाह्रसय मात्र भत्ता दिएका थिए, उनी त्यही भत्ता खाएर आजसम्म बसेकी छन्, अहिले मेरो राज्य चलेपछि बुढेसकालमा मलाई दूध खान पुगेन पचास रू. महीनाको थपिदेउ भनेर लेखिरहिछन् भने यिनी ता वली-अहदकी रानी मात्र हुन्। यसकारण यिनीलाई त उनलाई दिएको भन्दा आधा ५० रू. महीनाको दिन्छु। यस हिसाबले अमरजंग, हर्षजंगहरूलाई पनि पाँच रूपैयाँ मात्र दिए पनि सुहाउने हो तर पनि चूप लागेर बस्छन् भने बीस पच्चीस दिन्छु भन्ने कुरा गरेर खिलाइदिए। जे भए पनि अब वीर शमशेर जंगबहादुरका सन्तानलाई अधिकार त परै जाओस् 'त्वं शरणम्' पारेर केही जीवनवृत्तिसम्म दिन चाहन्थे। अंग्रेज सरकार पनि आफ्ना पक्षधर वीर शमशेरहरूलाई छाडेर अधिकार खोसिएका जगबहादुर र उनका भाइका सन्तानहरूको वकालत किन गरिरहन्थ्यो? अनेकन दाउपेच घातप्रतिघात षाड्गुण्यद्वारा नेपाल राज्यको सर्वोच्च शक्तिमा पुगेर ठूलो ऐश्वर्य आर्जेका जगबहादुर र उनका भाइका सन्तान यसरी लाखापाखा लागे। जंगबहादुरले भावी महाराजाधिराजकी पट्टराज्ञी बन्ने कल्पना गरिएका उनकी छोरीको यो हालत भयो। जेठा छोरा जगत्जंग, जेठा नाति युद्धप्रतापजंगहरू त ४२ साल पर्वमा नै परिगए। कथंकदाचित् ज्यान धन जोगाएर भागेकामा पद्मजंग, जीतजंग केही सम्पन्न थिए। अरू वनबास लागेका जङ्गबहादुर र उनका अरू भाइका सन्तानका हालत त्यति राम्रो थिएन। भागेर जाँदा यहाँबाट जतिसुकै गुटमुटचाएर लगेको भए पनि राजसीचालले मूल धनै मासेर खान थालेपछि कति दिन पुग्छ र? उनीहरूले आफ्नो दशा जाहेर गरेर ब्रिटिश सरकारकहाँ उजुर गरे तापनि अंग्रेजहरूले के पो मद्दत गर्दथे र! आफ्ना पक्षधर शक्तिमा आएका धीरका छोरालाई छाडेर शरणार्थी राणाको सक्रिय सहयोग

गर्नु पनि उनीहरूलाई आवश्यक थिएन । मौखिक चिट्ठीपत्र-द्वारा सहानुभूतिसम्म व्यक्त गरिदिए ।

## प्रमाण भाग

३७ साल

श्री ३ महाराज रणउद्दीपसिंह राणावहादुरको कलकत्ता सवारी भै तिर्थ गर्ने मुद्दामा लेषपढ् भयाको र कुरा कहानी भयाको—

३७ साल श्रावण शुदि ३ रोज १ मा श्री ३ महाराजका तर्फबाट फार्सीमा लेषी गयाको

मुद्दा

यो साल लाठ् साहेवको सलाम्‌निमित्त जाने कुरा मैले श्री ५ महाराजाधिराजको हजुरमा अर्ज गर्दा बहुतै बढिया तजबिज गर्‍यौं अंवेसेडर भै जानु. यसले २ सर्कारका दोस्तीको जरो बलियो हुँदै जांछ भंने हुकुं भयो. अब मंसीरको १०।१५ मा नेपाल छाड्नाको ईरादा गरेको छु. औ. श्री ५ महाराजाधिराजबाट तीमीले लाठ् साहेवको सलाम् हासिल गरी सकेपछि साहेव मोहतसिम्ऽल्हेहसंग इजाजत लि हाम्रा वीधवा भयाका बुहारीहरू लाई जगंनाथ रामेश्वर द्वारीका र अरू बीच बीचका तिर्थहरू गराई लि आउनु भंने हुकुम् भयो र श्री ५ युवराजका मुमाहरू र हाम्रा महारानीलाई समेत् लगी तीर्थ गराई ल्याउनाको इरादा छ—

श्रावण शुदि ६ रोज ५ मा रजिडेन्ड गर्डीलस्टोन साहेवले लेखेको यारदास्तको मुद्दा

तपाजीका यस् महीनाको तारीष ६ मुताविक सम्वत १९३७ श्रावणको १८ मा लेषनु भयाको चीठीवापत जाहेर गर्ने आफ्ना इच्छा मुताविक मंजुरी श्री ५ जनाव् महाराजाधिराज साहेव वहादुरका अंवासेडर मुकरर भैकन जनाव मुअहल्ला अलका वनापव् सलतनत् वो गवरनर जेनरल साहेव बहादुर हिंदसग मुलाकात् गर्न जानानिमित्त र आफ्ना साथ लैजाना स्वर्गवासी वलीअहद साहेवका वीधवा महारानीका तीर्थ जात्रा गर्नानिमित्त आयीपुग्यो र म दोस्त दोस्तीको कलम्ले लेषदछु कि म दोस्तले जनाव साहेव वहादुर मोहतसिम् लेका(?)(इलेह) हासील गर्ने षुसिवापत माथि लेष्याका मुलाकात्का चिठी लेषिकन विन्ति गरि पठायाको छु. तसर्थ दोस्तिको कलम्ले लेष्याको शुभम्—

भाद्र शुदि ५ रोज ५ मा श्रीकम्याण्डर इन चीफ धीर सम्सेर जङ्ग राणावहादुर लैन्मा सवारी भै भोट्का विसयको कुरा गरीवक्सनु हुदा सवारीको कुरा भयाको

रजिडन्टसाहेवले बोलेको—

५. यो साल हिउदमा तपाई कही सफरमा जानालाई तजवीज गर्नु भयाको छ कि छैन

श्री कम्याण्डर इन चीफबाट बोली वक्स्याको—

६. महाराजबाट सफरमा जानाको इरादा गरीवक्सनु भैरहेछ. महाराजको सवारी भयो भन्या दुवै जानाले जानु हुन्याछैन महाराज जानुभयो भन्या मेरो हावापानी बदलनालाई जानाको इरादा छ. महाराजका सवारी हुन्या कुरामा लाठ साहेव्बाट जवाव् आयो की आयाको छैन.

रजिडन्टसाहेवले बोलेको—

७. आयाको छैन. आउनीमात्र महाराज्का हजुरमा पठाइ दीन्या छु लाठ् साहेववाट षुसिसाथ महाराजलाई आउनु भनि लेषि पटाउन् हुन्याछ. यस्मा संदेह छैन. महाराज जानु भयो भन्या मेजर अथवा कप्तान दर्जाका यक्‌जना अफिसर महाराजका साथमा रहन्या बंदोवस्त पनि होला. महाराजका तिर्थ गर्नाको पनि इरादा देषिन्छ भन्या मैले यो साल् महाकालिको सेवानामा जानुपर्छ र हिन्दुस्तानतिर डुलिरहनाको फुर्सत छैन. म वुढा पनि भयो सवाट ज्यादा दौडधुपको काम् होइसक्तैन. जवान् अफिसर साथमा रह्याको बढियै छ. डाक्डर साहेव पनि जान सक्छन् ?

श्री कम्याण्डर इन चीफबाट बोली बक्स्याको—

८. महाराजका साथमा साहेव आफै जानु भया पनि अरू अफिसरलाई बंदोवस्त गरी पठाउनु भया पनि वंदोवस्त ता साहेवैको हो भन्या साहेव जान नपाइन्या भयो भन्या जो चाहिन्या वंदोवस्त साहेववाट बाधी दीनुहुन्यै छ —

लाठ् साहेववाट रजिडन्टलाई लेषेको चीठी सन् १८८० सेप्टेंवरको १० तारीषमा रजिडन्ट साहेवले महाराजलाई लेषेको अंग्रेजी चीठीको मुद्दा—

भाईसरायका ईरादा तपाजीवाट सुन्न चाहनुहोला भनि मछेउ अँले आईपुग्याका चीठी तपाजीछेउ पठाईदीयाको छ. वापस पठाई दीनुहोला वहापछी तपाजीका याददास्तको जबाव् ताकीता जवाव् पठाईदीन्या काम् गरुंला—

भाद्र शुदि ७ रोज ७ मा

भाद्र शुदि ७ रोज ७ मा श्री ३ महा (राज) वाट लेषी वक्स्याका चीठीको तर्जुमा—

मेरो कलकत्ता जाने विसयमा आयाको तपाजीवाट मेहर मानी भिन्न मेहरमानीसाथ पठाईदीनुभयाको चीठी फर्काई पठाई दीयाको छ—

भाद्र शुदि ८ रोज १ मा रजिडन्ट साहेवले लेषेको याददास्त-

म दोस्तको तारीष १२ अगस्त सन् १८८० ईस्वी मुतावीक सम्वत् १९३७ श्रावण शुदि ६ रोजमा लेष्याको याददास्त–को लगाउमा म दोस्त यस् याददास्तसंग १ नक्कल चीठी साहेव सीकटरी बहादुर गवरनमेन्ट हिन्दले लेष्याको तारीष २ सितंवर सन् १८८० इस्वी नम्वर ७५९ अक्षेर आयो थीवावत् तपाजीको दर्षास्त हासिल् गर्नानिमित्त मुलाकात् जनाव् मोअल्ल अल्काकनवाव् गवरनर जनरल साहेव वहादुर हिन्दुस्तानको तपाईलाई ईत्तलाप निमीत्त पठाउंदछु. तसर्थ दोस्तीका कलम्ले लेष्यां शुभम—

भाद्र शुदि ९ रोज २ मा रजिडन्ट साहेवले सवाल गरी पठायाका कुराहरूको श्री ३ महाराजवाट आसीन वदि ३ रोज ३ मा जवाव् वक्स्याको—

| रजिडन्टको सवाल | महाराजवाट जवाव् वक्सेको |
| --- | --- |
| लाठ् साहेववाट मंजुर गर्नुभयो भन्या महाराजका साथमा कलकत्तासम्म म जान सक्छु. तर डिसम्वरको ४ तारीष भंन्दा अघी नेपाल्बाट जान सक्दीन १५ तारीषभंदा अघी लाठ् साहेवसंग मुलाकात हुन सक्दैन भन्दा ४ तारीषमा जहाबाट हीड्या पनि २० तारीषसम्ममा ता हामि कलकत्ता पुग्न सक्छौ यस हिसावसंग जानालाई महाराजलाई सुविस्ता पर्छ पर्दैन— १ | कलकत्तासम्म जाउछु भंदा मलाई बहुतै षुसीलाग्यो. डीसंवरको १५ तारीष उसो लाठ साहेवको सलाम् हासिल् गर्ने भयापछी सो मुलाकात्को अघीबाटै गया जगंनाथजीको तिर्थ गरी वाहावाट फर्की आई लाठ् साहेवसंग मुलाकात गर्ने हीसावसंग कामको अंजाम् भयो भने अरू ठाउको तीर्थलाई सुवीस्ता पर्नेछ. धेरै दीन गर्मीमा पर्नुपर्नेछ. तसर्थ मंसीरका ८।९ दीन् जादा अर्थात् नवम्वरको २२।२३ तारीषमा नेपाल्वाट हीड्नेछु. उसवेला जानलाई तपाईलाइ फुर्सत भयेन भने मेरा इज्जत माफिक्को साहेव १ मुकरर गरी दीनु भया हुंछ. तपाजीसंग कलकत्तामा भेट हुनेछ — १ |
| महाराज साहेव मजफरपुरमा रेलमा सवारी भै वक्सनुहुन्छ की पट्नामा सवारी भै वक्सनुहुंछ— २ | पट्नाको वाटो भै जांछु. पट्नैवाट रेलमा सवारी गरुंला — २ |
| कलकत्तातर्फ जानुहुंदा महाराज वैजनाथमा थामी वक्सनु–हुन्छ हुदैन. थाम्नुभयो भन्या कतिसम्म थाम्नुहोला— ३ | वैजनाथमा वेहान उत्रने गरी गै दर्शन् गरि बेलुका फेरि रेलमा सवारी गरि कलकत्तातर्फ जांछु— ३ |

| | |
|---|---|
| महाराज साहेब्लाई यस्पियाल (स्पेशल) ट्रेन चाहीन्छ वा चाहीदैन— ४ | यस्पियाल् ट्रेन चाहींछ— ४ |
| लेडीहरू कति सर्दार अरू लस्कर कति घोडा रेल्का स्टेसन्सम्मलाई कति लगीवक्सनुहुन्छ— ५ | पट्नासम्म लेडीहरू १४ जनरलहरू ४ अफिसर पगरि २९ रैफल पल्टन १ के जवान् ७५२ ऐंका व्यांड्को जवान् ५० जनाना नोकर ४१ अरू मानीस २०० डोल्या र भरिया गरी अंदाजी २६०० हाति ३० घोडा ८० गाडा अंदाजी ८० म्याना ६ जानन्— ५ |
| कलकत्तासम्म लेडीहरू कति सर्दार अरू मानिसहरू र घोडा कति लगीवक्सनुहुन्छ— ६ | कलकत्तासम्म लेडीहरू १४ जनरल लगायत अफिसर पगरीहरू ३३ रैफलका जवान् १०१ ऐंका व्यांड जवान ५० अठपहरिया सुवेदार हुद्दा सिपाही जवान् ५१ जनाना नोकर ४१ अरू लाजीमा ५० डोले ५० घोडा १२ पालकी ६ वगी २— ६ |
| मोतिहारीदेषि रेल्को इस्टेशन् पुगनालाई महाराज साहेवले लेडीहरू र सर्दारहरूलाई यका गाडा कुल्लिहरू चाहींछ चाहींदैन चाहींछ भन्या कुन् कुन् कति कति चाहींछ— ७ | रेल्को इष्टेसन्सम्मलाई कुल्ली गाडा जो चाहीयाको म जोहीवाट वंदोवस्त गरी लैजानेछु. आहावाट लग्याको गाडा वेकंवा हुन गयो भने उस्को सट्टा भर्ना गर्नालाई लौउला अथवा हाम्रा पानीवाट लग्याका सबै गाडा बदल्न पर्‍यो भन्या पनि २ दीन् अगाडी साहेवलाई षवर दी मोतिहारीमा वदलुंला— ७ |
| मोतिहारीदेषि रेल्को इष्टेसन्सम्म जादा विचमा कहा कहा वास् होला — ८ | मोतिहारीदेषि पटनासंमको वास् मोतिहारी १ कल्याणपुर २ साहेवगंज ३ षुटाहि ४ लालगंज ५ हाजिपुर हरीहर क्षेत्र ६ पटना ७— ८ |
| महाराज साहेवको कलकत्ता कति दिन् मुकाम् हुंछ - ९ | कलकत्तामा आहावाट जादा ४।५ दीन जगंनाथ पुगी फर्कि आयापछि ८।९ दीन् मुकाम् गर्ने तजवीज गरेको छु— ९ |
| कलकत्ता छोडयापछी काहा जानु हुंछ सो जाने ठाउहरूको पहिले जाहा जाउला यस ठाउमा जाउला भन्या र यस्तो सवारीमा जाउला भंन्या— १० | कलकत्तावाट फर्केपछि वनारस इलाहावाद नासीक वंवै सुदामापुरी वेडद्वारीका पुना त्रीपतिवालाज्यू मद्राज रामेश्वर इ तिर्थ्हरू गरी आउनाको इरादा गरेको छु. रेल् भयाका ठाउमा रेलैमा जहाज पाइने र जान हुने ठाउं मा जहाजमा रेल् जहाजवाट जान नहुने षुस्कीको बाटो गरी जाने जगाहरूमा वगी पाल्की टागीको सवारी गरुंला— १० |
| मोतिहारी वा पट्नामा केही नोट्हरू साट्नुपर्छ पर्दैन. पर्छ भन्या कतिसम्मको— ११ | मोतिहारीमा ३।। लाष् ४ लाष्सम्मको नोट् साट्नु पर्ला — ११ |

श्री ५ महाराजाधिराजका तर्फवाट जान्या तोहफादेषि बाहेक महाराजवाट पनि तोहफा लगि वक्सनुहुंछ की  १२

नेपाल नछोड्दै तोहफाको फिरीस्त र श्री ५ महाराज धीराज वाट लाठ साहेवलाई जाने षरीताको नकल् पठाई दीनु भला बढीया होला— १३

श्री ५ महाराजा धीराजवाट जाने तोहफा वाहेक मेरा तर्फवाट पनि केही तोहफा ली जान्छु  १२

श्री ५ महाराज धीराज तर्फवाट लाठ साहेवको जुनाव्मा जाने षरीताको नकल र तोहफाहरूको फीरीस्त नेपाल् नछोड्दै केही दीन् अघी तपाजीछेउ पठाईदीनेछु— १३

तपाजीवाट मेहरवानी गरी जहाजको वाटो गरी कलकत्ता बाट मद्राज रामेश्वर बंबै भै द्वारीका जान्या नक्सा १ रेलवैको नक्सा १ र रेलवै टाइम् टेबील् १ झीकाई दीनु भया दाम् लेषी आउन्या वीत्तिकै पठाइदीया हुं  १४

(पो. नं ३—६१ जैसीकोठा)

## वली-अहद त्रैलोक्यका महारानीहरू र रणोद्दीपको तीर्थयात्राको वंशावलीको वर्णन

"इनै राजा रणउद्दिपसिंह राणाले चारधाम गर्ने हो भनि श्री ५ वलीअहद माहारानि र आफ्ना रानिहरू लगायेत् भैभारादार सिपाहि अरू चाकरवाकर स्मेत् ८।९ सये लस्कर ली ३७ साल मार्ग वदि ५ रोज २ का दिन नेपालवाट सवारि भै पैले श्रीजगंनाथजीको दर्सन् गरि ताहाबाट श्रीरामेश्वरको दर्सन गरि ताहावाट पनि श्रीद्वारिकानाथको दर्सन् गरि तिनधाम गरि देस देसावरको तमासा हेरि नेपालतर्फ सवारि फिर्दा नारान्हिटि दर्वारवाट र सहरका दरवारवाट श्रीपुरेश्वरसम्म ठाउ ठाउमा ढोका बनाइ सडकका वरिपरि १०।१० हातका बिचमा अनेक रंगरंगका ध्वोजा रापि तिन सहरका र गाउ गाउका नाच वाजा गैहु त्रिपुरेश्वरदेखि नारान्हिटिसम्म सडकका वरिपरि राषि मरमहाजनहरू गैहुले सडकका वरिपरि वसि अविर लावा फुल अक्षेता छरि धूप वाली सिंडुरजात्रा गरि ३७ साल चैत्र शुदि ९ रोज ५ का दिन रातको १ घडी चढदा दर्वार भीत्र प्रवेश गऱ्या ।।

(मसंग रहेको एक अप्रकाशित वंशावली ११५ पृ. बाट । – ज्ञानमणि)

सम्वत् १९४५ साल् मिति आषाढ वदि १२ रोज ५ का दीन रजिडंट डुरेन्ड साहेव वहादुर नारान्हीटी श्री ३ माहाराज वीरसम्सेर जङ्गवहादुर राणाकहा आउदा कुरा भयाको—

रजिडन्ट—

जेठा वली अह (द) माहारानीले अवरजङ्ग हरष जङ्गहरूलाई षानाको केही वंदोवस्त गरी दीनामा तपाजी क्या भंनुहुंछ. अम्वरजङ्गले १० लाष रुपैंञा-को जथा छ भनि भंदछन्

श्री ३ माहाराज—

वली अहद जेठा महारानिले अपराध गरी रजिडन्सीमा गै वस्दा कम्याण्डर इन चीफ षड्गसम्सेर जङ्ग गुरुप्रोहितलाई रजिडन्सीमा पठाई तिम्रो जीउमा केही हुन पाउन्या छैन. आउ वस. अघी तीमीलाई मिल्याको सालको १० हजार रुपैयामध्ये ४ हजार कसुर वापत अहिले कट्टा गरी वर्षको ६ हजार रुपैया पाउछौ भनि पठाउदा उन्ले मन्जुर नगरी म हीन्दुस्थानतर्फ जाउछु भनि श्री ५ महाराज धीराजको इजाजतमा षलल पर्ने हुनाले हीन्दुस्तान् पठाउदैनौ भनि भनिपठाउदा म आफ्ना दाज्यू जित जङ्गकाहा गै वस्छु अंत कही जांन भनि भंदा र रजिडंट वर्कली साहेवले पनि आफ्नु दाज्यूसंग गै वस्छु भन्यापछि कीन नपठाउनु पठाई दीनुहवस् भनि भन्दा उसो भया. इन्ले भदामा मात्रै पठाउनामा

दर्वार राजी छैनन् नीजसंग नीजलाई तिनी भयाका ठाउमा इन्लाई इजत् साथ राष्छु भन्छन् ईनी जान्छु भन्छन् भन्या पठाउने तजवीज होला भनि रजिडंट साहेबद्वारा जीतजङ्गसंग सोधी पठाउदा जीतजङ्गले पनि हुंछ भनि भनि-पठाउदा उन्को जो भयाको जवाहेर नगदी दी पठायाको हो. आहाबाट गै २।३ महीनामा दाज्यूसंग नवसी वाहावाट वनारस आई केही दीन वाहा वर्सी हाल् कलकत्तामा धोजनरसिंसंग वस्याका छन्. इन्को चालचलन् जस्तो छ. इन्का इ काम् गराइले साफ जाहेर हुन्छ. वलिअहद माहाराजका ई रानी जंगवहादुर छदैमा जङ्गवहा-दुरले नै वर्षको जनहि १०।१० हजार षर्चको वन्दोवस्त वाधा गयाका हुन्. कांछी माहारानी वलीअहद छदैछन् उनलाई सो वन्दोवस्त वमोजीम् मील्दैछ. इन्ले यस्तो कसुर गरी आहावाट गै चाल्चलन् आफ्नो ठीक्मा नराषी रह्यापछि. ईनलाई केही दीनालाई दर्वार चाहदैनन्. होईन ईनलाई केही दीनुपर्छ भने लाठ् साहेव् र तपाजी-वाट सल्लाह दीनुहुंछ भन्या अघी गद्दीनसीन् श्री ५ महाराजधीराज राजीन्द्रवीक्रम साहका माहारानी-लाई वनारस पठाउदा जङ्गवहादुर माहाराजवाट निजको षर्च नीमीत्त मैन्हा १ को १०० रुपैंया बन्दोवस्त गरी दियाका छ. यदेपी नीजले सो १०० रुपैया पायाकै छन्. हाल् म प्राइमीनीष्टर भयापछी नीज माहारानीवाट मलाई १०० रुपैंयाले षर्च पुगेन. मलाई दुद षानालाई ५० रुपैया षाउ भनि मलाई लेषी पठायाको चीठी यही हो. हेर्नुहोस् षुद् गद्दीनसीन्का माहारानीलाई जङ्गवहादुर महीनाको १०० रुपैया वन्दोवस्त वाधी गया भनेपछी इनी ता वलीअहदकी रानी मात्र हुन्. उनीको आधी ५० रुपैंया म दींछु— — — —१ अंवरजङ्गका कुरालाई तिनलाई तिन्को धन् दौलत् जवारात् सबै दी जहान वचासमेत् पश्चिम तर्फ पाहाड्मा यक् ठाउमा मुकरर गरा ताहा गै आफ्ना बालवचासमेत् वस्नु भनि नीजलाई वर्षको १२ हजार निजका भाइलाई वर्षको ८ हजार गरी जमा वर्षको २० हजारको वन्दोवस्त गरी राषी दीयाको हो पछि रनविरजङ्गले हामीले नेपाल् हा (न्) न आटचौं तिमी सामेल हुन आउनु भनि लेषी पठायाको चिठी पायापछि पाहाड्वाट तेसतर्फ गयाका हुन्. निजले आहां केही धन् बाकी रह्याको छैन. पछि नीजको र हर्षजङ्गकी रानीहरूले हामी त आफ्ना लाग्ने भयाका ठाउमा जान पाउन्या हौं. भनि दर्षास्त गर्दा आफ्ना धन दौलत् लो जांउछौं भने जाउ भनि नीजहरूलाई पठाई दीन्या काम भयाको हो. नीजहरू जादा तेतिका असवाव् कतिका सन्दुस् ल्यायाका हुन्. वुटवलतर्फवाट अंग्रेजी हाकीमहरूलाई वुझिहेरे थाहा हुन्यैछ. यस् पाला म कलकत्ता जादा जहोरी राये वद्रीदासले अम्बर--जङ्गले लग्येको जवाहेरात्मध्ये चौकडीका मोतीदाना ४ नीज अम्वरजङ्गले हेमेल्टन कंपनिका हाउस्मा २४ हजारमा लीलाम गरी बीक्री गरेको मलाई मछेउ विक्री गर्नालाई ल्यायाको थियो. यो कुरो हो होइन. उनैसंग वुझिहेरे थाहा होला. होईन इनीहरूलाई केही दीनुपर्छ भनि तपाई सल्लाह दीनुहुंछ भने. गद्दीनसीनका रानीहरूले १०० रुपैया पायाका ठाउमा इनीहरूलाई ता ५ रुपैया पनि धेरै भयो. तै म. २०।२५ रुपैंयासम्म दीनामा तयार छु— १

रजिडन्ट—

यति रुपैया लीनालाई तिन्हेरुले काहा मन्जुर गर्ला— २

श्री ३ महाराज —

मंजुर गरेनन् भन्या इनीहरूसंग केहीं ज्मा रहेछ भंने बुझ्नुपर्छ— ३

ऐ—

अघि जङ्गवाहादुर माहाराजले कोत् पर्व गर्दा कोतमा र भंडारषालमा गरी ३ सैको करीव मानीसलाई काटी सबै भारादारका जहान्वचा र रात्भरमा आहावाट नीकाला गरीदीये. कसैले केही लैजान पायेनन्. निज भारादारहरू वृटिस्को

इलाकामा गै वेतियामा र कोही कतै कोही कतै वसि कसैलाई ५।७ वर्ष कसैलाई ८।१० वर्ष पछि तवाहा भयापछी सवैलाई यहि झीकाई षान लाउन जागीरको वंदोवस्त गरीदीयाथ्या भन्या मैले ता इन्हेरुलाई ६० लाष्को करीव रुपैया जवाहीर गरी पठाईदीयाको छ. यो कुरो हो होइन भनि तपाईलाई संषा हुंछ भने पद्म जङ्ग धोजनरसि केदारनरसिंहरूको व्याकमा कति ज्मा छ. बुझि हेर्नुभया थाहा होला. पद्मजङ्गले मलाई लेषेको नीज्को हस्ताक्षरको चीठी यहि हो. हेर्नुहवस् नीजले दाज्यू भाईहरूले षान पाइन भनि मसंग भन आउनेहरूलाई मैले षाये लायेको म षान दीन्छु. भनि लेषेका छन्. निजलाई तिनी जाहावाट गयापछि पनि मेरो दोस्ताना राषेको हुनाले मैले पटनामा ७ लाष रुपैया पुऱ्याइदीयाको छ. जीत्जंगले जाहा नआउने हीशावसंग उठाउन नहुने झाड् फानस् मालमात्र छोडी नगद जवाहेर सुना चादीका भाडा वर्तन् सवै उठाई लगेका छन्. रणवीरजंगको भन्या अंस बन्द हुदा पनि तिनी केही कम् हुनाले ८ लाषको करीबमात्र निजले पायाका हुन्. सो पनि नीजले सवै उठाई सक्याको थीये पछि जाहावाट निकाल्ने वेलामा निज्का तहविल्वाट ७५ असर्फिबाहेक १ कौडी निकलेन सर्कारसंग ५० हजार रुपैया कर्जा ली करजदार भयाको थीया र मैले कसो गर्ने हो भनि मसंग जाने वेलामा सोधदा सो ५० हजार रुपैया माफ दी नगद रु १ लाष ५० हजार रुपैया नीजलाई दी तिमी आफ्ना इमान्मा वसछौ भने महीनाको हजार रुपैया मिल्नेछ भनि वन्दोवस्त गरी पठाईदीयाको हो पछि नीज्ले वेईमानी गर्दा सो रुपैया बन्द भयो. निज जादा वक्सीयाको डेढ लाषको रसिद र ५० हजारको तमसुक मसंगै छ. हेर्नुहुंछ भने म अैले देषाउन सक्छु—

हेर्नुहोस् इनीसमान्का वंवीर विक्रमले इमान् राषी काम् गर्दा अैले धनकुटा गौडाको कमान् मैले दीञ्यू. षुद अम्वरजङ्गका भाईलाई वर्षको ८ हजार अैले दीयाकै छ. षुद जङ्गवहादुरका छोरा जाहा रह्याकाहरूलाई पनि मैले दीयाकै छ—

रजिडन्ट

मैले नीजहरूले सर्कारमा साह्रै झीजायाका हुनाले तपाजीको यस्मा के राये छ भनिमात्र सोधेको हो. यस्मा जस्तो मुनासीव छ. तपाजी गर्नु हुन्यैछ ३

श्री ३ महाराज—

मैले भने कुरा तपाजीलाई भनिसक्ये. जङ्गवहादुरले अरू भारादारलाई पनि फेरि पछिवाट ल्याई परवरीस् गरेथ्ये भने इनीहरू ता झन् मेरो आफ्नै हुन् भयापछि इनीहरू तवाई भै राहामा आया-पछि इनीहरूलाई मैले परवरीस् गर्नेपर्छ गर्ने पनि छु— ४

रजिडन्ट—

मैले भन्याको यो कुरा तपाजीवाट मान्नु भयेन — ५

श्री ३ महाराज—

तपाजीले भन्याभन्दा ज्यादा मैले मानेको छु। तपाजीवाट जहा यक् डच्कौन् (डीपी) राषी २०।३० मानीस राषी काम् गर्नाले क्या हुनु सक्छ— ६

रजिडन्ट—

जाहा तपाइका मेरो सामने काम् हुनाले केही काम् नभयाकोमा तपाजीसंग यो काम् भयेन. यसो गरी दीनुपर्ऱ्यो भनी वरावर तपाजीवाट मेरो कुरा मीलाई काम् गर्नाले धेरै सुवीस्ता साथ् काम् हुनेछ— ७

# आगामी आकर्षण

[राष्ट्रिय अभिलेखालयमा जि. खा. नं. ६ को पाना नं. ४६१ मा दर्ता भई संग्रह भएको श्री ३ जङ्गबहादुरको पालाको नेपाल-भोट लडाई सम्बन्धी विवरण संकलन भएको ढड्डा ठेलीबाट उक्त विवरण क्रमशः यस 'प्राचीन नेपाल' मा प्रकाशनार्थ सर्वप्रथम त्यसमा उल्लिखित विषय पञ्जिका यहाँ दिइएको छ। उक्त ढड्डा ठेली त्यस वखतको राजनीतिक र सामाजिक दृष्टिले अति महत्त्व छ। – सं० ]

## पंजिका

भोट सर्कारवाट गोर्खा सर्कारमाथि विजाई विहुत गरि बिथिति गर्दा अघि सम्वत् १८४५ सालमा षनि नेपाल सर्कार र भोट सर्कारको चित्त नमिली तक्रार हुन जांदा श्री ५ चीन वादशाहवाट फुटुथ्वाङ च्याङच्रुङ पठाई दुवै तरफको झगडा तोडी सम्वत् १८४६ साल चीनको छ्याङ-लुङ ५७ सालमा दुवै तरफको मिलाप गराइ थिति वन्देज वाधिदियाको सोहि थिति वन्देज समेत नाघि नेपालका इलाकाको भोटका दौसाधमा वक्स्या रैयतहरूलाई विजाई विहुत गर्दा भयाको वेहाराका—

१ श्री अम्वाहरूलाई वेला वेलामा गयाको र उतावाट आयाका चिट्ठीहरूका कुरा ठाउ ठावैमा छ।

२ तौक्वां २६ साल भाद्र महिनाका ११ दिन जांदा १९०३ साल ल्हासाका छितारिं सुइतारिन अम्वा २ र पोतला लामाज्यू समेत ३ जनाले लालमोहर गरि पठायाको वेहोरा— १४

३ १९०४ साल ज्येष्ठ वदि ८ रोज २ मा भयाको भोटयाहरूले व्यापार गर्न आउंदा जगात भन्सार लिन्या थिति दरवन्दीका लालमोहरका नकल--- १७

४ १९१० सालमा गोर्षा सर्कार र भोट सर्कारको षासा पट्टिको साध सिमाना सच्यायाका कागतको नकल—

५ ११ साल वैशाष वदि ३ रोजमा कुति वजारमा वन्देज भयाको कागज लेखी थाकाजगाति षासाको नेवुकुचा वा कुतिका ढेवार नेवार थकालिहरूलाई दिया कागजको नक्कल

६ श्री ५ चीन वादशाहलाई अर्जि गयाको—

१० साल पौष शुदि १५ मा अघि श्री ५ वादशाहलाई मानी रहन्याले श्री वादशाहसंग कुल गरि लडन लाग्याको रहेछ भन्या खवर सुन्दा येस वखतमा पुग्या सम्मको टहल मद्दत गर्नु हाम्रो धर्म्म हो भनी हाम्रा मुख्य वजीट १० हजार सिपाहि र ४० टोपलाई चाहिन्या सराजाम स्मेत लि आउन्याछन् जहाँ लडाई गर्नु भन्या हुकुम होला उस जग्गामा गै लडन्याछन् भन्या वेहोराको

७ नाउक्या राम सन्धरले ल्हासामा पुर्‍याउन गयाको—

८ सोही वेहोरामा भोटसंग लडाई गर्नुपर्दा भयाको— गुंथान लिस्तिमा थुमयुमका भला मानिसहरूले राजी-संग दियाको रसदको भाउ—

९ मधेस जिल्लाजिल्लामा रसदका वेहोरामा गयाको दषखतका नक्कल

१० थुमथुमका छाया थरि मुखीया घाट वुढा जिम्मा-वाल मिझार गौहं कटुवाल र कमीसंत महंत भला

आदमी छोटा वडा जागिन्या ढाका रैति पौनिपात चारवर्ग छत्तीसै जातका नाउमा रसदतिर्न्या वेहोराका दसखतको नक्कल ।

११ धनकुटा वालुचुं तरफ टीका सायेत गरि पल्टन रवाना भयाको

१२ …लामा लाठ साहेवल.ई जान्या षरिताको मसौदाका नक्कल

१३ स्याफ्रुटि मुन्यासम्ममा तयार भयाका रतया थर्पुका तपसील ।

१४ सिद्द वस्न्यात खजांचि सिद्धिमानसिं राजभंडारी जिल्ला जिल्लामा जांचि रसद उठन्या तजवोज गरीको नकल

१५ सहर काठमाडौं भर अम्बलकाले रसद तिर्न्या र सोहि रसद टिमुन्याको दाममा वुझाउदा दर भाउको तपसील

१६ चेप्नामस्यांदि पश्चिम भेरिपूर्वका जम्मावाल थरि मुषिया भला आदमी कटुवाल रैयत गैन्हका नाउमा घरमा जोइपोइ मात्र भयाको वाहेक जाहानिया घर हि १ जना जागीर खान हुंदा सिपाहिकासाथ भाइ जनरल वद्रिनरसिंह कुवर राणाजीसंग पाल्पा जान्या काम गर भन्या दसखतको नक्कल—

१७ ह्लासा कुटि केरुं झुगा डिगर्चा वस्न्या १० पालाका थकाली १२ कोठीका नेवार कस्मेरी महाजन गैन्ह र ह्लासा भोट गैन्हका महाजनहरू र गुम्वामा रही धर्म गर्न्या लामाहरूले परस्पर धर्म्मपत्र लेख्याका कागजको नक्कल—

१८ थाकठेनि १२ गाउ मनोभोटमा वलवीर थकालीले जांची चन्हाई पठायाका चौरीझोवा लुलु गदाहा गैन्ह भारी वोक्न्या जनावरको

१९ ११ साल माघ शुदि ५ देखी श्री कम्याण्डर इन फिल गायेत मेजर तकका पगरीहरूलाई रोलवद्याको विस्तार

२० जंगी ऐनको विस्तार

२१ दुश्मनहरूसंग लडाई गर्दा दुश्मनका मुलुकको वाटा घाटा गाउ सहर फौजवासको थाहा नभया आफ्नु हुसियार रहँन भन्या तजवीज गरी जग्गा जग्गामा जाँचन पठाई लेखियाका वाटा घाटा गाउ सहर फौज रसद गैन्हको विस्तार

२२ कौसलमा काम कामको कमानगरी वक्सनु भयाको जम्मा वन्दी तेरीज—

२३ नेपालदेखि केरुंको वाटोगरी टिगरि किल्ला जान्या

२४ काठमाडौंदेखि कुटिको वाटोगरि ह्लासा जान्या

२५ लांकगरको वाटोगरि टिगरिजान्या

२६ षुवुनामजे गोलादेखि डीगर्चा जान्या

२७ च्यामजा गोलादेखि डीगर्चा जान्या

२८ टोपको गोलावाट डिगर्चा जान्या

२९ हटीया गोलावाट डीगर्चा जान्या

३० लापच्या गोलावाट टीगरि मैदान जान्या

३१ फलाक गोलावाट टीगरि मैदान जान्या

३२ वालुंचु दाहिनागरि डीगर्चा जान्या

३३ ऐ वाजांगरि ऐ जान्या

३४ मुस्ताङवाट झुगा जान्या

३५ जुमला छिनासिम्‌वाट ह्लासा जान्या

३६ ऐ वाट ताकलाषार जान्या

३७ ताकलाषारवाट ह्लासा जान्या

३८ षासा लापताङवाट झर्न्या वाटाहरूको विस्तार

३९ वाटावाटामा लंगुर भयाको विस्तार

४० सिकार्जुङदेखि ह्लासासम्म जान्या विस्तार

४१ तातापानिदेखि पेचिन सहरसम्म जान्या वाटाको विस्तार

४२ चीनको अहेवाल भन्याको महाचीन भीत्रका नापी ज्मा

४३ मानिसको ज्मा मुलुकी आम्दानीको ज्मा मानिस पीछे लागन्या महसुल औ सुवाई पीछेका इलाकाभित्र येस चिज वस्तु उपनी हुन्छ भन्या विस्तारको

४४ श्री जनरल कृष्णध्वज कुंवर राणाजिवाट डोटी जुमला वा पठाई लेखी पठायाका ताकलाषार भोटतर्फ वा गडाहा भेंडाच्यांग्रा षसी गैन्हका जम्मा वं—

४५ श्री साहिंला जनरलवाट लेफटेन अम्वरसिं कुंवर राणाजीलाई मुस्ताङतर्फ मार्गे गर्न्या कामको उदि इझारको विस्तार

४६ श्री विर्गेडियर जनरल षड्गवहादुर कुवर राणाजीले वालुंचुंका लंगुर पारचेवा वुझन जान्याले जाँचवुझ गरी ल्यायाको भनि पठायाका रसद वोकन्या जनावर गैह्रको विस्तार—

४७ जङ्गी काम उठाउन्यालाई निसानको सायेत—

४८ केरुं, कुती, झुगा, षासाको ढेवा झुपन मिझार रैयत गैह्रका नाउमा थिति वन्देजको लालमोहर भै गयाको विस्तार —

४९ चैत्र वदि २ रोजमा विदा भै गयाको फौज—

५० श्री विर्गेडियर जनरल षड्गवहादुर कुवर राणाजिबाट लेखी पठायाको वालुंचुंमा ज्मा भयाका रसद जंगी षजानार हटीया च्यांतांसमेतका गोवा मझिया भोटच्याहरूले मुचुल्का लेखी दिया वमोजिमका जनावर स्मेतको विस्तार—

५१ श्री ऐजनका नाउमा जंगी कामको रसद वोकन्या जनावरके र गोठाला चिरुवादार समेतको ज्यालाको दरवंदीको दस्तखत—

५२ चैत्र शुदि १ रोजमा पाल्पावाट वरष पल्टन मुस्ताङ तर्फ रवाना भयाको विस्तार

५३ चैत्र शुदि ६ रोजमा विदा भै गयाको फौज केरुं तर्फ

५४ ऐ शुदि ८ रोजमा विदा भै गयाको फौज लौहगर तर्फ

५५ चैत्र शुदि ६ रोजमा केरुं दखल भयापछि सोही केरुका गाउको तपसिल

५६ ऐ गाउमा भयाका घर चौरी गदाहा घोडा घ्यु रुपिञा उत्रा रसद वोकन्या जवानको ज्मा बंदि

५७ चैत्रका २२ दिन जांदा केरुतर्फ रवाना भयाका फौज

५८ चैत्र शुदि १५ रोजमा श्रीमिनिष्टर जनरलके वोला हात्

५९ जंगी काम निमित्त साविक भन्दा वाहेक थप भयाका फौजका जवान

## १२ साल

६० वैशाखका ८ दिन जांदा केरुं कुटी तर्फ रवाना भयाका फौज

६१ लडाञी परि मुक्त भयाका घाइता भयाको तपसिल

६२ वैशाख शुदि ६ रोजमा केरुं कुटी तर्फ रवाना भयाको फौज

६३ वैशाखका १८ दिन जांदा लेटर पल्टन केरुं तर्फ गयाको

६४ श्री प्राइममिनिष्टरका हजुरमा ताकलाषारका मुषिया लोप्पा दुनियाले पिछा पर्न आउदा राख्याको नजराना

६५ सुना गुम्वामा लडाञो हुदा भोटयाहरू हारी भागी जांदा वांटामा छाडि गयाको मालको जम्मा वंदि

६६ ऐ लडाईमा हानमार गर्न्याको तपसील

६७ कलकत्तामा वकिल हरिभक्त षत्रीलाई लेखि गयाको भोट तर्फ लडाञी गर्न गयाको कैफियत स्मेत फौजको तपसिलवार

६८ सुना गुम्वामा लडाई हुँदा गोली लाग्याका र काटिया-का को तपसिल

६९ श्री मेजर जनरल कृष्णध्वज कुवर राणाजिवाट जांचन पठाइ लेखिपठायाको ताकलाषारदेखि सुनषानी नुन खानीसम्मका विस्तार

७० ढ्याकलीं आडका लडाईमा भोटयाहरू हारी भागी जांदा आडमा छाडिगयाका माल गैन्हको तायदात

७१ ऐ लडाईमा दुवैपट्टिका लस्कर काटियाको र घाइता भयाका तपसिल

७२ श्री वरष पल्टन मुस्ताङको वाटोगरि झगा जादा पल्टन देखिकन आफनामाल जनावर गैह्र छाडिगयाको तपसिल

७३ लामा वगरमा ज्मा भयाको रसद गैह्रको तपसिल

७४ नया अम्वल भयाका लपची १ फलाक छोहर गुम्वा स्मेत गाउ ४ को घरको तपसिल

७५ टासी गाउ सुना गुम्वा टयाकलीं घ्यौर गुम्वाका लडाईमा पक्रियाका भोटयाहरूको तपसिल

७६ झुगा गोदाम घरमा सुवा व्रजमोहन पाध्याका जिम्मा रह्याका रसद गैह्रका ज्मा वंदि वासिल वाकी

७७ केरुं झुगा ताकला षार फलाक तर्फवाट पक्रियाका भोट तर्फका सर्वांक माफ भयाका विर्तावार सिपाहि-हरूको तपसिल

७८ झुग्गा किल्लाका गाउ गाउ र आम्दानी रकम कलम-को तपसिल

७९ घा वन्दोवस्तलाई सिकार्जुंवाट कर्णेल षजांचि षर्दारहरूकासाथ आयाका चिनिया भोटया भारादार-हरूको तपसिल

८० ऐजन भारादारहरूले श्री प्राइममिनिष्टर यानका हजुरमा नजर गुजरायाको तपसिल

८१ भोटले विछुत गर्न्याफाँट थोक् कुरामा श्री अम्वावाट जवाफ लेखि वन्दोवस्त गरि पठायाको विस्तार

८२ भोटवाट विछुतगरि वढता लियाका रकम कलमका ज्मामा ब्याजसमेत हिसावगरि ज्मा वाधियाको तपसीलवारको

८३ नेपाल मुलुकका महाजन गुमास्ता दुनियादार रैति गैह्रलाई साल सालमा भोटवाट विछुत गर्न्याको वेहोरावार

८४ कर्णेल त्रिविक्रमसिंह थापा मुलुकी सुवा हृदयरत्नले अम्वासंग गर्न्या कुराको सवाल

८५ कार्तिक वदि ४ रोजदेखी २८ दिनसम्म झुगा किल्ला र कुतीमा लडाई हुंदा मुक्त भयाका र घाइता भयाका-को तपसिल

८६ कार्तिक वदि ५ रोज ३ का रातमा झुगा किल्लामा मेजर कपतान प्रतिमन कुवर राणाजीका तजवीजले पल्टन ४ ले किल्लाभित्र र किल्लावाट वढाइ दुश्मन संग लडाइ गर्न्याका विस्तार

८७ कुतिका लडाईमा पर्न्याका अफीसर पगरिहरूको नामासी—

८८ कार्तिक शदि १ रोजमा कुतिवाट आयाका पल्टन ५ को कोदाहारिमा भयाका हाजिरी वमोजिमको हाजिरी –

८९ कार्तिक शुदि ४ रोज श्री भैरवनाथ र पुराना गोरष को हाजिरी

९० कुतिमा रह्याका पल्टन ४ का वन्दुक हुन्या नहुन्या हाजिरी वेरामी षेत घाइटा गैन्हका

९१ ताकलाषार गाउका देवानेर्पाविष्ट मुषिया गैन्हका जवान वन्दी मुचुल्का

९२ फेरी कुतिसर भयापछि श्री जनरल धीरसम्शेर जङ्ग कुवर राणाजिवाट कुतिमा रहन्या अफीसरहरूलाई दियाका उर्दिको विस्तार

९३ ताकलाषारमा लडाञी गर्न्या भवानी वक्स कंपनीले मर मिहनत गर्न्याको विस्तार ।

९४ मार्ग वदि १४ देखि २८ दिनसम्म झुगा किल्लामा हमला भै ४ पल्टनले लडाई गर्दा दुवै तरफका मानिस-हरू मुक्त भयाका र घाइटा भयाको विस्तार

९५ मार्ग वदि ३ रोजका दिन ताकलाषारमा लडाइं हुंदा दुष्मन भोटयाको हातहतियार मालमत्ता हातलाग्याको तपसिल

९६ श्री मेजर जनरल कृष्णध्वज कुवर राणाजिले लेखि पठायाको हाम्रा मुमुवज तर्फका रैतिको माल दुष्मनले लुटि लग्याको तपसिल

९७ कर्णेल त्रिविक्रम थापा मेजर कपतान वलभद्र माझी-लाई भोटका भारादारहरूसंग गर्न्या कुराको सवाल

९८ ऐजन सवाल वमोजिम पौष शुदि ६ रोजका दिन झुगामा भोटका भारादारहरूसंग जवाफ सवाल भयाको विस्तार

९९ श्री जनरल जगत सम्शेर जङ्ग कुवर राणाजिका नाउमा भोटका भारादारलाई सहीछाप हलाउनु भनी गयाका वन्दोवस्तको सवाल ३ मध्ये भोटचा भारादारले सहीछाप गऱ्याका कागजको नकलको तपसिल

१०० सिंधुलीमाडीमा भरियाणा मध्ये स्यारसदलिस्ति पुऱ्याउनालाई लाम राष्याका गोदामहरूको तपसिल—

१०१ भोटवाट धा वन्दोवस्त गर्नाकिन आयाका लामा भारादारहरूको तपसिल ।—

१०२ श्री विर्गिडियेर जनरल षड्गबहादुर कुवर राणाजिवाट लेखि पठायाका श्रीजङ्ग गोरखदल हेमालय ध्वज पल्टन ३ मा १२ सालका वालीलाई भर्ना भयाका सिपाहि पियाहरू भाग्न्याको तपसिल

१०३ रमुवा जिल्लामा वनियाका आडको तपसिल

१०४ श्री गोर्षा सरकार भोट सर्कार र दुवै तर्फका भारादारहरू वसि १० कुरामा धा वन्दोवस्तगरि अहद गऱ्याका कागजको नक्कल

१०५ गौडा अड्डावाट आया गयाको चिट्ठीहरू ठाउँ ठाउँमा छ

# डोटी र डँडेलधुराको ऐतिहासिक सर्वेक्षण-प्रतिवेदन

(संवत् २०३९ मार्ग)

—शङ्करमान राजवंशी
—बच्चुराम शर्मा दाहाल
—गंगाप्रसाद चालिसे
—धर्मरत्न वज्राचार्य

श्री ५ को सरकार, राष्ट्रिय अभिलेखालयको मिति २०३९।८।११ को भ्रमण आदेशानुसार मिति २०३९।८।२७।१ मा हामी सम्पादक शङ्करमान राजवंशी, स. ज्यो. आ. बच्चुराम शर्मा दाहाल, स. द. आ. गङ्गाप्रसाद चालिसे, त्या. अ. धर्मरत्न बज्राचार्य, यति ४ जना काठमाडौं हवाई स्टेशनबाट हवाई मार्गद्वारा सर्वप्रथम नेपालगंज हवाई स्टेशनमा पुग्यौं । त्यसको भोलिपल्ट नै डोटी जाने अवसर पाइएकोले मार्ग २८ गते त्यहाँबाट हवाई मार्गद्वारा डोटीको हवाई स्टेशन दीपायलमा उत्र्यौं र सर्वप्रथम त्यहाँदेखि ऐतिहासिक सर्वेक्षण गर्‍यौं । सो क्रमशः दिइन्छ ।

## दीपायल

यो दीपायल स्थल चारैतिर पहाडले घेरिएको सानो उपत्यकाको रूपले रहेको छ । पूर्वतिर सिलगढी तथा कोटभैरवको पहाड, पश्चिमपट्टि अमरसिंह थापाले नेपाल विस्तार गर्दा मुकाम गरेको गढको रूपले रहेको पहाड जसलाई तिखौंली भन्दछन् । दक्षिणपट्टि सेती नदी र उत्तरपट्टि मलात गाउँको डाँडा रहेको छ । यो स्थल समुद्र सतहबाट १३२२ फिटको अग्लाइमा छ । हवाई स्टेशन सेती नदीको किनारैमा रहेको छ । झोलुङ्गे पुलको नजिकै सानो बजार रहेको छ ।

### ऐतिहासिक स्थल दिलीपेश्वर मन्दिर

यो दीपायल भन्ने स्थलको नामाकरण दिलीप राजाले वसिष्ठको नन्दिनी नामक गाईको सेवा गर्दा ती नन्दिनी गाईलाई चरानउ ल्याउने ठाउँ हुनाले दीपायल भन्ने त्यस ठाउँको नाम रहेको भन्ने किंवदन्ती छ । त्यस दीपायलको हवाई स्टेशनको दक्षिणपट्टि सेती नदीकै किनारमा दिलीपेश्वर महादेव अवस्थित छन् । त्यस दिलीपेश्वरको मन्दिरमा हाल श्री ५ बाट बक्सेको चन्दा सहयोगद्वारा जीर्णोद्धार गर्ने काम हुँदैछ । यो दिलीपेश्वरले दिलीप राजाको आगमनलाई पुष्टि गर्दछ ।

### दिलीपेश्वर मठ

पीपलको रूखको छहारीमा रहेको दिलीपेश्वर मन्दिरको क्याम्पभित्र दिलीपेश्वरको मठ रहेको छ । त्यस मठमा हाल चन्द्रनाथ पीर रहनु भएको छ । वहाँले त्यस क्याम्पभित्र विभिन्न फलफूलका बिरुवा लगाई बगैंचाको रूपले सजाई त्यस क्याम्पलाई रमाइलो तथा शोभायमान बनाउनु भएको छ । मठलाई पनि जीर्णोद्धार गरी नयाँमा परिणत गर्नुभएको छ । यस मठको क्याम्पभित्र संगमरमरको गोरखनाथ मूर्ति स्थापना भएको गोरखनाथको मन्दिर पनि त्यसै क्याम्पभित्र भूतपूर्व पीरहरूका ९ वटा समाधि स्थलहरू छन् ।

दिलीपेश्वर मठभित्र प्राप्त अभिलेख–

१. दिलीपेश्वर मन्दिरको भित्तामा रहेको शाके १५७० को पहाडी शाहीको अभिलेख— १

२. दिलीपेश्वर मठभित्र समाधिस्थलको भित्तामा रहेको शाके १६८१ को सिद्धसहजनाथको अभिलेख— १

३. दिलीपेश्वर मठभित्र पर्खालको छेउनिर रहेको अर्को वि. सं. १९६७ को समाधिस्थलको अभिलेख— १

४. दिलीपेश्वर मठभित्र गोरखनाथ मन्दिरमा रहेको गोरखनाथको पाद पीठको वि. सं. २०१७ को अभिलेख— १

दिलीपेश्वर मठका पीर चन्द्रनाथबाट प्राप्त कागजात—

१. संवत् १९५४ पौष वदि ३० रोज ६ को गोडधुवा तहसिल अड्डाले दीपायल–दिलीपेश्वर मन्दिरको निमित्त गरिदिएको तीन छापे पत्र—

२. संवत् १९६९ फाल्गुण वदि ६ रोज १ मा श्री ५ बाट लवनाथलाई दिलीपेश्वरको पूजा आरतीको लागि गुठी जग्गा थामिदिएको लालमोहर—

३. संवत् १८६३ आश्विन शुदि १४ रोज १ मा श्री ५ गीर्वाण युद्ध विक्रम शाहबाट पीर लवंगनाथलाई परापूर्वदेखिको गुठी थामिदिएको लालमोहर—

४. संवत् १८७१ आषाढ शुदि १ रोज ७ मा चौतरिया हस्तदल शाहले तीर्खा गाउँका अमालीलाई तिरो लगाएको तीन छापे पत्र—

५. संवत् १९२६ ज्येष्ठ शुदि ४ रोज १ को जोगीहरूलाई दिलीपेश्वरको कार्यको लागि दिएको शर्तनामा पत्र—

६. संवत् १८९१ श्रावण वदि ४ रोज ५ को श्री ५ महाराजाधिराजबाट झारा वेठवेगर माफ गरिदिएको लालमोहर—

## दीपायलस्थित अरू ऐतिहासिक स्थल

१. दीपायल सेती नदीको किनारमा धोबीघाटमा तातो पानीको धारानिर शिव मन्दिर छ जहाँ शिवरात्रीमा ठूलो मेला लाग्दछ । त्यस धारालाई वसुधारा भन्दछन् ।

२. दीपायल हवाई स्टेशनको दक्षिण दिलीपेश्वरको पूर्वपट्टि जीण भैरव मन्दिर छ ।

३. दीपायल दिलीपेश्वरको पश्चिम सेती नदीको किनारमा दुर्गामाण्डौं (मन्दिर) छ ।

४. वसुधारानेर तोडामाण्डौं छ । त्यो वायु देवताको मन्दिर हो ।

दुर्गामाण्डौंमा रहेका विभिन्न कलात्मक मूर्तिहरू—

१. मुकुटधारी द्विभुज मूर्ति लम्वाई २४ से. मि. चौडाई १२½ से. मि.

२. चतुर्भुज विष्णु मूर्ति लम्बाई २४ से. मि. चौडाई १४ से. मि.

३. चतुर्भुज विष्णु मूर्ति लम्बाई २२½ से. मि. चौडाई १३½ से. मि.

४. देवीमूर्ति लम्बाई २३ से. मि. चौडाई १६ से. मि.

५. देवी मूर्ति लम्वाई ३०½ से. मि. चौडाई २० से. मि.

६. चतुर्भुज विष्णु मूर्ति लम्वाई ३४ से. मि. चौडाई २१ से. मि.

७. द्विभुज मूर्ति लम्बाई २७ से.मि. चौडाई १९½ से.मि.

८. यसै मन्दिरभित्र शिवशक्तिका लिङ्ग छन् ।

## दुर्गामाण्डौंको प्रकार

माण्डौंको आकार प्रकार गाउँले घर जस्तै छ । केवल फरक छानामा गजूर हुन्छ । गजूर भएपछि त्यो माण्डौं भन्ने थाहा हुन्छ । दुर्गामाण्डौंको छानामा ३ वटा ढुङ्गाका गजूर छन् । ढोकाबाट भित्र पसेपछि बीचमा फेरि गर्भ मन्दिर बनेको छ जुन मन्दिरलाई परिक्रमा गर्न हुने गरिएको छ । मन्दिरमा ढुङ्गाको गारो र ढुङ्गाको छाना छ । मन्दिरलाई रातो माटोले पोतेको छ । मन्दिरको अगाडि गजूरका भग्नावशेष द्वारपालको रूपले रहेका छन् । यस दुर्गामाण्डौंको विशेष जात्रा कार्तिक शुक्ल चतुर्दशीमा हुन्छ भन्ने कुरा त्यहाँ टाँसेको एउटा सूचना पत्रले ज्ञात हुन्छ, जुन चतुर्दशीलाई वैकुण्ठ चतुर्दशी भन्दछन् । मन्दिरलाई माण्डौं भन्दछन्, जात्रालाई जाँत भन्दछन् । यो डोटेलीको स्थानीय भाषा हो ।

## दुर्गामाण्डौंको भण्डार

दीपायल दिलीपेश्वरको पूर्व दुर्गामाण्डौंको भण्डार घर छ। यो घर पनि हाल जीर्णोद्धार गरी नयाँ बनाएको छ। यो भण्डारघर पनि दुर्गामाण्डौं जस्तै गर्भ मन्दिर राखेर बनाइएको छ। यस भण्डारघरको माथिल्लो तल्ला–मा व्याघ्रवाहना चाँदीको दुर्गा मूर्ति छ। यहाँ जात्रामा उपयोग गरिने चाँदीको दण्ड, घण्टा, दिया, पात्र, भोकर, कलश, टुटी आदि सामान छन्।

## अमरसिंहको मुकाम गढ

यो गढ गोस्याडा गाउँको उत्तरमा पर्दछ। डाँडाको टुप्पामा करीब १७५ पाइलाको घेरा जतिको किल्ला बनेको छ। गढको भित्र मालिकाको स्थान छ जहाँ दिया पात्रहरू छन्। चोकमा ३०।४० फुट जति गहीरो इनार ईंटाले बनेको छ। गढको किल्ला ढुङ्गाले बनेको छ। चारैतिर सल्लाका रूखहरू छन्। इनारलाई झारपातले पुरेको छ।

## भैरवकोट

यो कोट दीपायलको पूर्व सिलगढीको पश्चिमपट्टि डाँडाको टुप्पामा रहेको छ। यहाँ कुककुट वाहन भैरवको मूर्ति, भगवतीको मूर्ति छ। यो कोट डोटेली राजा विष्णु शाहले बनाएको भन्ने लोकोक्ति छ। भैरव पनि उनैले स्थापना गरेको भन्ने जनकथन छ। त्यसैले उक्त भैरवलाई कोट भैरव भन्छन्। यस कोट भैरवको मन्दिर हाल जीर्णोद्धार गरिएको छ। भग्नावशेष गढको खण्ड १२ छन्। ती गढहरू ढुङ्गाले बनेका छन्। उक्त कोट भैरवस्थानबाट दीपायलको दृश्य छर्लङ्ग देखिन्छ।

## योगेश्वर

परापूर्वकालदेखिको यो योगेश्वर सेती पुलको पूर्वपट्टि वगरमा अवस्थित छन्। त्यहाँ कुण्डाकारले खाल्डो बनेको छ। त्यस कुण्डरूप खाल्डोमा योगेश्वर भनी मानिआएको ढुङ्गा छ जहाँ योगेश्वर शिवलिङ्ग देवको भन्दछन्। त्यहाँ पर्व पर्वमा श्रद्धालु भक्तजनहरू भजन कीर्तन गर्न जान्छन्। त्यहाँका पुजारी दामोदर पाठक ब्राह्मण छन्। तिनले सधैं नित्य पूजा गर्दछन्।

## शिव मन्दिर (तिल मुक्तेश्वर)

योगेश्वरको उत्तरपट्टि खेतमा पर्खालले घेरिएको वारीमा एउटा शिव मन्दिर छ। त्यहाँ संगमरमरको शिव लिङ्ग छ। ती शिवजी तिलक मुक्तेश्वर महादेव हुन्। १९६० सालमा कप्तान बहादुर जंग राणाद्वारा स्थापित यो मंदिरको पुजारी पनि उनै दामोदर पाठक ब्राह्मण हुन्।

लिङ्गको नाप १०×१३½ इन्च छ। त्यसको पूजा गुठी जग्गाको आयस्ताबाट नै चलेको छ।

## भैरवीमाण्डौं

दीपायल सेती नदीको पुलपारी राजापुर पञ्चायत राणा गाउँमा पिपलको वोटनेर डोटेली राजा बलदेव शाहले स्थापना गरेको भैरवीमाण्डौं (मन्दिर) मा भगवती-को मूर्ति छ, जुन भगवती व्याघ्रवाहन हुन्। नाप ११×८ इन्च छ।

## शिव पार्वतीको मूर्ति

राजापुर पञ्चायत राणा गाउँमा संगमरमरको ढुङ्गाले बनेको कलात्मक शिव पार्वतीको मूर्ति छ।

नाप २०½×१२. ¼

## केदारेश्वर

दीपायल सेती नदीको पुलपारी केदारेश्वरको सानो मन्दिर छ। त्यस मन्दिरभित्र अँध्यारो खाल्डोमा केदारेश्वरको शिव लिङ्ग छ।

जनसम्पर्कबाट प्राप्त —

राजापुर राना गाउँमा प्रस्थान गरी हरि विक्रम शाहीसंग सम्पर्क गर्दा काठमाडौंमा राजालाई सालको ९ असर्फि बुझाएर डोटीको राज्य चलन गरी खानु भनी राजा रणबहादुर शाहले डोटीका राजा पहाडी शाहीलाई लालमोहर गरिदिएको थियो। सो लालमोहर ७ सालको क्रान्तिमा कांग्रेसले पोलिदियो भन्ने वहाँको भनाइ छ। वहाँले बताउनु भएको डोटेली राजवंश हालसम्मको निम्न प्रकार छन्।

कृष्ण शाह
|
विष्णु शाह
|
पहाडी शाही
|
बलदेव शाह
|
शूरजंग शाह
|
शमशेर बहादुर शाह
|
पद्म विक्रम — हरि विक्रम
|
पद्म विक्रम शाह
|
मोहन विक्रम
|
जनकबहादुर — जनकबहादुर — नवराज
|
हरिविक्रम

शिवविक्रम, किम्मतबहादुर, लालबहादुर, योगेन्द्र विक्रम, कृष्णबहादुर, द्वारियाबाट प्राप्त –

१. शाके १७०० को कृष्ण शाहको तामापत्र –
२. संवत् १९०७ को जंगबहादुरको पालाको इस्तिहार–
३. संवत् १९०७ को इस्तिहार भीम शमशेरको पालाको लोककथाको मुठ्ठा
४. सूर्यवंशीको वंशावली कागत –

## डोटी जिल्लामा जानकारी भएको क्षेत्रीय तथा जिल्लास्तरीय कार्यालयहरू

१. डोटी साना जलविद्युत् आयोजना, दीपायल, २०३४
२. सुदूर पश्चिमाञ्चल कार्यालय, दीपायल, २०३९
३. पञ्चायत तथा स्थानीय विकास निर्देशनालय, दीपायल
४. सुदूर पश्चिमाञ्चल क्षेत्रीय प्रहरी कार्यालय, दीपायल
५. वाहिनी ५ नं, राजपुर, २०३९ वैशाख १
६. क्षेत्रीय अदालत, २०३९
७. परिवार नियोजन तथा मातृशिशु कल्याण योजना क्षे. का., दीपायल
८. कृषि सामग्री संस्थान, क्षेत्रीय कार्यालय, डोटी
९ सार्वजनिक निर्माण शाखा, डोटी
१०. राष्ट्रिय योजना आयोग कार्यालय, दीपायल, २०३९
११. क्षेत्रीय शिक्षा निर्देशनालय,सुदूर पश्चिमाञ्चल,२०३९
१२. सेती अञ्चल अदालत, डोटी
१३. जिल्ला कार्यालय, डोटी
१४. काली जंग हिमाली गुल्म कोत ब्यारेक, डोटी
१५. कृषि फार्म, भागेतडा, दीपायल, २०२८
१६. परिवार नियोजन, जिल्ला कार्यालय, डोटी
१७. पशु चिकित्सालय, डोटी
१८. नेपाल खाद्य संस्थान, डोटी
१९. दूर संचार संस्थान
२०. नेशनल ट्रेडिङ्ग लिमिटेड, डोटी
२१. कृषि विकास बैंक, दीपायल
२२. राष्ट्रिय वाणिज्य बैङ्क, डोटी
२३. सूचना केन्द्र, डोटी
२४. जिल्ला हुलाक कार्यालय, डोटी
२५. छोटी हुलाक कार्यालय, डोटी
२६. जनकपुर चुरोट कारखाना, उपशाखा कार्यालय, डोटी
२७. जिल्ला जनस्वास्थ्य शाखा, डोटी
२८. हवाई कार्यालय, दीपायल
२९. शाही नेपाल वायुसेवा निगम, दीपायल
३०. रेन्ज कार्यालय, डोटी
३१. दिलीपेश्वर साझा संस्था, डोटी
३२. नेपाल परिवार नियोजन सङ्घ, डोटी
३३. साझा प्रकाशन, डोटी
३४. जडिबुटी उद्यान, डोटी
३५. कोष तथा लेखा नियन्त्रक कार्यालय, डोटी
३६. साल्ट ट्रेडिङ्ग, डोटी, दीपायल
३७. डोटी क्याम्पस, डोटी
३८. जिल्ला माल कार्यालय, डोटी
३९. दीपायल नगर पञ्चायत

४०. जलवायु विज्ञान विभाग, दीपायल
४१. खानेपानी योजना, मुडभरा, डोटी
४२. जिल्ला पञ्चायत सचिवालय, डोटी
४३. लोकसेवा आयोग, क्षेत्रीय कार्यालय, डोटी
४४. जिल्ला प्रहरी कार्यालय, डोटी
४५. जिल्ला कृषि शाखा, डोटी
४६. घरेलु शाखा, डोटी
४७. ५ नं. नापी गोश्वारा, डोटी
४८. सहायक सरकारी अभिवक्ता तथा सहायक सरकारी अभियोक्ता कार्यालय, डोटी
४९. जिल्ला अदालत, डोटी
५०. पि. चन्द्र अस्पताल, डोटी

# डोटी शिलगढ़ी

यो शिलगढी दीपायल हवाई स्टेशनबाट पूर्वपट्टि लागी द्वारी खोला तरी उकालो लागेपछि चिसापानी धारा तथा पौवाहरू आउँछन् । अनि बाघे ठाडोको उकालो आउँछ । त्यसलाई पार गरेपछि डाँडाको टुप्पामा पुगिन्छ । सर्वप्रथम डोटी शिलगढीको कोत ब्यारेक आउँछ । त्यसपछि बजार इन्द्रचोक भन्ने ठाउँ आउँछ । त्यसपछि शैलेश्वरीको स्थान आउँछ । त्यहाँ पद्म व्यावसायिक माध्यमिक विद्यालय र डोटी क्याम्पस छन् । गीता पुस्तकालय पनि त्यहीं छ । क्याम्पस-को पछाडि मुनितिर टुंडिखेल छ । त्यहाँ जिल्ला अदालत र अञ्चल अदालत छन् । शैलेश्वरी स्थानदेखि माथि लागेपछि अरू कार्यालयहरू आउँछन् । यो बजार पूर्व पश्चिम लाम्चो भएर रहेको छ । यहाँ बिजुली तथा धाराहरू छन् । क्रमशः अग्लो, होचो हुँदै गएको यो बजारको दृश्य अत्यन्त रमणीय देखिन्छ । डोटीको अर्को विशेषता खप्तड स्वामीको निवास क्षेत्र भएर पनि बढेको छ ।

## कोत ब्यारेक

यो गढको रूपले रहेको छ । यसभित्र ठाउँ-ठाउँमा पुराना तोपहरू राखेका छन् । गढचाहिं ढुङ्गाको गारोले मजबूतसंग बनेको छ । यो गढलाई खलंगा पनि भन्दछन् । ढुङ्गाको गढ हुनाले यसलाई शिलगढी भनेको हुनुपर्दछ । यो समुद्रको सतहबाट १३३० फिट अग्लाइमा छ । यसको पूर्व भवरडांडा पञ्चायत, दक्षिण पागरी गाउँ, पश्चिम कोट भैरव र उत्तर कलेना पञ्चायत छन् ।

डोटी कोत ब्यारेकमा प्राप्त अभिलेख—

१. शाके १४८० को तामापत्र अर्जुन मल्लको
२. शाके १५५९ को तामापत्र रूद्र शाहीको
३. शाके १७१२ को तामापत्र दीप शाहीको
४. शाके १६... को तामापत्र

यी तामापत्र कोत ब्यारेक गोरखनाथ मन्दिरभित्र राखिएका छन् । बाहिर २ शिलालेख छन्—

१. संवत् १९०१ को शिलालेख
२. संवत् १९०४ को शिलालख

संवत् १९०१ मा चौतरिया दक्ष शाहको पालामा पटांगिनी समेत हवेली भवन बनेको भन्ने कुरा त्यहाँको शिलापत्रमा उल्लेख छ । पहिले यो ब्यारेक गुल्मको नामले प्रसिद्ध थियो । २०२० सालमा आएर मिलिसिया ब्यारेक प्रणालीमा परिणत भयो । त्यसपछि २०२२ सालमा मिलिसियाबाट शाही सेनामा परिणत भयो । त्यसैले त्यहाँका सेनालाई अहिले शाही सेना भन्दछन् ।

कोत ब्यारेकमा रहेका तोपका मिति—

१. स्वस्तिश्री संवत् १८७४ साल वैशाख वदि ३ रोज १ शुभम्
२. स्वस्तिश्री संवत् १८७४ साल वैशाख वदि ३ रोज ६ शुभम
३. स्वस्तिश्री संवत् १८५४ साल श्रीश्रीश्री महाराजा रणबहादुर शाह बहादुर शमशेर जंगको तोप मार्फत कोकिल षवास श्री देवीदत्त कंपनी संवत् १९०४ मा बाटो बनेको भन्ने कुरा कोत ब्यारेक गोरखानाथ स्थानको शिलालेखमा उल्लेख छ ।

## कोत ब्यारेकभित्रका मन्दिर

डोटी कोत ब्यारेकभित्र गोरखानाथको मन्दिर छ। त्यसभित्र खड्ग आदि हतियारलाई पूजा गर्ने गरेको छ। त्यहीं तामापत्र आदि पनि छन्। त्यस गोरखानाथ मन्दिर-को पहाडी उत्तरपट्टि भैरव मन्दिर आदि रहेको छ। हाल सो मन्दिर कालीजंग हिमाली गुलमका परिवारले सं. २०३६ सालमा जीर्णोद्धार गरी नयाँ बनाएको छ। उक्त मन्दिर जीर्णोद्धार गर्ने सामानहरू झिकी खन्दा दुइवटा प्राचीन मूर्ति भेटिएका रहेछन्। ती मूर्ति त्यही मन्दिरभित्र राखेका छन्। त्यस मन्दिरभित्र देवस्थान दुई खण्डमा विभाजन गरी पहिलो खण्डलाई दुग्ध भैरव र दोस्रो खण्डलाई काल भैरव भन्ने गरेको छ। दुग्ध भैरवलाई केवल दूध मात्र चल्दछ, काल भैरवलाई रगतमात्र बली चल्दछ भनी कोतका सिपाहीहरू भन्दछन्।

## कोत ब्यारेकमा प्राप्त त्रिपुरा सुन्दरी मूर्ति

यी मूर्ति उभिएकी चतुर्भुजा देवीको रूपले विराज-मान छिन्। दाहिनेपट्टिको माथिल्लो हातमा रूद्राक्ष माला र तल्लो हातमा विन्दु मुद्रा छन्। कम्मरमा पेटी सहितको जामा लगाएकी, गलामा भूषण, शिरमा मुकुट, कानमा कुण्डल धारणा गरेकी छन्। मूर्तिको बायाँतर्फ जमीनमा कलश र त्यसको मुनि व्याघ्र वाहना तथा बायाँपट्टि पानसले सुशोभित कलात्मक मूर्ति छ जुन मूर्तिको पृष्ठ-भागमा घेरामा अभिलेख कुँदिएको छ। सो अभिलेखमा शाके १५७१ अङ्कित छ। यो मूर्ति राजा विक्रम शाहीको पालामा राजकन्या देउमतिले पुर्कोट दुर्गास्थानमा स्थापना गरेको भन्ने कुरा त्यस मूर्तिको पृष्ठमा उल्लिखित अभिलेख-ले बताएको छ। शायद त्यसवखत उक्त स्थानलाई पुर्कोट दुर्गास्थान भनिन्थ्यो अथवा त्रिपुरकोटबाट पछि त्यहाँ ल्याएर राखेको होला। यसलाई अहिले दुग्ध भैरव स्थानको खण्डमा राखिएको छ।

## अर्को गरुड मूर्ति

यो मूर्ति दुई भुजा उभिएको दुवै हातले सर्प समातेको, दाहिनेपट्टिको हातले सर्पको टाउको र देब्रेपट्टि-को हातले पुच्छर समाई मालाले रूपले घुंडादेखि तल लट्केको, शिरमा पखेटायुक्त मुकुट धारणा गरेको, मुखमा चुच्चोको आकार भएको यो मूर्ति प्राचीनकालको गरुड मूर्ति बुझिन्छ। ढुङ्गा शालिग्रामको जस्तो कालो भै टल्किएको छ। यस मूर्तिलाई कालभैरवको स्थानको खण्ड मा राखिएको छ। त्यसैले अहिले यस मूर्तिलाई काल–भैरवको रूपले मानिआएको छ।

कालीजंग हिमाली गुल्म नामक डोटी कोत ब्यारेकको भैरव मन्दिर जीर्णोद्धार गरिराखेको अभिलेखमा शाके १५७१ पौष वदि २ शनिबार शुक्ल पक्षमा स्थापना भएकी श्री दुर्गा भवानी, श्री त्रिपुरा सुन्दरी देवी तथा कोत भैरवको मन्दिर उ. स. श्री लोकबहादुर खत्रीको निर्देशन अनुसार कालीजंग हिमाली गुल्म परिवारले सभक्तिपूर्वक जीर्णोद्धार गरियो भनी मिति २०३६।१।५ उल्लेख गरेको छ।

## डोटी बजार इन्द्रचोकको शिव मन्दिर

यो शिव मन्दिर ईंटाले बनेको ढुङ्गा छाना भएको पश्चिम ढोका गरी रहेको छ। मन्दिरभित्र शिवलिङ्ग छ। शिवलिङ्गको माथि त्रिकुटी जलधारा राखेको छ। मन्दिर-को दाहिनेपट्टि कुलमानसिं वस्न्यातले संवत् १९०८ मा चढाएको घण्टा छ। त्यस मन्दिरको अगाडि तामाको साँढे छ। मन्दिरको नजिकै शिलाको गणेश मूर्ति छ।

२००७ साल अगाडि मालबाट चतुर्मासा पूजा खर्च मिल्ने गर्थ्यो भनी स्थानीय मानिसको भनाइ छ। यस मन्दिरमा विशेष गरी तीजमा र शिवरात्रिमा मेला र पूजा हुन्छ भनी स्थानीय मानिसद्वारा ज्ञात भएको छ।

## वटुक भैरव मन्दिर

डोटी इन्द्रचोकको शिव मन्दिर नजिकै वटुक भैरव मन्दिर छ। त्यहाँ चारैतिर पर्खालले घेरेको मात्र छ। त्यसैलाई मन्दिर भन्ने गर्दछन्। त्यसभित्र त्रिशूलहरू मात्र गाडी राखेका छन्। दशैंमा विशेष पूजा हुन्छ। भैरव पूजाको निमित्त मालबाट पर्व–पर्वमा खर्च आउँछ। त्यसका लागि लालमोहरै भएको छ भन्ने स्थानीय जनताको भनाइ

छ। तर त्यो लालमोहर मालमा छ कि भनी बुझ्दा देखिएन। कारण २००७ सालको क्रान्तिमा पोलिसकेको कुरा ज्ञात भयो। त्यस भैरव मन्दिरमा संवत् १९७९ को एउटा घण्टा छ।

## राधाकृष्ण मन्दिर

यो भव्य मन्दिरले इन्द्रचोक बजारलाई शोभा बढाएको छ। यो मन्दिर पहिले साधारण खालको थियो। पछि स्थानीय जनताको सहयोगले यो मनोरम एवं भव्य मन्दिर बनेको हो भन्ने स्थानीय जनताको भनाइ छ। त्यस मन्दिरभित्र आधुनिक कलात्मक ढंगले बनेको संगमरमरको राधाकृष्ण मूर्ति छ। त्यहाँ प्राचीनकालको पित्तलको कृष्ण मूर्ति पनि छ। यस मन्दिरको जीर्णोद्धार २०१७ सालतिर भएको जनकथन छ। यहाँ पनि कृष्णाष्टमीमा कृष्णको विशेष पूजा र जात्रा हुन्छ। यहाँ संवत् १९२८ सालमा जनताले चढाएको पित्तलको गजूर तथा संवत् २०१७ सालमा चढाएको चाँदीका छाता छन्।

## सरस्वती मन्दिर

ढुङ्गे छानो र ढुङ्गे गारोले बनेको सरस्वती मन्दिर शिलगढी डाँडाको उत्तरी पाखोमा छ। पश्चिमतर्फ गणेश छन्। त्यसैको बीचमा घण्टा र कलात्मक काठका खम्बा छन्। भित्र फलामे सिक्री छ। त्यस पर्खालभित्र शिलाका गणेश मूर्ति छन्। दक्षिणतिर आँपका रूख छन्। गणेशको नजिकै घण्टा फलामे सिक्रीले झुण्डचाएको छ। सरस्वतीको चाहिं तामाको यन्त्र मात्र छ, मूर्ति छैन। भित्तामा दियो पात्र र मन्दिरको शिरो भागमा गजूर छन। ठाउँ रमणीय छ जुन ठाउँ सानो जंगलको बीचमा रहेको छ।

## शैलेश्वरी मन्दिर

डोटी शिलगढीको मुख्य प्रसिद्ध मन्दिर शैलेश्वरको भव्य मन्दिर हो। यो मन्दिर सिमलको रूखको गाछीमा सुशोभित छ। यस मन्दिरको पछाडि भैरव मन्दिर छ। त्यस मन्दिरको बाहिर नौलो छ। शैलेश्वरी मन्दिरभित्र यज्ञ कुण्ड छ जहाँ हवन कार्य सम्पन्न हुन्छ। शैलेश्वरी देवीको मूर्ति छैन, केवल ढुङ्गा मात्र छ। यो शैलेश्वरीबारे जनकथन के छ भने पागरी गाउँमा कुनै एकजनाले हलो जोत्दा फटिकको ढुङ्गा निस्क्यो जुन फटिकमा हलोको चोट लाग्दा रगत निस्केको थियो। त्यसलाई उक्त हलो जोत्ने मानिसले कपडाले बेरी थैलीमा हाली घरमा ल्याएर एक ठाउँमा झुण्डचाइराखेका थिए। केही दिनपछि त्यहाँबाट त्यो कपडाले बेरिएको ढुङ्गो थैलो समेत अलप भयो। शिलगढी बस्ने त्यस मानिसलाई सपना भयो जुन सपनामा शैलेश्वरीले म यहाँ छु. यहाँ मलाई स्थापना गर भनेछन्। त्यसपछि सपनामा बताए बमोजिम हेर्न जाँदा त्यस प्रकार-मै यथावत् पाइएकोले उक्त शैलेश्वरीको ढुङ्गालाई शैलेश्वरी भगवती मानी स्थापना गरेको हो। शिलाको भगवती हुनाले शैलेश्वरी नामले प्रसिद्ध भइन्। शैलेश्वरी मन्दिर अगाडि हनुमानको मूर्ति छ। त्यहींनिर काठको नग्नाकालीका देवीको मूर्ति छ। त्यहीं त्रिशूल पनि शैलेश्वरी मन्दिरमा विभिन्न जनताले चढाएका १२ वटा घण्टा छन्।

घण्टाभिलेख मिति—

१) शाके १८३९ चैत्र शुदि ८ को घण्टाभिलेख
२) शाके १८२७ को घण्टाभिलेख
३) विक्रम संवत् १९७५ को घण्टाभिलेख
४) विक्रम संवत् १८९५ वैशाख शुदि ३ को घण्टाभिलेख
५) विक्रम संवत् १९४३ कार्तिक शुदि १३ को घण्टाभिलेख
६) विक्रम संवत् १९८० कार्तिक शुदि १५ को घण्टाभिलेख
७) विक्रम संवत् १९४१ आश्विन शुदि ८ को घण्टाभिलेख
८) विक्रम संवत् १९६९ कार्तिक शुदि १५ को घण्टाभिलेख
९) विक्रम संवत् १९९३ वैशाख शुक्ल १ को घण्टाभिलेख
१०) विक्रम संवत् १९७७ वैशाख शुक्ल १५ को घण्टाभिलेख

११) विक्रम संवत् १९७५ माघ शुदि ५ को घण्टाभिलेख
१२) विक्रम संवत् १९५४ कार्तिक शुदि १५ को घण्टाभिलेख

## शैलेश्वरीको उत्पत्ति कथन

सेती अञ्चल कैलाली महवारा झुगाका तेजनारायण श्रेष्ठबाट प्रकाशित श्री शैलेश्वरी महात्म्यमा शैलेश्वरी उत्पत्तिबारे स्कन्दपुराण अन्तर्गत मानस खण्डबाट एक पौराणिक कथा दिइएको छ । उक्त कथामा शिलगढीको पर्वतलाई चन्दन पर्वत भनिएको छ । सो पर्वतमा शिव पार्वती आनन्दपूर्वक विहार गरिरहेको वेलामा ब्रह्मादि देवताहरूले दर्शनार्थ खोजी गर्दै आउँदा पार्वती लाजले शिलाभित्र लुकिन् । अनि शिवजीको उपदेशानुसार प्रार्थना स्तुति गर्दा उक्त शिलाबाट प्रकट भई देवताहरूलाई दर्शन दिइन् । त्यसरी शिलाबाट उत्पत्ति भएका हुनाले शैलेश्वरी भनी उल्लेख गरेको छ ।

यस कथाले पागरी गाउँमा जमीनभित्र लुकेकी शिलादेवी हलो जोत्दा उत्पत्ति भइन् भन्ने जनकथनलाई पुष्टि गरेको छ । तर जुन उत्पत्ति भएकी प्राचीन शिला देवी २००७ साल पछि चोरी भई हरायो, त्यसैको प्रतीक अर्को शिला हो भन्ने स्थानीय जनताको भनाइ छ ।

## चन्दागिरी अर्थात् शिलगढी

शिलादेवी भनेर अहिले कालो गोल परेको शिलालाई पूजिएको छ । त्यहाँ चाँदीका गणेश मूर्ति चण्डेश्वर भैरव मूर्ति राखिएका छन् । शिलादेवीको अगाडि खोपामा चाहिं शिलाका शिव पार्वतीको मूर्ति राखिएका छन् । शिलादेवीको माथि चाँदीका छाता र चंदुवा छन् । छातामा शाके १८११ तथा चंदुवामा चाहिं संवत् १८८१ मा बहादुर शमशेरले चढाएको भनी उल्लेख छ ।

शिलादेवी विराजमान भएको उक्त शिलगढी पर्वतलाई चन्दन पर्बत भन्नेबारे त्यहीं रहेको संवत् १९७५ को घण्टामा पनि श्री चन्द्रनाद्रि शिखरस्थित शंभू रूप प्रीतमै भनी उल्लेख गरेको छ । तर अहिले शिलगढी भन्ने गरेको छ । सो भन्नाको कारण शिलाको गढ भएको अथवा शिलादेवीको गढ रूप स्थान हुनाले शिलगढी भनेको हुनुपर्दछ । डोटी भनेर नाम कसरी रह्यो त्यसको कारण थाहा हुन सकेको छैन ।

## देवीधारा

शिलगढीको उत्तरी पाखोमा शैलेश्वरीको भण्डार घर छ । त्यस घरभन्दा अलि तल देवी धारा नामक ढुंगे धारा छ । उक्त धारा शिलगढी बस्ने साहु दीर्घनारायण श्रेष्ठले वि. सं. १९६७ मा शैलेश्वर प्रीतिका लागि बनाइदिएका हुन् । उक्त कुरा उनले त्यस धारामा राखेको शिलालेखबाट ज्ञात हु छ । सो देवीधारा पहाडको पाखोको खोंचमा रहेको छ । उक्त धाराको चारैतिर मजबूत ढुंगाको पर्खालले घेरेको छ । धाराको शिरो भागमा हात्तीको मुख कुँदेको छ ।

## रानीधारा

शिलगढीको उत्तरी पाखोमा देवीधाराभन्दा पर रानीधारा नामक ढुङ्गेधारा छ । यो धारा वि सं. १९५२ मा लेफ्टिनेन्ट कर्णेल विक्रमबहादुर राणाले आफ्नो दिवंगत जेठी रानीको पुण्यका लागि बनाइदिएको भनी सोही धारामा राखेको शिलालेखले बताएको छ ;

शैलेश्वरी वरिपरि रहेका अभिलेख—

१) गीता पुस्तकालयमा रहेको संवत् १८९३ को शिलालेख
२) शैलेश्वरी पछाडि खुट्किलोनिरको संवत् २०३० को शिलालेख
३) शैलेश्वरी मन्दिरको वि. सं. २०३५ को शिलालेख
४) मुक्ति पौवाको संवत् १९६३ लो शिलालेख
५) गणेश मन्दिरको संवत् १९९६ को शिलालेख
६) शिलगढको पानी ट्यांकीको संवत् २०१७ को शिलालेख
७) शैलेश्वरी मन्दिर अगाडि त्रिशूलको संवत् १९६६ को अभिलेख

८) शैलेश्वरी मन्दिर पछाडि घण्टामाथि रञ्जनाक्षरले लेखेको शाके १८२८ को शिलालेख

डोटी शिलगाउँ बस्ने उमाकान्त भट्टबाट प्राप्त—

१) वैद्यकसम्बन्धी पुरानो छापा पुस्तक

२) रामानुज संप्रदायको हस्तलिखित पुस्तक

३) स्कन्द पुराण अन्य प्रकीर्णसहित हस्तलिखित पुस्तक

शिलगाउँ बस्ने देवीभक्त जोशीबाट प्राप्त—

१) ज्योतिषसम्बन्धी हस्तलिखित पुस्तक

डोटी शिलगाउँ श्री पद्म व्यावसायिक माध्यमिक विद्यालय—का प्रधानाध्यापक एकराज भट्टबाट प्राप्त ऐतिहासिक कागजात—

१) सं. १९३... को राजा कीर्तिबहादुर सिंहले पुजारी रघुनाथ भट्टलाई लेखिदिएको स्याहा मोहर

२) वि. सं. १९४१ मार्ग वदि १ को ले. क. प्रेमजङ्ग राणाले पुजारी गौरी शङ्कर भट्टलाई पूजा खान्की सम्बन्धी गरिदिएको थमौती पत्र

३) वि. सं. १९४२ कार्तिक वदि १ को लो. क. प्रेम जङ्ग राणाले पुजारी गौरीशङ्कर भट्टलाई पूजा सम्बन्धी गरिदिएको थमौती पत्र

४) वि. सं १९५४ आश्विन शुदि १५ को बलदेव शाही-लाई श्री ५ बाट माना चावल बक्सेको लालमोहर-को नक्कल

५) वि. सं. १८७९ आषाढ वदि ४ को चौतरिया पुष्कर शाहले बलदेव शाहलाई माना चावल सम्बन्धी गरिदिएको पत्र

६) वि. सं. १८७६ आश्विन वदि २ को चौतरिया बम शाहले पं० विश्वनाथ उप्रेतीलाई जग्गा थमौती गरिदिएको पत्र

७) वि. सं. १९०९ चैत्र वदि .. को सरदार कनक सिंहतले पुजारी रघुनाथ भट्टलाई गरिदिएको कमारी सम्बन्धी पत्र

८) वि. सं. १९२० फाल्गुण वदि १२ को ख. रघुनाथ जोशीले हनुमान गुठीको खर्च बुझिदिएको रसिद पत्र

९) सं. १८९९ माघ शुदि २ रोज ४ मा पुन्ना गाउँ बस्ने महीन्द्र महर र माने महरलाई जग्गा सम्बन्धमा गरिदिएको पत्र

१०) सं. १९२४ चैत्र वदि ४ रोज ५ मा सुब्बा रघुनाथ जोशीले हनुमान गुठीको खर्च बुझिदिएको पत्र

११) संवत् १९४० फाल्गुण शुदि १ रोज १ मा ले. क. उपेन्द्र विक्रम राणाले पुजारी गौरी शङ्कर भट्टलाई पुराना कारोबार सम्बन्धमा दिएको पत्र

१२) सं. १९४२ प्रथम ज्येष्ठ वदि ८ रोज ५ मा ले. क. प्रेमजंग राणाले थलारी राजा कीर्तिबहादुर सिंलाई सुना चाँदी पोशाक आदिको लगत पठाउनु भन्ने बारेको पत्र ।

१३) सं. १९४३ आश्विन शुदि १३ रोज ४ मा मे. ज. उपेन्द्रविक्रम राणाले पुजारी गौरीशङ्कर भट्टलाई बोलावट गरी लेखेको पत्र

१४) सं. १९१८ कार्तिक वदि २ रोज १ मा मे. ज. कृष्णध्वज कुँवर राणाले पुजारी रघुनाथ भट्टलाई पूजा पाठ व्यवस्था सम्बन्धी गरिदिएको पत्र

१५) सं. १९४३ फाल्गुण वदि ३ रोज ५ मा क. क. तेजबहादुर राणाले पुजारी गौरीशङ्कर भट्टलाई शिलादेवीको पूजा थामिदिएको पत्र

१६) सं. १८८४ आश्विन शुदि ७ रोज ५ मा चौतरिया जान शाहले शिलादेवीको पुजारी रामेश्वर भट्टलाई खान्की थामिदिएको पत्र

१७) सं. १९९३ पौष वदि ६ रोज ४ मा चौतरिया बबरजंग शाहलाई पौवामा झारू बढारू गर्ने चिताइ-दार राखी शिलादेवीका गुठी चलाउनू भनी श्री ५ बाट गरिदिएको रूक्का लालमोहर

१८) सं. १९४२ कार्तिक शुदि १४ रोज ७ मा ले क. प्रेमजंग राणाले पु. गौरीशङ्कर भट्टलाई परापूर्वदेखि शिलादेवीको पूजा गर्न भन्ने दस्तखत पत्र

१९) सं. १९२३ माघ शुदि ८ रोज ४ मा श्री ३ महाराज जङ्गबहादुरले शमशेरध्वज कुवरराणालाई कमारा–कमारी सम्बन्धमा लेखेको पत्र

२०) सं. १९३८ भाद्र शुदि १३ रोज ४ मा क. सुरथजंग राणा बहादुरले थलारी राजा कीर्तिबहादुर सिंहलाई कामदारहरूको कच्चावारी मोठ पठाउनु भन्ने बारेको पत्र

२१) सं. १९४२ श्रावण शुदि १२ रोज ७ मा डोटी शिलगढीको मसलन्द अड्डाले थलारी राजाका काम–दार पुजारी गौरीशङ्कर भट्टलाई पूजा व्यवस्था थमौती सम्बन्धमा लेखिदिएको पत्र

२२) सं. १९२९ आषाढ शुदि ७ रोज ७ मा ले. कुलध्वज थापा क्षेत्रीले पट्केलाई एकमुष्ट गरिदिएको रसिद पत्र

२३) सं १९५१ पौष शुदि १४ रोज ५ मा डि. ठगी खड्का क्षेत्रीले पुजारी गौरीशङ्कर भट्टलाई सापटी लिई गरिदिएको पत्र

२४) सं. १९२७ फाल्गुण शुदि ९ रोज ३ मा कालीजंग राज भीम पल्टनका दफ्तर खानाले पुजारी गौरी शङ्कर भट्टलाई तहवील दाखिल सम्बन्धमा गरि-दिएको पत्र

२५) सं. १९१७ चैत्र वदि १० रोज ५ मा ले. कुलध्वज थापा क्षेत्रीले ठेक पोता असुल कीर्तिबहादुर हस्ते बुझिलिएको पत्र

२६) सं. १९२६ फाल्गुण वदि १ रोज ५ मा कालीजंग राज भीम पल्टनका दफ्तर खानाले काशिनाथ उपाध्या जिम्मा तहवील दाखिल भयो भनी लेखि–दिएको रसिद पत्र

२७) सं. १८९९ माघ शुदि १५ रोज ३ मा चौ. बबरजग शाहले जमाधार गुमानी कठायत र मुरारी जोशीलाई शिलादेवी पूजा वापत दक्षिणा भरी देउ भनी लेखिदिएको पत्र

२८) सं. १८८८ फाल्गुण शुदि १२ रोज ३ मा चौ. पुष्कर शाहले जिम्मावाल नरपति कठायतलाई शिलादेवीको नगरा बजाउने खान्की राखिदिएको पत्र

२९) सं १८९० पौष वदि ७ रोज ५ मा रंजित गोसाई शालीवान् गोसाईले रघुनाथ पुजारीलाई खान्की हस्तान्तरण गरिदिएको पत्र

## फुलोट काडामाडौं

फुलोट खिरसेन गाउँ पञ्चायतको वडा नं. २ मा पर्दछ । त्यहाँका ऐतिहासिक तथा धार्मिकस्थल काडामाडौं हो । डोटीबाट पूर्वतिर लागेपछि उदितोला गढी गाउँ आउँछ । फुलोट खोला र गन्ने खोलोको दोभानबाट उकालो लागेपछि डुम्राकोट आउँछ । त्यहाँबाट पनि तेर्सो लागेपछि चैंकोट आउँछ । त्यहाँ बीमकोटे राजाको गढी छ । अनि खिरसेन गाउँ पञ्चायत अन्तर्गत फुलोटमा काडामाडौं आउँछ । त्यहाँ शाजेश्वर लक्ष्मीदेवी, भैरवका मन्दिर छन् । जुन मन्दिरमा पुराना काठका मूर्तिहरू छन् ।

## श्री मालिकास्थान

काडामाडौं र मालिका दुवै गाउँ पञ्चायत गाभेर सिपाटा नामकरण भएको छ । त्यहाँ बायाँतिर भगवती बीचमा मालिका र दायाँतिर कालिकाका मूर्ति छन् । भगवतीको अगाडि अखाबत्ती बालिएको कुण्ड छ । ठूलो दियोमा तोरीको तेलको बत्ती बलेको हुन्छ । मालिकाको मन्दिर अगाडि शिलाका गणेश र भैरव मूर्ति छन् । मन्दिर-को चारैतिर पर्खाल लगाएको छ । आँपको ठूलो गाछीमुनि खेतको बीचमा स्थित यस मन्दिरको उत्तरपट्टि भण्डार घर छ । अमरसिंह थापाले मालिकाको निमित्त वार्षिक गुठी राखिदिएको छ । मालिका मन्दिरमा शाके १७५४ को अमरसिंहले राखेको १५ धार्नीको घण्टा छ ।

त्यहाँ मानिने स्थानीय विशेष जात्रा वा मेला उत्सवहरूमा भूवा, डोली, जात्रा, विजयादशमी, चैत्र अष्टमी, कार्तिक शुक्ल, नवमीमा जात्रा आदि हुन् ।

फुलोट खिरसेन देवीलाल उपाध्यायबाट प्राप्त–

१. सं. १९९८ को पूजा खर्च सम्बन्धी सनद
२. सं. १८६१ को लालमोहरको नक्कल

३. शाके १२०९ को फाल्गुणको तामापत्र

४. संवत् १८६० को गुठी थमौतीसम्बन्धी स्याहा मोहरको नक्कल

काडामाडौं खप्तड नजिक — ईश्वरीदत्त जोशीबाट प्राप्त—

१. सं. १९२५ पौष शुदि ३० मा जंगबहादुरले गरिदिएको हुलाक व्यवस्थासम्बन्धी रूक्का

२. सं. १९२१ मा रणोद्दीप सिंहले मालिकाको पूजा व्यवस्था थमौतीसम्बन्धमा गरिदिएको पत्र

३. शाके १७०१ को तामापत्र

## भूमिराजमाडौं

भूमिराजमाडौं गा. पं. मा भूमिराज मन्दिर, देवी मन्दिर र मष्टाका मन्दिरहरू छन् । दुर्गामाडौंमा दुर्गामाडौं (मन्दिर) छन् । यहाँ भाद्रदेखि मंसीरसम्ममा जात्रा मेला लाग्दछ । कफलेगी गा. पं. मा कफलेगी मन्दिर छ ।

## कालिकास्थान

यो कालिकास्थान गा पं. वडा नं. ३ मा पर्दछ । यहाँ कालिका युगा भैरव कामन्धरी देवताका मन्दिर छन् । यहाँको विशेष ऐतिहासिक तथा धार्मिकस्थल मानिने ठाउँ–को नाम देहीमाडौं, वाङ्ग ककानी, मेवा, जगदह तिखागढी हुन् । यहाँ मानिने जात्रा तथा मेला जोत विसैं छन् । जोत मानिने मुख्य कार्तिक शुक्लमा हो ।

## धुरीकोट

यो मुडभरा गाउँ पञ्चायतमा पर्दछ । यो कोत राजा हरिशाहीले बनाएको भन्ने जनकथन छ । लाटा–माडौं, काफलीदेवी मन्दिर, घण्टेश्वर, भागेश्वर आदिका मन्दिर छन् । काफलीको देवीलाई भाद्र शुक्ल चतुर्दशी र कार्तिक शुक्ल पञ्चमीमा विशेष पूजा गर्दछन् ।

## केदार अखाडा

केदार अखाडा गा. पं. वडा नं. ६ मा पर्दछ । यहाँ मुहुज्याल मष्टादेवता केदार वेताल देवताहरू तथा जयनाडी साउदी नामका विभिन्न देव देवता छन् । नरयाल देवता पनि कोही भन्दछन् । तर मूर्ति नभई केवल शिल्प मात्रै छन् । यहाँको ऐतिहासिक तथा धार्मिकस्थलको नाम चालिस भगवतीको स्थान भन्दछन् । देवताहरूको जात्रा, दर्रो मेला, अन्य उत्सवहरू विभिन्न पर्वमा हुन्छन् ।

## पोखरी गा. पं.

यो पोखरी गा. पं. वडा नं. ५ मा पर्दछ । त्यहाँको ऐतिहासिक तथा धार्मिकस्थलको नाम पोखरी भनिन्छ । त्यहाँ विशेष जात्रा मार्गशुक्ल अष्टमीमा हुन्छ । त्यस देवीको गाँज बनाएर जात्रा गरिन्छ । त्यहाँका जनता त्यस देवीलाई मानादेवता भन्दछन् । त्यस देवीको जात्रा पहिले गुठीबाट चल्ने गरेको रहेछ । अहिले कटौती भएको छ । भाद्र शुक्ल अष्टमी तथा चैत्र शुक्ल अष्टमीमा पनि त्यस धार्मिक स्थलमा मेला लाग्दछ ।

## छतिवन गा. पं.

छतिवन गा. पं. को वडा नं. ३ मा कफलकट्टेश्वर देवताको पत्थर लिङ्ग छ । यस कफलकट्टेश्वर देवताको मन्दिर नजिकै छतिवन नामक तलाउ छ । यहाँ कार्तिक शुक्ल षष्ठीमा धूमधाम मेला लाग्दछ । यस तलाउको नजिकै देवता छन् । त्यसलाई मसानी देवता भन्दछन् । यी देवताको पूजा कार्तिक कृष्णाष्टमीमा हुन्छ । वडा नं. ६ रीठीमा गंगोली देवता छन् । तिनको पूजा भाद्र शुक्ल पूर्णिमाको दिन हुन्छ । वडा नं. ५ मा रीठीमा गोजनकट्टी देवताको स्थापना भएको छ । त्यहाँ विजयादशमीको दिन मेला लाग्दछ । वडा नं. ३ मा पत्तदा जनिक छहरा नामक छहरा छ । त्यहाँ वैशाख १ गतेका दिन मेला लाग्दछ । अरू वडा नं. १, २, ४ मा साना साना देवस्थलहरू छन् ।

## गडसेरा गा. पं.

गडसेरा गाउँ पञ्चायतको वडा नं. ८ मा तेडी देवताको माडौं छ । सो माडौं हाल जीर्ण अवस्थामा छ । त्यहाँ देवताका शिलाका लिङ्ग छन् । त्यस ठाउँमा मार्ग

कृष्ण सप्तमीमा र मार्ग शुक्ल द्वितीयामा मेला लाग्दछ। वडा नं ९ मा उदैनिकोलेकमा विशाल केदारको लिङ्ग छ। त्यस लिङ्गलाई सर्पले वेरेको छ। भाद्र शुक्ल चतुर्दशीमा त्यस लिङ्गको विशेष पूजा हुन्छ। वडा नं. ६ मा भागेश्वर देवताको माडौं छ। त्यस माडौंमा शिलाका लिङ्गहरू छन्। त्यहाँ वैशाख शुक्ल पूर्णिमाको दिन विशेष पाठपूजा हुन्छ। मकुडाडी नामक गाउँतिर मसानी देवताको माडौं छ। सो माडौंमा पनि शिलाका लिङ्गहरू छन्। वडा नं ४ मा श्री केदार देवताको माडौं छ। सो माडौंमा कार्तिक शुक्ल चतुर्दशीमा विशेष पाठपूजा हुन्छ। वडा नं. २ मा चौकी गाउँको विन्छडा भन्ने ठाउँमा शिव–लिङ्ग छ। त्यहाँ प्रतिवर्ष वैशाख १ गतेका दिन धूमधामसंग मेला लाग्दछ। वडा नं. १ को मुस्ताल भन्ने लेकमा मुस्कोटे राजाको कोट निशाना छ। वडा नं. २ मा चौकीमा टीकाकोट भन्ने ठाउँमा टिकेट राजाको कोटको निशान छ। त्यहाँ प्राचीनकालको कुवाको निशाना पनि छ। गडसेरा गाउँ पञ्चायत अन्तर्गत सबै ठाउँमा भाद्र महीनाको अमुक्तामरण सप्तमीमा गैंडु पूजाको मेला लाग्दछ। त्यस मेलामा ८-१० दिनसम्म खेलबाड, कीर्तन, नाचगान, हास्यव्यंग आदि धूमधामसंग चलिन्हुन्छ।

## निरौला गा. पं.

निरौली गा. पं. अन्तर्गत वडा नं. ३ मा माडौं देवताका लिङ्गहरू छन्। त्यसलाई पनि भागेश्वर भन्दछन्। वैशाख १ गते त्यहाँ पूजा मेला हुन्छ। माडौंको वरपर अरू देवी देवताका स्थानहरू पनि छन्। दशैंमा देवीको जात्रा हुन्छ। निरौली गाउँ पञ्चायत अन्तर्गत गोवणा भन्ने लेकमा मालिका भगवतीको दिव्य मूर्ति छ। वडा नं. ९ मा समजी देवताको माडौं छ। त्यहाँ समजी देवताको लिङ्ग तथा गोला छन्। वडा नं. २ मा निरैपाल राजाको भग्नावशेष कोट छ। त्यस कोतको अलिपर एउटा नाउलो पानी खाने कुवा छ। वडा नं. ५ मा खवेना भन्ने ठाउँमा पनि एउटा सुन्दर प्राचीन नउलो कुवा छ। सो कुवाको वरपर ढुङ्गाहरूमा विभिन्न चित्रहरू कुँदिएका छन्। निरैपाल राजा डंडेलधुरा अजमेरकोतका हुन्। त्यहाँ उनको अभिलेख पाइएको छ। यो राजा पनि निरौलीमा आएका हुन्। उनले राज्य गरेको गाउँ हुनाले निरौली भन्ने नाम रहेको हो भनेर स्थानीय जनता भन्दछन्।

## कफलेखी गा. पं. जिनीकोट

कफलेखी गाउँ पञ्चायत वडा नं ६ मा जिनीकोट छ। त्यहाँ केदारेश्वर छन्। कुमाउबाट केदारेश्वर चोर्न आएकोले लिग दबेको भन्ने स्थानीय जनताको भनाइ छ। केदारेश्वर शिवलिङ्ग खाल्डोभित्र छ। त्यहाँ १३६९ को शिलालेख छ।

## जोरायल

जोरायल हाट भन्ने ठाउँमा प्राचीन मूर्ति रहेको छ। त्यस मूर्तिलाई स्थानीय मानिसहरू मसाने देवता भन्दछन्। त्यस देवताको दक्षिणपट्टि एउटा थुम्को छ जुन थुम्कोलाई मसान मानिएको छ र त्यहाँ मूर्दा जलाइन्छ। त्यस प्राचीन मूर्तिलाई नियालेर हेर्दा नृत्येश्ज जस्तो देखिन्छ।

जोरायल कुदिकोट भन्ने ठाउँको चौरमा पनि एउटा प्राचीन चतुर्भुज नारायण मूर्ति रहेको छ। त्यस चौरभन्दा माथि विद्यार्थी पढाउने बोर्डिङ्ग छ। त्यहाँ एउटा प्राचीन नाउलो पानी खाने कुवा छ। नाउलो–को वरिपरि ढुङ्गामा कलात्मक बुट्टा कुँदिएका छन्। अनुमान गर्दा यहाँ प्राचीन भग्नावशेष जस्तो बुझिन्छ। जोरायल राउतकटे भन्ने ठाउँमा अस्पताल, प्रहरी चौकी, रेन्ज अफिस, पञ्चायत, साझा संस्था, हुलाकहरू रहेका छन्। यहाँको स्थानलाई हाल सरस्वतीनगर भन्ने गरेको छ। त्यस सरस्वतीनगरमा शिव मन्दिर छ। त्यहाँ शिवरात्रिमा र वैशाख १ गते मेला लाग्दछ। त्यस दिन विवाह, व्रतबन्ध गर्ने स्थानीय जनताको चलन पनि छ। सरस्वती नगरबाट दक्षिणपट्टि लक्ष्मीनगर भन्ने गाउँ छ। त्यहाँ धननाश भन्ने थुम्को छ। त्यो थुम्को धननाश नामले प्रसिद्ध छ।

## धननाशको प्रसिद्धि

जोरायलको यस ठाउँलाई लक्ष्मीनगर र अर्को ठाउँलाई सरस्वतीनगर भनी हाल नामकरण गरिएको छ। सरस्वतीनगरचाहिं विद्यालय रहेको नाताले रहेको भन्दछन्। लक्ष्मीनगरचाहिं लक्ष्मीको बास

भएको ठाउँ हुनाले रहेको भन्दछन् । लक्ष्मीनगर भन्ने गाउँमा एउटा थुम्को छ जुन थुम्को धान राशको थुम्को हो । अपभ्रंश भई धननाश भन्ने भएको हो भनी यहाँका जान्ने बुझ्नेहरू भन्दछन् । त्यसको प्रसिद्धिबारे जनकथन निम्न प्रकार छ—

उहीले एकदिन धानको राश भएको ठाउँमा कोश कीरो (कोश कोश भनी कराउने एकथरि चरो) घुसेछ । त्यो घुसेको हुनाले त्यो धानको राश जति ओसारे पनि नसिद्धिने भयो, किनभने त्यो कोश कीरो जहाँ लक्ष्मी रह छ त्यहीं बस्दछ। त्यसैले कोश कीरो बस्न आएमा नच्छिन हुन्छ भन्ने जनधारणा छ । कोश कीरो बस्न आएको हुनाले धानको राश जस्ताको तस्तै रह्यो । त्यो राशमा कसैले आगो लगाइदिएछ अनि त्यो कोश कीरो भाग्यो। उक्त धान राशको थुम्कोमा खन्दा भूस निस्केको थियो भन्ने जनकथन छ ।

जोरायलबारे जनश्रुति –

यो जोरायल उपत्यकाको रूपले रहेको छ । महाभारतकालमा जोरायल जलमग्न थियो । पञ्च पाण्डवहरू घुम्दै आउँदा जोरायलको तलाउ देखेर भीमसेनले त्यस तलाउको पानी निकास पठाउने ठाउँ पत्ता लगाई त्यस ठाउँको पहाड काटी निकास खोलिदिए । त्यो पानी खोलिदिएको थाहा पाएर त्यहाँका राजा जरासन्ध रिसाए । जरासन्धले भीमसेनसंग युद्ध गरे । त्यस युद्धमा कृष्णको युक्तिद्वारा जरासन्धलाई भीमसेनले मारिदिए । त्यसको रगत बगेसम्मको भाग अशुद्ध हुनाले त्यति नदीको नाम कर्मनाशा भन्ने भयो । गोगनेगाढ र टेपुलेगाढ मिलेर बनेको नदीलाई कर्मनाशा नदी भन्दछन् । त्यसैले त्यो नदी गोल्ला काफलेसम्म कर्मनाशा मान्दछन् । अशुद्धताको कारण त्यस ठाउँको पानी देवतालाई चढाउँदैनन् । जरासन्धको मृत्यु भएको स्थल हुनाले जोरायल भन्ने भएको भन्दछन् ।

जोरायलस्थित स्थानको नाम –

जरासन्धको अङ्ग टुक्राटुक्रा पारी ठाउँ ठाउँमा गाडिदिए । टाउको गाडेको ठाउँलाई चानोकट्टे (चनकट्टे) भन्ने नाम रह्यो । ढाड काटी गाडेको ठाउँलाई ढाडकट्टे भन्ने भयो । कुम काटी गाडेको ठाउँलाई कुमरेलो भन्ने भयो र नाक काटी गाडेको ठाउँलाई नकलगडो भन्ने भयो । गोडा काटी गाडेको ठाउँलाई गोला भन्ने भयो । यी कुरा स्थानीय जनताबाट सुनिन्छ ।

## ऐतिहासिक स्थल

कर्मनाशा नदीको पारी नकालवडा गाउँको माथि करचेकोट छ । त्यहाँ रमणीय पोखरी छ । त्यो पोखरी उसबखतमा माछापालनको लागि बनेको भन्दछन् । माडी गाउँको माथि डाँडामा पालकोट र सिलङ्गेबाग सतभारा गाउँको माथि डाँडामा पिपलकोट छ । सुगाल गाउँको माथि श्रीकोट छ । त्यहाँ सिद्ध गुफा छ । कोला गाउँको तल ठूलो कोट छ । त्यस कोटमा शुरूङ्ग छ जुन शुरूङ्गबाट कोटमा खोलाको पानी लैजाने काम हुन्थ्यो ।

डोटी जिल्ला जोरायल सरस्वतीनगर गाउँ पञ्चायत वडा नं. ६ मा बस्ने भूतपूर्व प्र. पं कमलसिं कठायतबाट प्राप्त तामापत्रहरू—

१. शाके १६०५ वैशाख शुदि १० को कृष्ण शाहीको तामापत्र

२. शाके १७०५ फाल्गुणको दीप शाहीको तामापत्र

३. शाके १६७९ पौष वदि १२ को मान्धाता शाहीको तामापत्र

४. शाके १६३१ कार्तिक वदि १३ को मान्धाता शाहीको तामापत्र

## सिद्धेश्वर गा० पं० वण्डुरसेन

यो वण्डुरसेन सिद्धेश्वर गाउँ पञ्चायत वडा नं. ९ मा पर्दछ । यो डोटीको अन्तिम सीमानामा रहेको छ । दीपायलबाट तिखागाउँ पार गरेपछि सेती नदी आउँछ । सेती नदीको तिरैमा वण्डुरसेन नामक ठूलो गाउँ आउँछ । त्यहाँ बजार तथा वस्ती पनि ठूलो छ । यो डोटी तथा

डँडेलधुराको बीचमा रहेको पुरानो व्यापार केन्द्र हो र ऐतिहासिकस्थल पनि हुनाले यहाँ प्रशस्त अभिलेखहरू प्राप्त भएका छन् ।

वण्ड्रसेनका भूतपूर्व प्र. पं. ठक्करबहादुरबाट प्राप्त तामापत्रहरू—

१. संवत् १५९८ पौष शुदि ६ को तामापत्र
२. शाके १५७५ माघकृष्ण ६ को तामापत्र
३. शाके १७०७ मार्गसिर शुदिको तामापत्र
४. शाके ...... वैशाख शुदि ११ को तामापत्र
५. शाके १५८७ मार्गकृष्ण १ को तामापत्र
६. शाके १७२१ पौष शुदि ५ को तामापत्र
७. शाके १५८५ मार्ग ... तामापत्र
८. शाके १५३१ कार्तिक शुदि १४ को तामापत्र
९. शाके १५३८ कार्तिक .... तामापत्र

वण्डुरसेन बस्ने रामचन्द्र धुर्वराठी रूपाखेतीबाट प्राप्त—

१) संवत् १६३४ को जयप्रकाश मल्लको ७ खत माफी–सम्बन्धी गरिदिएको तामापत्र

२) संवत् १६३४ को जयप्रकाश मल्लको कालिका पूजा-सम्बन्धी गरिदिएको तामापत्र

निर्मलकुमार भण्डारी (शिक्षक), श्री घण्टेश्वर मा० वि० कुडीकोट जोरायल (डोटी) सरस्वतीनगर गा. पं. वार्ड नं. ६ वेल्टुका गाउँ (से अ.) बाट प्रकाशनार्थ प्राप्त—

१) जोरायल एक पश्चिम लेखेको कापी— १
२) लोकगीत र यसको उपयोगिता— १

## डँडेलधुरा

वण्डुरसेनबाट वेडपानी र वेडपानीबाट डड्वा पुल हुँदै हामी डँडेलधुरा पुग्यौं । यो डँडेलधुरा समुद्र सतहबाट २०२१ फीट अग्लाइमा रहेको छ । डँडेलधुराको डाँडो मानौं डढाल्नोको ढाड तेर्सिएको जस्तो भइरहेको छ । त्यसैले त्यसको नाम डँडेलधुरा रहेको हो कि भन्ने अनुमान हुन्छ । बजार पनि डाँडाको टुप्पामा लामो भएर रहेको छ । कैलाली धनगढीदेखि डँडेलधुरासम्म मोटर बाटो खुलिसकेको हुनाले तराईबाट सामान आउन गाह्रो छैन । त्यसैले डोटीमा जस्तो डँडेलधुरामा दैनिक उपभोगका सामानहरूको कमी छैन । बिजुली तथा धाराको व्यवस्था हुनाले कुनै असजिलो अनुभव हुँदैन । हावा बढी लाग्ने ठाउँ हुनाले जाडो महीनामा डोटीमाभन्दा डँडेलधुरामा बढी जाडो अनुभव हुन्छ ।

## डँडेलधुराको सहस्र लिंगेश्वर

यो सहस्र लिंगेश्वर आर्सग्राम पञ्चायत वडा नं. १ मा पर्दछ । त्यहाँ शिलाका शिवलिङ्ग छन् । शिवजीको हवन कुण्ड छ । घण्टा छाता शिवजीलाई चढाइएका छन् ।

## लाटा देवता

केलपालमाण्डौं जैसेरा गाउँ पञ्चायत वडा नं. ८ मा लाटा देवता छन् । यी देवता गुजरातबाट ल्याएर स्थापना गरेको भन्ने गंगादत्त भट्टबाट जानकारी भएको छ । यी गंगादत्त भट्ट आफूलाई गुजराती भट्टका सन्तान हुँ भन्दछन् । यी लाटा देवताको स्थानमा दशैंमा मेला लाग्दछ ।

डँडेलधुरा कारिगाउँ निवासी उद्धवराज पन्तबाट प्राप्त तामापत्र र उनका प्रकाशित पुस्तक—

१) शाके १६०३ आषाढ शुदि ८ को विक्रम शाहीको तामापत्र

२) १६२२ को मान्धाता शाहीको तामापत्र

३) घटालोपाख्यान नामक पुस्तिका

४) मालिका महात्म्य नामक पुस्तिका

डँडेलधुरा मणिलेक गा. पं का जयराज वस्तीबाट प्राप्त तामापत्र—

१) शाके १५९६ चैत्रको विक्रम शाहीको तामापत्र

## डँडेलधुरा कुलरक्षेश्वर महादेव

डँडेलधुरा टुँडिखेलनेर कुलरक्षेश्वर महादेवको मन्दिर छ। त्यहाँ गणेश र भगवतीको पित्तलको मूर्ति पनि महादेवको मन्दिरभित्र राखिएका छन्। भगवतीचाहिँ १६ हातमा खड्ग त्रिशूल आदि विभिन्न शस्त्रधारण गरेकी व्याघ्र वाहनमा विराजमान छिन्। गणेशचाहिँ चार हातमा परशु, लड्डु आदि धारण गरेका भुषक वाहनमा विराजमान छन्। मन्दिर पछाडि लक्ष्मी र भगवतीको संगमरमरको मूर्ति पनि छन्।

कुलरक्षेश्वर स्थानमा प्राप्त अभिलेख—

१) संवत् १९९१ आश्विन २९ गते वार २ मा डोटी डँडेलधुरा खलंगा बस्ने सुबेदार अजर्वसिंका पुत्र नरबहादुर विष्ट क्षेत्रकी धर्मपत्नी उत्तिम कुमारी देवीले ईश्वर प्रीति गरी श्रीकुलरक्षेश्वर महादेवलाई चढाएको घण्टा १ भन्ने अभिलेख

२) शिलालेख

## घटाल मूर्ति

डँडेलधुरामा डोटी खोलाको दोभान छ जुन दोभान सदरमुकामबाट तल फेदीमा रहेको छ। त्यहाँ ध्वजा पताकाले सजिसजाउ भएको सल्लाधारीमा ढलौटको उभिएको घटाल मूर्ति राखिएको छ। त्यस मूर्तिको साइज २९ X १०½ इञ्चको छ। यस मूर्तिलाई पित्तलको छाता ओढाइराखेको छ। घटालले दाहिने हातमा धनु, देब्रे हातमा ढाल भिरेको, छातीमा कवच लाएको, खुट्टामा बूत लाएको, गलामा गहनाको माला लाएको, कानमा कुण्डल लाएको, शिरमा पनि गहनाको मालाले बेरेको, घुँडा माथिसम्म आउने जामा पहिरेको यस किसिमले घटालको मूर्ति बनेको छ। त्यस मूर्तिको पाद पीठमा एकजना काटिएको मुर्कुत्ता मानिसको मूर्ति र त्यस टाउकोलाई स्यालले घिसारेको दृश्य बनाइएको छ। यसरी एक वीरको मूर्ति भन्ने अनुमान हुन्छ जुन घटालको मुख–बाट दारा निस्केको छ। घटाल मूर्तिको वरिपरि साना-ठूला घण्टाहरू चढाइएका छन्। त्यहाँ त्रिशूलहरू पनि चढाइएका छन्। त्यस मूर्तिको अगाडि एक कुण्ड छ जुन कुण्डको माथिबाट जाँतो जस्तो आकारको एक ढुङ्गाले त्यसलाई छोपेको छ। त्यसको माझमा प्वाल छ। सो प्वालमा जतिसुकै पानी राखे पनि अलप हुन्छ भन्ने सम्बन्धित पुजारीको भनाइ छ। त्यो प्वाल गुह्येश्वरीको प्वाल जस्तै देखिन्छ। त्यस कुण्डको संगै ढुङ्गाको एक चक्र छ, चक्रको संगै एक वेदी छ जुन वेदीमा बोका काटिन्छ। त्यसभन्दा केही पर अर्को वेदी छ। त्यस वेदीमा चाहिं कुखुरा काटिन्छ। त्यस घटाल मूर्तिलाई घटोत्कचको मूर्ति भन्दछन्। घटोत्कचको कुरा महाभारतको वर्णन अनुसार भीमसेनको हिडिम्बा राक्षसनीपट्टिका छोरा हुन्। निज महाभारतको लडाईमा कर्णद्वारा मारिएका थिए।

घटालबारे किंवदन्ती कुरा—

यी घटाल देवता कुमाउबाट आएर बुढी घटालमा बसेका थिए जुन ठाउँमा एक ब्राह्मणको घर पनि थियो। त्यस घटाल देवता आएर बसेपछि त्यहाँ मसान बन्न थाल्यो। मसानको गन्धले ब्राह्मणीलाई साह्रै मर्का पर्‍यो र ब्राह्मणीले त्यस घटाललाई कि तँ यहाँबाट हट्, कि म मर्दछु भन्दा घटाल देवता बुढी घटालबाट बगेर बन देउता भन्ने ठाउँमा पुगेछन्। अनि त्यहाँबाट फर्केर डोटी खोला-को दोभानमा बसे। बुढी घटाल भन्ने ठाउँ डोटी खोलाको पारी पर्दछ जहाँ अहिले बाबाजीको मठ रहेको छ। त्यस ठाउँमा सानो मन्दिर छ। त्यसलाई बुढी घटाल भन्दछन्। त्यहाँ माटाका मानिसका मूर्तिहरू बनाई ठाउँ ठाउँमा राखेका छन्। शायद त्यो पहिलेको मसानको प्रतीक हुन सक्दछ। अहिले घटाल देवताको रेखदेख गर्ने पुजारी चन्द्रबहादुर महैविष्ट छन्। तिनका आफ्ना पुर्खा कुमाउ-बाट घटाल देवतासंगै आएका हुन् भन्ने तिनको भनाइ छ।

## डँडेलधुराकोट र कालिकास्थान

डँडेलधुरा बजारबाट माथि लागेपछि डँडेलधुराको प्राचीनकोट आउँछ। त्यो कोट मजबूत ढुङ्गाले बनेको किल्ला छ जुन किल्ला गोलाकारले बनेको छ। बीचमा भैरव स्थान छ। त्यहाँ त्रिशूल घण्टाहरू छन्। त्यस किल्लाभित्र वरिपरि सेनाहरू बस्ने र त्यहाँबाट शत्रुलाई तोप गोला प्रयोग गर्ने किसिमले साना साना प्वाल राखी बनाएको छ। बीचको भैरवस्थाननेर घर छ, त्यहाँ ताल्चा

मरिको छ। त्यसभित्र प्राचीन हतियार बन्दूकहरू राखिएका छन् भनी त्यस कोटमा बस्ने सैनिक इन्चार्जले भन्दथ्यो।

कोटको उत्तरपट्टि पानी टचांकी छ, जुन टचांकीको पानी बजारभरि वितरण भएको छ। त्यस टचांकीको नजिकै कालिकास्थान छ। त्यहाँ कालिकाको मूर्ति छ जुन कालिकाको चार हात छन्। बायाँपट्टि एउटा हातमा त्रिशूल डमरू र अर्कोमा खुकुरी छ। दायाँपट्टि एउटा हातमा तरवार र अर्कोमा पात्र लिएका छन्। गलामा मुण्डमाला र कटिमा करमाला लाएका छन्। यी शिला मूर्तिको साइज १६×११½ इन्च छ। यसका अगल बगलमा वाहन छन्।

कालिकास्थानमा प्राप्त अभिलेख—

१. सं. १९४४ फाल्गुण शुदि १२ रोज ६ मा श्रीकालिका प्रीति गरी श्री कप्तान कुंवर सिं बस्न्यात क्षेत्रीले चऱ्हाएको शिलालेख

२. सं. १९७२ कार्तिक शुक्ल १५ मार्ग ६ गते रोज १ मा राजकुमार कप्तान वीर जंगबहादुर सिंकी रानीले कालिका देवी प्रीतिको लागि चढाएको घण्टाभिलेख

३. डँडेलधुरा कोटको भैरवस्थानको सं. १९६२ को घण्टाभिलेख

## उग्रतारा मन्दिर

डँडेलधुरा टाँटर गा. पं. मा उग्रतारा देवीको मन्दिर रहेको छ। त्यहाँ अष्टभुजा सिंह वाहिनी शिरपेच लाएकी दाहिनेपट्टिका हातमा चक्र तरवार पाश, अभय र देब्रेपट्टि हातमा गदामुग्दर पात्र धारण गरेकी देवी विराजमान छिन्। त्यस मन्दिरको नजिकै भैरव तथा महादेवका मन्दिर छन्। उग्रतारा मन्दिरको ढोकामा एउटा सानो उग्रतारा देवीको मूर्ति राखेको छ। त्यसको पाद पीठमा दुई हरफ अभिलेख कुँदेको छ।

उग्रताराको पादपीठको अभिलेख –

१) सं. १९९९ साल मार्ग ६ गतेमा सु. शेरबहादुर बस्न्यात, पुत्र गंगाबहादुर बस्न्यात

## उग्रतारा गुठी

यसको पूजा खर्च वार्षिक १२०० रूपैयाँले चलेको छ। गुठीको जग्गा करीब १०० रोपनी छ भन्ने त्यहाँको पुजारी भवानीदत्त भट्टको भनाइ छ। वहाँले बताउनु भएको आयस्ता आउने ठाउँ निम्न प्रकार छन्—

१) कोटेली पञ्चायतको १ पाडा
२) डुमाडा पोखरा पञ्चायतको १ पाडा
३) छोडा " " "
४) वकाडे " " "

## उग्रतारा जीर्णोद्धार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको सवारी भ्रमणको अवसरमा मन्दिर जीर्णोद्धारको लागि बक्सेको रू १ लाखको बजेटबाट जीर्णोद्धार कार्य भइरहेको छ। त्यसका लागि एउटा निर्माण समिति बनेको छ। सो निम्न प्रकारको छ –

१) अध्यक्ष – प्रमुख जिल्ला अधिकारी
२) सदस्य – कर्णबहादुर भण्डारी
३) ,, – गणेशप्रसाद जोशी
४) ,, – भोजराज भट्टराई
५) जि. पं. सभापति – गणेशदत्त भट्ट
६) सम्बन्धित अड्डा प्रमुख
७) भू. पू. रा. पं. सदस्य – धर्मानन्द जोशी
८) ,, ,, – गणेशराज भट्ट

## अजयमेर हाट

डँडेलधुरा कुमरक्षेश्वर महादेवस्थान हुँदै तल ओर्लेपछि भजर गाउँ आउँछ। त्यो भजर गाउँ खोला तरेर त्यसको किनाराबाट त्यसलाई देब्रे पारी डाँडाको बाटो गएपछि अजयमेर हाट आउँछ। हाट गाउँ हरदी गाउँ पश्चिम गोलाइ डाँडा पूर्व सुनेला मजेलवडा उत्तर जिजोडा गाउँ दक्षिणमा पूर्व पश्चिम हुँदै उत्तरतर्फ बगिरहेको

भजरगाउँ खोलाले अजयमेर हाटलाई घेरेको छ। त्यहाँ विशाल चट्टानको थुम्कोमाथि दरबारको भग्नावशेष छ। त्यसलाई अजयमेरकोट भन्दछन्। प्राचीनकालमा यहाँ त्रिकौलीपाल राजा अजयपालले राज्य गरेको ठाउँ हुनाले अजयमेरू भएको भन्ने कसैले भन्दछन्। कसैले चाहिं शत्रुले जित्न नसकिने मेरू समानको गढ हुनाले अजयमेरू भन्ने नाम भएको पनि भन्दछन्। पहिले त्यहाँ हाटबजार लाग्दथ्यो। त्यसैले अजयमेर हाट भनी त्यस ठाउँलाई भन्ने गरेको हो। त्यहाँ पुरातात्त्विक कलात्मक ढुङ्गाका भव्य देवल तथा नाउलाहरू अद्यापि विद्यमान छन् जुन देवलमा जडान भएका ढुङ्गा २ मिटरसम्म लामा पनि छन्। अहिले बाँकी रहेका देवलमा ७ देवल अद्यापि विद्यमान छन्। उक्त देवलको नजिकै एक मञ्च र कीर्ति स्तम्भ पनि छन्। यी देवलका पश्चिमपट्टि ४ नाउलाहरू छन्। तर ती कुनै देवलमा पनि देवता स्थापना भएका पाइँदैनन्।

अजयमेरका पुजारी चेतामनाथबाट प्राप्त—

१) सं. १९०५ सालको पूजा व्यवस्थासम्बन्धी १ छापे पत्र
२) सं. १८८५ सालको पूजा व्यवस्थासम्बन्धी १ थमौती पत्र
३) सं. १९०६ सालको पूजा व्यवस्थासम्बन्धी १ रूक्का पत्र

अजवमेर हाटमा प्राप्त शिलाभिलेख—

१) अजयमेरगढको वीर खम्बा नजिक देवलमा रहेको शिलाभिलेख
२) अजयमेरगढ नाथको घरको तलतिर रहेको सानो देवलको अभिलेख
३) वीर खम्बा नजिक देवलको अभिलेख
४) अजयमेरनाथको घर नजिक देवलको अभिलेख
५) अजयमेर बीर खम्बा नजिक देवलको अभिलेख
६) अजयमेरनाथको घरको दक्षिण पूर्व देवलको अभिलेख
७) अजयमेर वीर खम्बाको नागमल्लको अभिलेख
८) अजयमेर वीर खम्बानिरको देवलको अभिलेख

अजयमेर रोल्ली गाउँका करुणाकर जोशीबाट प्राप्त तामापत्रहरू—

१) शाके १३९९ श्रावणको
२) शाके १५१८ मार्गको
३) शाके १४०२ मार्गको
४) शाके १३९० को ज्येष्ठ महीनाको

अजयमेर जिजोडा गाउँका टीकादत्त भट्टबाट प्राप्त तामापत्रहरू—

१) शाके १६४१ ज्येष्ठको मान्धाता शाहीको
२) शाके १६०७ आश्विन शुदि १ को विक्रम शाहीको
३) शाके १६१२ वैशाख शुदि ५ को मान्धाता शाहीको
४) शाके १५९४ मार्गको पहाडी शाहीको
५) शाके १९५३ भाद्र शुदि १ को
६) शाके १५६८ मार्गको
७) शाके १५६४ को
८) शाके १६५३ भाद्रको
९) शाके १६३९ आश्विन शुदि ६ को
१०) शाके १६२७ ज्येष्ठ शुदि १३ को

अजयमेर जिजोडा निवासी भीमदत्त भट्टबाट प्राप्त तामापत्रहरू—

१) शाके १६६२ को
२) शाके १६८५ भाद्रको
३) शाके १६८३ आश्विनको कृष्ण शाहीको

अजयमेर हाटमा सार्कीहरूको बस्ती बसेको एउटा गाउँ छ। ती सार्कीहरूको त्यहाँ बस्ती कसरी भयो भन्ने बारे सोधपुछ गर्दा त्यहाँ विरूवा नाम भएका ७० वर्षका बुद्ध सार्कीबाट प्राप्त जानकारी यस्तो—

पूर्व डोटी गहते पिण्डा भन्ने ठाउँबाट जनराजा ठाकुरको साथमा शिकार खेल्न आएका छौं । हामी पहिले रोवाया क्षत्री थियौं । शिकारको अवसरमा जंगलमा आगलागी हुँदा खानामा कुफत भई राडो खाएकोले जात पतीत गरी सार्की भएको हो । त्यसैबेलादेखि हाम्रो समाज पतीत जात हुन गई यही नै बसोबास भएको हो ।

## चिपुर गाउँ जगन्नाथ मन्दिर


डँडेलधुरा चिपुर गा० पं० र भद्रपुर गा० पं० को दोभानमा चिपुर गा०पं० अन्तर्गत देउरो गाउँको सिरानमा एक प्राचीन मन्दिर रहेको छ जसलाई जगन्नाथ मन्दिर भन्दछन् । यस मन्दिरभित्र भगवान् जगन्नाथको शिला स्थापित गरिएको छ । यस जगन्नाथको दाहिनेतिर कफपाल र लाटादेवताका शिलाहरू द्वारपालको रूपमा रहेका छन् । यही पिण्डेश्वर भगवान् र पान्चायन देवताका शिला पनि छन् । जगन्नाथ मन्दिरमा यज्ञ कुण्ड छ । मन्दिरको अगाडि घण्टाहरू झुण्ड्याइएका छन् । यहाँ पर्व पर्वमा पूजा होमादि हुन्छ । कार्तिक शुक्ल द्वितीया र कार्तिक कृष्ण तृतीयामा लक्षहोम पनि हुन्छ । यस जगन्नाय मन्दिर अगाडि प्राचीन देवल छ जहाँ प्राचीन कलात्मक देवदेवीका मूर्तिहरू छन् । मन्दिर वरिपरि पर्खालले घेरेको छ । हाल ती मन्दिर जीर्णोद्धार गर्नको लागि सरकारी सहायता रु ४०,०००।– प्राप्त भै कार्य सञ्चालन भइरहेको व्यहोरा पुजारी दुर्गादत्त भट्टबाट जानकारी भएको छ ।

## डँडेलधुरा जिल्लामा जानकारी भएका क्षेत्रीय तथा जिल्ला स्तरीय कार्यालयहरू

१) जिल्ला कार्यालय, डँडेलधुरा
२) जि० का०, शिक्षा शाखा
३) वन डिभिजन कार्यालय
४) डँडेलधुरा अस्पताल
५) जि० का०, कृषि शाखा, डँडेलधुरा
६) कोष तथा लेखा नियन्त्रक कार्यालय, डँडेलधुरा
७) जि० प्र० कार्यालय, डँडेलधुरा
८) जि० का०, सहकारी शाखा
९) मालपोत कार्यालय, डँडेलधुरा
१०) जि० भू० सु० कार्यालय, ,,
११) जिल्ला अदालत
१२) डँडेलधुरा विद्युतीकरण आयोजना
१३) जि० का०, सार्वजनिक निर्माण शाखा
१४) पशु चिकित्सालय
१५) जि० का०, सीमा शाखा
१६) रा० वा० बैङ्क
१७) कृषि विकास बैङ्क
१८) नापी शाखा
१९) स० स० अ० तथा स० स० अ० कार्यालय
२०) जि० हु० कार्यालय
२१) परिवार नियोजन
२२) जि० का०, कारागार शाखा
२३) आ० वा० कार्यालय
२४) सिनेष्टीका केन्द्र
२५) कृषि सामाग्री संस्थान
२६) ग्रा० खा० पा० यो०
२७) खा० पा० यो०
२८) खाद्य संस्थान
२९) ज० चु० का०, उपशाखा कार्यालय
३०) साझा प्रकाशन
३१) रेन्ज कार्यालय
३२) रूपाल ज० वि० आ०
३३) अरिदमन गुल्म दह ब्यारेक
३४) विस्तारित खोप आयोजना, जि० का०
३५) वर्गीय सङ्गठन जि० का० स० को संयुक्त कार्यालय
३६) जि० पं० सचिवालय

# कैलाली


सेती अञ्चलको दक्षिणी भागमा पर्ने तराई प्रदेश कैलाली जिल्ला हो । यसको सदरमुकाम धनगढी हो । यस जिल्लाको गाउँ गाउँमा विशेष गरी थारू जातिको बस्ती छ । यहाँका थारूलाई दाङ्गबाट आएर बसोबास गरेका दङ्गौरी थारू भन्दछन् । अर्कोथरि राना थारू भन्ने पनि छन् । यी राना थरूनीले कालो पोशाक लाउँछन् र मुख पनि छोपेर हिड्छन् । थरूनीहरूले जामा र चाँदीका गहना लाउँछन् ।





डोटी र डँडेलधुराको भ्रमणमा प्राप्त थारू समारोहका तस्वीरहरू





डोटी र डँडेलधुराको भ्रमणमा प्राप्त थारु समारोहका तस्वीरहरू

## शिव मन्दिर बसौती पञ्चायत

यो मन्दिर कैलाली उत्तर जनकपुर हंसुलिया पञ्चायत बिचैपुर पञ्चायतको बीचमा पर्दछ। यो मन्दिर संवत १९७८ तिर जग्गू महतो थारूले बनाएको भव्य तथा आकर्षक देखिन्छ । त्यस मन्दिरमा शिवलिंग स्थापना गरिएको छ। त्यहाँ घण्टा चढाएको छ । सो मन्दिर तामाको गजूरले सुशोभित छ। मन्दिरको अगाडि नन्दी राखिएको छ। हंसुलिया गाउँमा भू० पू० मन्त्री छेमानन्द महतोबाट थारूहरूको नृत्यलाई सजिएका नर्तक-नर्तकी-हरूको फोटो प्राप्त भएको छ।

यस भ्रमणमा उपलब्ध भएका जम्मा ऐतिहासिक सामग्रीको सूची—

| | |
|---|---|
| १) शिलालेख थान— | २७ |
| २) कागत थान— | ४६ |
| ३) तामापत्र थान— | ४२ |
| ४) घण्टाभिलेख थान— | १८ |
| ५) हस्तलिखित ग्रन्थ तथा प्रकाशित समेत — | ६ |
| ६) लेखकपी थान— | २ |
| ७) थारूहरूका समारोह फोटो— | ४ |

# कठजोर तिल्पुंगका ऐतिहासिक रसिद र तमसुक

— भूपहरि पौड़ेल

इतिहास निर्माणका लागि पुराना कागज पत्रहरूले ठूलो सहयोग गर्दछन् । नेपालमा अहिले राष्ट्रिय इतिहास लेखनको क्रम चलिरहेको छ । तर पूरा सामग्री जनसमक्ष आई नसकुञ्जेल राष्ट्रिय इतिहास बन्न सकिंदैन । रामेछाप जिल्ला कठजोर तिल्पुङ्ग गाउँका ऐतिहासिक रसिदहरू यहाँ प्रस्तुत गरिएको छ ।

## १— सुवेदार उजीरसेनकस्य पत्रम्

स्वस्तिश्री सुवेदार उजीरसेनकस्य पत्रम्— आगे तिल्पुंको अम्वल मध्ये सिद्धिकर्ण पाध्याको विर्ता षेत ।६० को मधुपाध्या हस्ते मोरु ४।। को इ पाथी ।१० ताके चांवल् मुरि २।५ छाउनिजगेराधसार दाषील भयो रसिद गरिदीञ्यु इति सम्वत् १८६६ साल पौष शुदि ६ रोज ६ शुभम्—

## २— सम्वत् १८६६ सालको रसीद [भक्तसिं कार्किके पुर्जि]

स्वस्तिश्री भक्तसिं कार्कि के पुर्जि आगे ६६ साल कठजोरके उन्यानि कुसको झारामोहोर रु ८।। पैगा २० गंदी रु २।। ज्मा रुपया ११ निज मुषिया सिद्धिकर्नपाध्या हस्ते दाषिल भयो वुझि लिईउ रसीद गरिदीईउ ईति सम्वत् १८६६ साल मिति माघ शुदि ४ रोज ६ शुभम्—

## ३— सम्वत् १९१३ सालको रसीद

लिषितम् धनीकनाम श्री सुब्बा करुणाकर उपाध्या धनवेहोरिणिक नाम मंथालि कीर्न्यादार वस्न्या मुषिया कासिराम फुयाल जैसी गतवादीका चलनी मोहरुपैयाँ साढे वीस् २०।। कर्जा लीया वापत वाली तिर्न लीयाको हो यो धनको कवुल सैकडा दसका दरले ५३ सालका श्रीपश्चिमवाटै–मा सावा रुपैया र व्याज समेत वुझाउला येस्को धीतो किन्र्या जगा मेरो अंसको षेतपाषो लेषी दीया व्याज अडक्ये जगा चलं गर्नु. भनी मेरा मनोमान् षुसिराजीसँग फटेकेपट्टीका साछिका रोपकारमा धनीलाई दीयाँ इति सम्वत् १९१३ साल मीति हुतिय ज्येष्ट वदि ४ रोज ७ शुभम्—

## ४— सम्वत् १९२५ सालको तमसुक

स्वस्तिश्री सम्वत् १९२५ साल मिति माघ वदि ९ रोज ४ तसदिन तमसुक लिषितं धनिका नाम मनरथ् उपाध्या स्ववन विहोरिनिका नाम स्वहि गाउ वस्न छविलाल् उपाध्या गत कमारि किन्दा वापत् लियका रूपञा ३१ तसधन मधे मेरा केउन्यानि कुराको घरघडेरि मारिमेटि आसिफको कुटिवभरिमेठि मेरो अंस मेरा भतिज निज मनरथ् उपाध्यालाई तमसुक लेषिदिया अफ्न स्वषलि जगा चलान् गर्न मेरा कव्जको धन ल्याया भने साहुले लिनु साहुकाढि ल्याया भने नलीनि भनि हामि दुवैले धरोधर्म गरि तमसुक लेषि दिय यसकामका साछि हरिदत्त उपाध्या सेतुपाध्या साछि जगत पाध्या साछि देवनाराम् उपाध्या नैनानन्द उपाध्या साराम भद्र उपाध्या साछि रामानन्द उपाध्या साछि धनपति उपाध्या श्री— . ...

उपाध्य बेरुनि पाध्या समन्त उपालेषक त्यादि सान्ती उपाध्य साछि सुभम् -

## ५— सम्वत् १९३८ सालको पत्र [तमसुक]

स्वस्तिश्री सम्वत् १९३८ साल मिति ३० रोज ५ मा तसदीन तमसु लिषितम् धनिक नाम तिल्पुंका अम्वल् मद्धे कटजोर गाउ वस्ने देवनारान् पाध्या अधिकारि धम वेहोरिनिक नाम निज कठजोर गाउवाट बसैजान्या टचा-ल्पका अम्वल् मद्धे थेवम्वु गाउ वस्ने प्रेम रागरान् पाध्या अधिकारि जगा मोरुपैञा ९५ अक्षलपिपवाम्व धेईन रुपञाको के उझानिको षेत घडेरि मेरो अंसको सिस्नेषेत लप्सेको विरउटो आधित्यिस्ने षेत आधि मेरा अंसको षेत घडेरि जगर वगर सुवारापात् मेरा दाज्यु धनिपाध्या अधिकारिसित अघिको मारिमेटि अघिको फासीपत्र गरि उल्लो गालि निज देवनारा पाध्या अधिकारिलाई गाल् पत्र लेषि सुक्रिविक्री गरिदिञा गौराज-को मोरु १ लिन्माको जगामामाको दिन्या थैंई लियाको वर्ष सुदाउल्लो गालि दिञा ज्मा पैसा ९६ यो धन् लिदा-दिदाका साछि मेरो भतिजो मौराई षाने मेरो भतिजो भवनाथ् पाध्या अधिकारि साछि धनपति पाध्या तिमल्सिना १ साक्षि थेवम्वु गाउ गा वस्न्या अंगिरथ् पाध्या पउडचाल साछि इन्द्रलाल पाध्या पउडेल् साक्षि सुनानंद पाध्या अधिकारि लेतिवस्न्या माहारुद्रपाध्या गोतामे साछि विरनु-कान्त पाध्या अधिकारि यांक्त वस्ने उमानन्द पाध्या साछि लेषका साछि सिसृन्या गाउ वस्न्या मुषिया सतल् सि कार्कि क्षेत्रि मितिमार्ग सुदि ३० रोज ५ शुभम्—
साछि हैवार वस्न्या ईन्द्रलाल पाध्या कोईराला शुभम्—

## ६— सम्वत् १९४२ सालको पत्र [तमसुक]

स्वस्तिश्री सम्वत् १९४२ साल मीती पौष शुदि ६ रोज २ मा तसदिन तमसुक लिषीतम् धनीका नाम तिध्पूमध्ये कठजोर गाउ वस्ने मुषीया मुक्तीनाथ पाध्या वेहोरीनिकागम सोही गाउ वस्न्या मेहरमान रोकाया छेत्री गज कंपनी रु ६ के दर आनाले मोहरु ७।। रंगेली-वाट घरजादा वाट षर्च के र घर षर्चलाई चाहीन्या लुगा कपडा षरीदगर्न्या बापत् कर्जा लिया ई रुपैयाको तिर्नाको भाका येसै सालका फागुण मैह्लाभरमा सापट वुझाउला सो भाषामा वुझाउन सकीन भन्या फि रु १ के अंन पाथी २ का दरले वर्षलाई स्व व्याज समेत् ४३ सालका पौष मैह्लाभरमा सावा व्याज स्मेत चुक्ती वुझाउँला भनी मेरा मनोमान षुसीराजीसंग माहाजन् मञ्कुरलाई लेषी दिञा वेरुजुर येसवाप्तका साछि हवल्दार पांडवलाल साकीगृमापुर रंगेली वस्न्या राईटर कृष्णलाल मैदाली १ चोसापानी वस्न्या राईटर चन्द्रसेकर पाध्या १ लेषतका साछी वंसीलाल र मनपुर ईती सम्वत् १९४२ साल मीती पौष सुदी ६ रोज २ शुभम्—

---

[ आफ्ना संग्रहमा रहेका यी ऐतिहासिक रसिद र तमसुक दिई सहयोग गर्नुहुने जीवरमण अधिकारी, कठजोरमा हार्दिक आभार प्रकट गर्दछु— भूपहरि ]

# वास्तुलक्षण

— शङ्करमान राजवंशी

आदि अनादिकाल अर्थात् वैदिक युगदेखि मानिसहरूको कृत्यकर्मका लागि व्यवस्था गरिएको आधारभूत ग्रन्थ वेद थियो। अद्यावधि श्रौत स्मार्तादि कृत्यकर्म वैदिक विधि अनुसार हुन्छ। उक्त वेदको अङ्गलाई वेदाङ्ग भन्दछन्। त्यस वेदाङ्गका मुख्य अङ्ग ज्योतिषलाई मानेको छ। ज्योतिषलाई वेदको आँखा भन्दछन्। ज्योतिषशास्त्रमा मानिसहरूको गर्भाधानदेखि लिएर कृत्यकर्म संस्कार बताएको छ। त्यति मात्र होइन मानिसहरूको लागि नभई नहुने घर हो। घरमा रही गरिने कर्मलाई गृहस्थाश्रम भनी बताएको छ। गृह भनेको घर हो। घरको निर्माण विधिलाई वास्तु भन्छन्। वास्तुशास्त्र पनि ज्योतिषकै अङ्ग हो। वास्तुशास्त्रमा घर निर्माण गर्दाको शुभाशुभ फल बताएको छ। यो पनि विचारणीय कुरो छ। किनभने आफ्नो लागि बनाएको घर अशुभ अर्थात् नजुर्ने भयो भने प्रयास व्यर्थ हुन्छ। यदि अर्काको घरमा रही निर्वाह गरूँ भने पनि गृहस्थाश्रमको धर्म विशेष गरी घरपतिलाई हुन्छ भन्ने भविष्योत्तर पुराणको भनाइ छ। त्यसैले आफ्नै घर निर्माण गर्न गृहस्थीका लागि वास्तुशास्त्र महत्त्व छ।

तिनै वास्तुशास्त्रबाट एक गृहस्थीले आफूलाई चाहिने जति टिपी संकलन गरेको यो वास्तुलक्षण हो। जुन सङ्कलन भोजदेव राजाको आज्ञा लिई गरिएको भन्ने छ। यो वास्तुलक्षण ने. सं. ६६९ मा सारी लेखिएको नेवारी लिपिमा नेवारी भाषाको थियो। त्यसलाई नेपाली भाषामा उल्था गर्न त्रिभुवन विश्वविद्यालयका एक प्राध्यापक मुकुन्दराज अर्ज्यालज्यूले दिनुभएको थियो। त्यसैको एक प्रति यो हो।

यसमा सर्वप्रथम कालिगडका मुख्य देवता विश्वकर्मालाई नमस्कार गरी क्रमशः जग्गाको शुभाशुभ, अष्ट वर्गानुसार घरको शुभाशुभ, नागवासको शुभाशुभ, घर बनाउने महीनाको शुभाशुभ, घर बनाउन योग्य कुरा, घर बनाउन असल नक्षत्र तिथिवार, घरको तला उठाउने शुभ दिन, द्वारस्थापना गर्ने दिन, वारवेलाको शुभाशुभहरू दिई अन्त्यमा वास्तुचक्र तथा राशिचक्र र घरको जगको नक्सा सहित त्यसको शुभाशुभ फल दिइएको छ। त्यसमा कतै कतै कुरो अस्पष्ट भएको र अशुद्ध भएको ठाउँमा संशोधनपूर्वक टिप्पणी दिई खुलाइएको छ। सो वास्तुलक्षण निम्नप्रकारको छ।

## मूल वास्तुलक्षणको नेपाली उल्था

ॐ श्री विश्वकर्मा गुरुलाई नमस्कार। घर आरम्भ गर्न श्री भोजदेव राजाको आज्ञा लिई विघ्नराजलाई नमस्कार गर्छु।

सबै लोकको हितका लागि सबै विघ्न नाश गर्ने हे विश्वकर्मा तपाईलाई नमस्कार छ। सबै दोषले निर्मुक्त भएका सबै गुणले सिंगारिएका सर्वलोकेशलाई ढोगेर वास्तुलक्षण बताइन्छ।

१) आयत लक्षणले युक्त भएको जग्गामा वास गर्दा सिद्धि प्राप्त हुन्छ।

२) चारपाटे लक्षणले युक्त भएको जग्गामा बास गर्दा धनागम हुन्छ ।

३) भद्रासन लक्षणले युक्त भएको जग्गामा बास गर्दा अर्थवान् हुन्छ ।

४) उच्चाकारमा तुष्टि वृद्धि अर्थात् सन्तोषयुक्त हुन्छ ।

५) चक्राकारमा दरिद्र हु छ ।

६) विषममा अर्थात् समथर नभएको जगामा शोक हुन्छ ।

७) त्रिकोणाकारमा राजबन्धन अर्थात् राजभय हुन्छ ।

८) सकटाकारमा धननाश हुन्छ ।

९) दण्डाकारमा पशु नाश हु छ ।

१०) आर्चनाकृतिमा गाईको नाश हुन्छ ।

११) मुरुजाकृतिमा भार्याको मृत्यु हुन्छ ।

१२) वृहन्मुखाकृतिमा जनधन नाश हुन्छ ।

१३) कूर्माकृतिमा बन्धनले पीडित हुन्छ ।

१४) सूर्याकारमा धान्यक्षय हुन्छ ।

१५) चापाकार अर्थात् धनुषाकारमा चोरभय हुन्छ ।

१६) बर्तुलाकारमा धनधान्यले युक्त हुन्छ ।

यी १६ किसिमका नामको गृहारम्भ गर्दा उक्त फल दिने विश्वकर्मा तपाईलाई नमस्कार छ ।

अष्टवर्ग हेरी ध्वज कोठाको घर आरम्भ गरे सम्पत्ति फल हुन्छ ।।१।।

धूमकोठाको घर आरम्भ गरे रोगी हुने सम्भव हुन्छ । भान्छामा चुलो बनाउने बेला अलिकति पीडा हुन्छ ।।२।।

सिंहकोठाको घर आरम्भ गरे शत्रुनाश, किल्ला बनाउने आदिमा राजालाई सिंहकोठामा गर्नू । ।।३।।

स्वानकोठाको घर आरम्भ गरे शत्रुभय मृत्युभय हुन्छ । यस कोठाबाट मदिरागृह बनाउँदा यो फल हुन्छ ।।४।।

वृषकोठाको घर आरम्भ गरे नाना सम्पत्ति हुन्छ । पचेरा बनाउन लाग्दा यो फल हुन्छ । ।।५।।

खरकोठाको घर आरम्भ गरे नाना व्याधि हुन्छ । अग्निशाला बनाउने बेला यो फल हुन्छ ।।६।।

गजकोठाको घर आरम्भ गरे आयुवृद्धि, पुत्रलाभ शौभाग्य, सम्पत्ति फल हुन्छ । ।।७।।

ध्वांक्षकोठाको घर आरम्भ गरे वातपित्त कुष्टरोग फल हुन्छ। भण्डार अर्थात् ढुकुटि बनाउन लाग्दा यो फल हुन्छ । ।।८।।

ध्वजमा विभूति । धूममा मरणं । सिंहमा जय । श्वानमा अनर्थ । वृषमा लाभ । खरमा कलहपीडा । गजमा सम्पत्ति । ध्वांक्षमा हानि ।

*वासुकी नागको कुरा बताइन्छ—

नाकमा घाउ परे पापले थिच्छ । शिरमा परे मातापिताको मृत्यु । मुखमा परे शाखा प्रशाखा जय हुन्छ । हृदयमा परे धननाश हुन्छ । पाउमा परे नाना रोग हुन्छ। यति घाउ लाग्न गएको कुरा भयो ।

शेषनागको कुरा—

शिरभन्दा तल कमरभन्दा माथि पर्न गए जजमानको मृत्यु अथवा देश त्याग हुन्छ । कमरभन्दा तल परे धनधान्य पुत्र पुत्री लाभ वहुविद्या लाभ । यति शेषनागको कुरा भयो ।

घर बनाउने महीनाको कुरा

चैत्रमा घर बनाए व्याधीले पीडित हुन्छ । वैशाखमा घर बनाए नाश हुन्छ। पौषमा घर बनाए चोरको भय हुन्छ । माघमा घर बनाए सुवर्ण पुत्रपौत्र स्त्रीवर वृद्धि हुन्छ । ज्येष्ठमा घर बनाए मृत्यु हुन्छ । आषाढमा घर बनाए धनपशु क्षय । श्रावणमा घर बनाए नित्य लाभ । भाद्रमा घर बनाए महाहानि । आश्विनमा घर बनाए स्त्रीनाश । कार्तिकमा घर बनाए धनधान्य नाश । मंसीरमा घर बनाए भूत मरण । फाल्गुणमा घर बनाए सर्बनाश हुन्छ । यति घर बनाउने विधि भयो ।

घर बनाउन योग्य कुरा —

१) ध्वजले सम्पत्ति विभूति दिने हुँदा विपत्ति र भिक्षुका लागि योग्य हुन्छ ।

२) धूमले चिन्ता आकुल रोग दिने हुँदा पाकादि शाला को लागि योग्य हुन्छ ।

* टिप्पणी — यो फणिचक्र जुराई उत्खन गर्ने कुरा हो । शिलान्यासको लागि उत्खन गर्न फणिचक्र जुराउने चलन छ ।

३) सिंहले लक्ष्मीवर विद्या दिने हुँदा सेनापति क्षत्रियका लागि योग्य हुन्छ ।

४) स्वानले रोग शत्रु मृत्यु दिने हुँदा धटिशालाको लागि योग्य हुन्छ ।

५) वृषले सम्पत्ति धनादि दिने हुँदा विवाद शालाको लागि योग्य हुन्छ ।

६) खरले नाना कष्ट वियोग दिने हुँदा विचारी भिषकको लागि योग्य हुन्छ ।

७) गजले सौभाग्य कुलको वश्य गर्ने हुँदा वेदी शालाको लागि योग्य हुन्छ ।

८) ध्वांक्षले वातादि रोग दिने हुँदा हिरण्य शालाको लागि योग्य हुन्छ ।

ब्राह्मणलाई शान्तिको निमित्त ध्वज कोठामा बनाउनू । राजालाई यश कामनाको लागि सिंह कोठामा बनाउनू । वैश्यलाई पुष्टिपूर्ण कामनाको लागि वृषकोठामा बनाउनू । शूद्रलाई सेवाको कामनाको लागि गजकोठामा बनाउनू । धैर्यपूर्वक अंगुली स्वर वह्नि शोधन गर्नू । ध्वजमा विभूति । सिंहमा जय । वृषमा लाभ सम्पत्ति ।

शुभ दिनको लागि असल यस्तो छ—

नक्षत्रमा भरणी, कृतिका, अश्लेषा, विशाखा, मूल,पूर्वफाल्गुनी, पूर्वाषाढा, पूर्वभाद्र,यति नक्षत्र र तिथिमा प्रतिपदा द्वितीया पञ्चमी षष्ठी दशमी वारमा वुध, वृहस्पति शुक्र यति असल

घर तला उठाउन शुभ दिन—

नक्षत्रमा अश्विनी, रोहिणी, हस्त, मूल, उत्तर फाल्गुनी, उत्तराषाढा, उत्तरा भाद्र, अनुराधा यति नक्षत्र, तिथिमा प्रतिपदा द्वितीया, पञ्चमी, दशमी, वारमा वुध वृहस्पति शनि यति असल ।

द्वार स्थापना गर्ने दिन—

उत्तरफाल्गुनी, उत्तराषाढा, उत्तराभाद्र, रोहिणी, मृगशिरा, अनुराधा, हस्ता, रेवती, यतिनक्षत्र, प्रतिपदा द्वितीया पञ्चमी यति तिथि वुध वृहस्पति शुक्र यति वार असल ।

वारवेला—

दिनमा दिनमानको आठ भाग लगाउने र रातमा रात्रिमानको ८ भाग लगाउने तत्तत् वारमा दिइएको उक्त भाग वारवेला हुन्छ । वारवेलाको नामानुसार फल हुन्छ । जस्तै

| आदित्यवारको दिनमा | | आइतवारको रातमा |
|---|---|---|
| प्रथम उद्वेगवेला ४ घडी | — | उद्वेगवेला ३ घडी |
| द्वितीय चरवेला ८ ,, | — | शुभवेला ६ ,, |
| तृतीय लाभवेला १२ ,, | — | अमृतवेला ९ ,, |
| चतुर्थ अमृतवेला १६ ,, | — | चरवेला १२ ,, |
| पञ्चम कालवेला २० ,, | — | रोगवेला १५ ,, |
| छैटौं शुभवेला २४ ,, | — | कालवेला १८ ,, |
| सातौं रोगवेला २८ ,, | — | उद्वेगवेला २४ ,, |
| आठौं उद्वेगवेला ३२ ,, | | |

यहाँ आइत, सोम, मङ्गल, वुध यी वारका रात्रिको वारवेलामा एक एक ओटा छुटेको छ । मूल बमोजिम यथावत् दिइएको हो ।

| सोमवारको दिनमा | | सोमवारको रातमा |
|---|---|---|
| प्रथम अमृतवेला ४ घडी | — | अमृतवेला ३ घडी |
| द्वितीय कालवेला ८ ,, | — | चरवेला ६ ,, |
| तृतीय शुभवेला १२ ,, | — | रोगवेला ९ ,, |
| चतुर्थ रोगवेला १६ ,, | — | कालवेला १२ ,, |
| पञ्चम उद्वेगवेला २० ,, | — | लाभवेला १५ ,, |
| छैटौं चरवेला २४ ,, | — | उद्वेगवेला १८ ,, |
| सातौं लाभवेला २८ ,, | — | अमृतवेला २४ ,, |
| आठौं अमृतवेला ३२ ,, | | |

| मंगलवारको दिनमा | | मंगलवारको रातमा |
|---|---|---|
| प्रथम रोगवेला ४ घडी | — | रोगवेला ३ घडी |
| द्वितीय उद्वेगवेला ८ ,, | — | कालवेला ६ ,, |
| तृतीय चरवेला १२ ,, | — | लाभवेला ९ ,, |
| चतुर्थ अमृतवेला १६ ,, | — | उद्वेगवेला १२ ,, |

| | | | | |
|---|---|---|---|---|
| पञ्चम लाभवेला | २० ,, | — | शुभवेला | १५ ,, |
| छैटौं कालवेला | २४ ,, | — | अमृतवेला | १८ ,, |
| सातौं शुभवेला | २८ ,, | — | रोगवेला | २४ ,, |
| आठौं रोगवेला | ३२ ,, | | | |

| वुधवारको दिनमा | | | वुधवारको रातमा | |
|---|---|---|---|---|
| प्रथम लाभवेला | ४ घडी | — | लाभवेला | ३ घडी |
| द्वितीय अमृतवेला | ८ ,, | — | उद्वेगवेला | ६ ,, |
| तृतीय कालवेला | १२ ,, | — | शुभवेला | ९ ,, |
| चतुर्थ शुभवेला | १६ ,, | — | अमृतवेला | १२ ,, |
| पञ्चम रोगवेला | २० ,, | — | चरवेला | १५ ,, |
| छैटौं उद्वेगवेला | २४ ,, | — | रोगवेला | १८ ,, |
| सातौं चरवेला | २८ ,, | — | लाभवेला | २४ ,, |
| आठौं लाभवेला | ३२ ,, | | | |

| वृहस्पतिवारको दिनमा | | | वृहस्पतिवारको रातमा | |
|---|---|---|---|---|
| प्रथम शुभवेला | ४ घडी | — | शुभवेला | ३ घडी |
| द्वितीय रोगवेला | ८ ,, | — | अमृतवेला | ६ ,, |
| तृतीय उद्वेगवेला | १२ ,, | — | चरवेला | ९ ,, |
| चतुर्थ चरवेला | १६ ,, | — | रोगवेला | १२ ,, |
| पञ्चम लाभवेला | २० ,, | — | कालवेली | १५ ,, |
| छैटौं अमृतवेला | २४ ,, | — | लाभवेला | १८ ,, |
| सातौं कालवेला | २८ ,, | — | उद्वेगवेला | २१ ,, |
| आठौं शुभवेला | ३२ ,, | — | शुभवेला | २४ ,, |

| शुक्रवारको दिनमा | | | शुक्रवारको रातमा | |
|---|---|---|---|---|
| प्रथम चरवेला | ४ घडी | — | चरनेला | ३ घडी |
| द्वितीय लाभवेला | ८ ,, | — | रोगवेला | ६ ,, |
| तृतीय अमृतवेला | १२ ,, | — | कालवेला | ९ ,, |
| चतुर्थ कालवेला | १६ ,, | — | लाभवेला | १२ ,, |
| पञ्चम शुभवेला | २० ,, | — | उद्वेगवेला | १५ ,, |
| छैटौं रोगवेला | २४ ,, | — | शुभवेला | १८ ,, |
| सातौं उद्वेगवेला | २८ ,, | — | अमृतवेला | ११ ,, |
| आठौं चरवेला | ३२ ,, | — | चरवेला | २४ ,, |

| शनिश्चरवारको दिनमा | | | शनिश्चरवारको रातमा | |
|---|---|---|---|---|
| प्रथम कालनेला | ४ घडी | — | कालवेला | ३ घडी |
| द्वितीय शुभवेला | ८ ,, | — | रोगवेला | ६ ,, |
| तृतीय रोगवेला | १२ ,, | — | उद्वेगवेला | ९ ,, |
| चतुर्थ उद्वेगवेला | १६ ,, | — | चरवेला | १२ ,, |
| पञ्चम चरवेला | २० ,, | — | अमृतवेला | १५ ,, |
| छैटौं लाभवेला | २४ ,, | — | लाभवेला | १८ ,, |
| सातौं अमृतवेला | २८ ,, | — | शुभवेला | २१ ,, |
| आठौं कालवेला | ३२ ,, | — | कालवेला | २४ ,, |

## टिप्पणी

(१) प्रतिदिन दिनमानको अष्टमांशबाट वारवेलाफल

| वार | ३।४५ | ७।३० | ११।१५ | १५।० | १८।४५ | २२।३० | २६।१५ | ३०।० |
|---|---|---|---|---|---|---|---|---|
| आ. | उद्वेग | चर | लाभ | अमृत | काल | शुभ | रोग | उद्वेग |
| सो. | अमृत | काल | शुभ | रोग | उद्वेग | चर | लाभ | अमृत |
| मं. | रोग | उद्वेग | चर | लाभ | अमृत | काल | शुभ | रोग |
| वु. | लाभ | अमृत | काल | शुभ | रोग | उद्वेग | चर | लाभ |
| वृ. | शुभ | रोग | उद्वेग | चर | लाभ | अमृत | काल | शुभ |
| शु. | चर | लाभ | अमृत | काल | शुभ | रोग | उद्वेग | चर |
| श. | काल | शुभ | रोग | उद्वेग | चर | लाभ | अमृत | काल |

(२) प्रतिरात्रि रात्रिमानको अष्टमांशबाट बारवेलाफल

| वार | ३।४५ | ७।३० | ११।१५ | १५।० | १८।४५ | २२।३० | २६।१५ | ३०।० |
|---|---|---|---|---|---|---|---|---|
| आ. | उद्वेग | शुभ | अमृत | चर | रोग | काल | लाभ | उद्वेग |
| सो. | अमृत | चर | रोग | काल | लाभ | उद्वेग | शुभ | अमृत |
| मं. | रोग | काल | लाभ | उद्वेग | शुभ | अमृत | चर | रोग |
| बु. | लाभ | उद्वेग | शुभ | अमृत | चर | रोग | काल | लाभ |
| बृ. | शुभ | अमृत | चर | रोग | काल | लाभ | उद्वेग | शुभ |
| शु. | चर | रोग | काल | लाभ | उद्वेग | शुभ | अमृत | चर |
| श. | काल | लाभ | उद्वेग | शुभ | अमृत | चर | रोग | काल |

(३) अष्टवर्ग

अ. क. च. ट. त. प. य. श. यी आठ वर्ग छन् तिनलाई अष्टवर्ग भन्दछन् । तिनमा—


| | | |
|---|---|---|
| गरुड | अवर्ग— अ. आ. इ. ई. उ. ऊ. ऋ. ॠ. लृ ए. ऐ. ओ. औ. अं. अः | (१) |
| बिरालो | कवर्ग— क. ख. ग. घ. ङ. | (२) |
| सिंह | चवर्ग— च. छ. ज. झ. ञ. | (३) |
| कुकुर | टवर्ग— ट. ठ. ड. ढ. ण. | (४) |
| सर्प | तवर्ग— त. थ. द. ध. न. | (५) |
| मूसा | पवर्ग— प. फ. ब. भ. म. | (६) |
| मृग | यवर्ग— य. र. ल. व. | (७) |
| भेडो | शवर्ग— श. ष. स. ह. | (८) |

यी प्रत्येक वर्गको आफ्नो पाँचौं वर्ग शत्रु वर्ग हुन्छ । घर नबनाउने मालिकको नामको आदि अक्षरको वर्ग र घर बनाउने ठाउँको (गाउँको) नामको आदि अक्षरको वर्ग हेर्दा शुभाशुभ विचार गरिन्छ ।

(४) घरको ध्वजादि आय—


घरको लम्बाइ चौडाइको क्षेत्रफल पिण्ड हुन्छ । पिण्डलाई ८ ले भाग लिई बाँकी रहेको शेष ध्वजादि आय हुन्छ । १ शेष भए ध्वज, २ शेष भए धूम, ३ शेष भए सिंह, ४ शेष भए कुकुर, ५ शेष भए गाह, ६ शेष भए गधा, ७ शेष भए हात्ति, ८ शेष भए ध्वाँक्ष काग नामक आय हुन्छन् ।

## वास्तुचक्र





ईशानकोणमा महादेव सूर्य चन्द्र महालक्ष्मीदेवी धूम्रवर्ण ध्वांक्ष शृगाल
पूर्वमा इन्द्रराजा ब्रह्मायणी पीतवर्ण पूर्वमा ध्वजा
अग्निकोणमा अग्निदेवता कौमारी रक्तवर्ण धूमजाल
दक्षिणमा यमराजा वाराही रक्तवर्ण दक्षिणमा सिंह
नैऋत्यमा राक्षसदेवता वैष्णवी श्यामवर्ण स्वान कुकुट
पश्चिममा वरुण नागराजा इन्द्रायणी कुंकुमवर्ण पश्चिममा वृषनाग
वायव्यकोणमा वायुदेवता कालिका देवी रक्तवर्ण खर मूषक
उत्तरमा कुवेरदेवता माहेश्वरी रक्तवर्ण उत्तरमा गज

राशिचक्र




## घरको शुभाशुभ




उत्तरी लङको घर ईशानमा दुवै लोडिएको पूर्वी खड्को घर यस्तो घरको नाम दम्डाक्ष राजदण्डभय
पूर्वीलङ्को घर आग्नेयका दुवै लोडिएको दक्षिण लङ्को घर यस्तो घरको नाम बाताक्ष कलह
दक्षिण लङ्को घर नैऋत्यमा दुवै जोडिएक पश्चिम लङ्को घर यस्तो घरको नाम सिद्धार्थ संपत्ति प्राप्ति
पश्चिम लङ्को घर वायव्यमा दुवै जोडिएको उत्तरी लङ्को घर यस्तो घरको नाम यमसूर्य मृत्युभय


## घरकोनक्सा





पूर्वी लङ्को घर उत्तरी लङ्को घर
यस्तो घरको नाम हिरण्यरुप सर्वार्थ संपत्ति

पूर्वी लङ्को घर पश्चिमी लङ्को घर दक्षिण लङ्को घर
यस्तो घरको नाम छली धननाश

## घरको नक्सा





पूर्व घर उत्तर घर पश्चिम घर दक्षिण घर
धननाश अग्निभय




पूर्व घर उत्तर घर पश्चिम घर दक्षिण घर
वातरोग

## घरको नक्सा




दक्षिण लङ्को घर
जनधन आयु

पश्चिम लङ्को घर
धननाश

उत्तर लङ्को घर

पूर्व लङ्को घर
संतान नाश

ने. सं. ९६९ मिति श्रावण महीना कृष्णपक्ष अष्टमी शनैश्चरवारको दिन लेखिसिद्धियो । सकवहालका श्री कुलजोतिले छायवहालका श्री भाजुनन्दलाई यो पुस्तक दिइयो । शुभम्

# ऐतिहासिक पत्र-स्तम्भ

श्रीः

श्री कुमेश्वर　　काशी　　श्री देवी
३　　६　　८

श्री जिज्यु वज्या पृथ्वीनारायण साह
१

श्री जिज्यु वाज्या राजेन्द्रलक्ष्मी
२

श्री वाज्याज्य रणवहादुर साह
४

श्री वुवाज्यू
७

श्री गुरु स्याम लाल सिंह ५

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणे त्यादि विविधविरूदावली विराजमान मान्नोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्रविक्रम साह वहादुर सम्सेरजंङ्देवानां सदा समर विजायिनाम्—

आगे इन्दीवर जोसीके अघि तिम्रा वावा वालकृष्ण जोसीलाई नेपाल अम्वल भयापछि —१ वाट काठमाण्डौं वंगल टोल ठठु लायकु सर्कारीया घरपसल समेत जागीर गरीवक्स्याको १२ वर्ष सम्म वेहोरी वसी चलन भयाकोमा संग्रामसिं माधवसिं नेवारले घरका दैह्लानेराका पसल २ हाम्रा सुना वित्त हुन् भनी विन्ति गरी लालमोहर गराई कचवच गर्दा. तिम्रा वावले २… का हजूरमा वेवरा विन्ती पुऱ्याऊँदा अघि देखी आजतक वेहोऱ्याको थानी वक्स्याकै छ. तिमो दुमजा ३… मा पुनश्चरण गर्न जाउ भनि हुकुम हुँदा. दुमजा गै पुरश्चरण गरी सकि आयापछि. सम्वत् १८३८ साल आषाढि संक्रान्तिका दिन पुरश्चरणको दक्षिणा —४— वाट संकल्प गरी घर कचवच पऱ्याको सँग्रामसिं माधौंसि नेवारका पसल समेत वित्त गरी वक्स्याको तस्को साँध पूर्व टौढीक उंदासको घर र सहर वाटाको साध दक्षिण ढुङ्गाको देवल र वाटाको साँध पश्चीम सहर मैदानको साँध उत्तर मुलगल्लीको साँध एति चार किल्ला भित्रको घरषा ११ जवा ३ चोक पाताल षा ६ जवा १ हात १।. तिनै पट्टीका पसल षा १० जवा ३ हात १५॥. पाताल षा ३ जवा १ हात २॥. संकल्प हुदाका रुजू ५ काजी अभिमानसिं वस्न्यात. न्याय केशरी पंडित, पानी हाल्न्या देवान वलभद्र साह संकल्प गराउन्या जज्ञश्वर पुरोहीत रघुनाथ पंडित हरिकृष्ण वैद्य सधियार छेमडेल हरिवंस उंपाध्या अधिकारी जयकृष्ण थापा. जैभद्र वोहरा काशिपाध्या षनाल. सत्ये घर रेग्मी विजयानन्द पाध्या वासकोटा नापन्या कर्मिनाईक्या. धनसिरिकृष्णं पंहरू गै साध सीवाध गरी वित्त भयाका १६।१७ वर्ष पछि डिठ्ठा साढ्या वैद्य सीत संग्रामसिको छोरो देवीदासले हाम्रा सुना वित्त लालमोहर गरी वक्स्याको वलमिच्या मनि अघिभयाका मोहर देषाइ पसल वाहाली गरेछ. ५८ सालमा तिम्रा वावा ६… वास गर्न जानालाई हजूरमा विदा हुदा … ७… वाट अघि वित्त वक्सदा. सांध किल्ला भीत्र पऱ्याका घर पसल थामी वक्सैको छ. छेभडेल थर घर जाई वाहाली चलाई देउ भनि हुकुम हुदा थर घर जेठा बुढा लक्ष्मिदास पंथ दल्या थापा मैदानी सभा पार्ला अनर्थ डिठ्ठावाट आयाका जनविन्नरसिं १ घनवन्त १ चिगटि १ अघिका सांध सिवाध वमोजिम देवीदास गैह्र नेवारहरूले वाहाली गऱ्याका पसल समेत साध घुमी वाहाली चलाइ दियाको रहेछ. फेरी नेवारहरूले मिच्याछन पछि ४ का

पावर रषवार—६••• वाट तिमी आउँदा अघि वक्स्या वमोजीम नेवारहरूले जफत गऱ्याका पसल समेत वक्स्यैको छ. वाहाली चलाईदेउँ भनि श्री जनरल भिमसेन थापा काजी दलभंजन पाडेलाई हुकुम हुदा सर्दार भैरवसिं वस्न्यातलाई षटाई•••८ दत्त कंपनीका हुदा सिपाही पठाई वाहाली भयाको रहेछ. अघि साध सिवाध भया वमोजीम आजतक षाई चर्चि आयाको घर देवीदास गैह्र नेवारहरूले सुनाविर्त्ताको मोहर तारपत्र छ भनि कचवच गऱ्याका पसल समेत सच्याई विर्त्ता घर पसलको मोहर गरी वक्स्याको ताम्वापत्र गरी वक्स्यौं. आफ्ना षातीर्ज्मासीत घर पसल संतान दर संतान सम्म विर्त्ता जानी भोग्य गर इती सम्वत् १८७५ साल मिती पौष वदि ४ रोज ४ शुभम्—

## वांध संख्या ६ अभिलेख सख्या २५० को ल. पु. ज्यावहालको शिलालेख

ॐ नमो वुद्धाय नमो धर्माय नमो शंघाय ।। तं वौधदेवममल प्रभसर्वमूर्ति ब्रह्मेन्द्रविष्णुशशिशेखररूपनिस्थं हेरंव सूर्य्यविधुशक्तिधरस्वरूपं चैत्तं नमामि सततं श्रुभदं नराणां ।। श्रेऽस्तु सम्वत् ८०० कार्तिकमासे कृष्णपक्षे पञ्चम्या तिथौ पोष्यनक्षत्रं श्रुक्लयोग्य वृश्रवासरे. थ्वकुन्हु श्रीचाखाहार चाकलं येता श्रीज्याथवाहार वहिरि ह्लवने श्री ३ चैते वाहार दयका व अहोरात्र यग्य याङाव प्रतिष्ठा याङा दिन ज्ञुरो ।। थ्व थाय शंवश्वकफरे जिर्ण उद्धार याङाव श्री ३ उमामहेश्वर स्थापना याङा ज्ञुरो। थ्ववेरस नेपारेश्वर श्रीमाणिग्लाधिपति श्री श्री जय श्रीनिवासमल्लदेव प्रभु ठाकुलस विजयराज्ये वेरस प्रमान भगीरथ भैया भारोस प्रज्याय वेल ज्ञुरो थवेरस चाखा वाहारया चाकर येता छेग्रा हरिनन्दन दुवार भारोसन थव इष्टदेवता प्रीतिन दुन्ता वाहार रिवि वुरो व १ ज ३ श्वारख्वात वुरो १ जव १ भुग विनता मयिन न्दुन्ता हुंग्जोल वातिक कर्षछि १ जव २ थ्वते वुया वरसानन वर्षपति कतिनिपुह्लिशिकुन्हु सख्वारन पास्य चाक्रमत छोयके प्वात १६ फरेस प्वात ३ पीथिगनस प्वात २ फरेस दान पितेमार सतिकुन्हु होम छोयके चफु छायमार गुरुवाहारजु मालाजु पनिह्ला ५ भोपस्केमार कार्तिक कृष्ण पंचनि कुन्हु देवपूजा यायमार थ्व देवपूजायाक ङाखाचोकया रत्नकरजु यात थ्व गुथित वाफं २७ वियमार ज्ञुरो प्रसेखंसे ह्लायात रेनके वाफं ७ मार थ्वतेया चितायाक ज्याथवहार विषुश्रीधरमुनिजु श्री देवजोतिजु श्रीसुषुरिदेवजु थ्वते भारवा चोस्यं तको मयातसा पञ्च महापातक लाक लोभ मयाकाल उत्तो त्तरजुरो शुभ ।।

# ABOUT THE AUTHORS

| | |
|---|---|
| Mr. John Sanday | – B. Arch., A. R. I. B. A. Project Adviser |
| Mr. Gyan Mani Nepal | – Research Scholar, Nepal. |
| Mr. Shankar Man Rajvanshi | – Editor, National Archives (Department of Archaeology) H. M. G., Nepal. |
| Mr. Bachchu Ram Sharma Dahal | – Sahayak Jyotishacharya, National Archives (Dept. of Archaeology) H. M. G., Nepal. |
| Mr. Ganga Prasad Chalise | – Sahayak Darshnacharya, National Archives (Dept. of Archaeology), H. M. G , Nepal. |
| Mr. Dharma Ratna Bajracharya | – Lab Assistance, National Archives (Dept. of Archaeology) H. M. G., Nepal. |
| Mr. Bhoopa Hari Paudel | – Research Scholar, Nepal. |

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, नृतत्त्वशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustartions (line drawing) may be sent. The typescript should be in double space and on one side of the paper only sent to:-

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.